# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शनिबार साउन १९, २०७५ | Saturday, August 4, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लागा ७ | वर्ष २४, अंक २०६ | पृष्ठ १२ | मूल्य रु १०/–



२ { मिल्लको देशमा मणि

५ { त्रिचन्द्र मिलिटरी अस्पताल पुन: सञ्चालन

९ { 'सूचनाको पहुँचमा जोड्न सके देश समृद्धितर्फ'

१० { तेल उत्पादनमा भारी कटौती




वर्षासँगै राजधानीमा यस्ता दृश्य थुप्रै देख्न पाइन्छ। पानीको निकास बन्द गरेर घर निर्माण भएपछि सवारी चालकले सधैं दु:ख पाउने गरेका छन्। यो दृश्य ललितपुरस्थित महापालको हो।
तस्वीर : उजोल डंगोल/काठमाडौं

# प्रधानन्यायाधीशमा जोशी अस्वीकृत

## जोशी राजीनामा नदिने मुडमा, राजनीतिक मुठभेड हुने संकेत

प्रशान्त वली, काठमाडौं

संसदीय सुनुवाइ समितिको इतिहासमा पहिलोपटक प्रधानन्यायाधीशको नाम अनुमोदन हुन सकेन। समितिको इतिहासमा प्रस्तावित प्रधानन्यायाधीश दीपकराज जोशीको नाम अस्वीकृत भएको यो पहिलो पटक हो।

संसदीय सुनुवाइ समितिले सुनुवाइ चित्तबुझ्दो नभएको भन्दै प्रस्तावित प्रधानन्यायाधीश जोशीलाई दुई तिहाइले अस्वीकृत गरेको हो। जोशीलाई अस्वीकृत गरेसँगै कतै विरोध त कतै समर्थनका आवाज आउन थालेको छ।

नेपाल बार एसोसिएसनले संसदीय समितिले न्यायपालिकामाथि हस्तक्षेप गरेको दाबी गरेको छ। एसोसिएसनले विज्ञप्तिमार्फत संसदीय सुनुवाइ समितिले न्यायपालिकालाई निर्देशन र नियन्त्रणमा राख्न खोजेको आरोप लगाएको छ।



विज्ञप्तिमा भनिएको छ- 'समिति राजनीतिक दलको वैचारिक आस्थाको आधारमा विभाजित भई सुनुवाइ अनुमोदन सन्दर्भमा मतदान प्रक्रिया अपनाउनु दु:खद विषय हो।' अधिवक्ता टीकाराम भट्टराईले संसदीय अभ्यासमा यो स्वाभाविक प्रक्रिया रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'समितिले अनुमोदन गर्ने कि नगर्ने निर्णय गर्न पाउँछ। हुन त यो नौलो घटना हो।' प्रस्तावित प्रधानन्यायाधीश जोशीलाई स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार समितिलाई दिइएको छ। पूर्वन्यायाधीश बलराम केसीले जोशी अस्वीकृत हुनु सामान्य कुरा रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'अब प्रधानन्यायाधीशको पद रिक्त भयो। जोशी अस्वीकृत हुनुभयो यो स्वाभाविक घटना हो।'

वरिष्ठ अधिवक्ता शम्भु थापाले न्यायाधीश नियुक्ति प्रक्रिया सस्तो गरिँदा समस्या बल्झिएको बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'कायममुकायम प्रधानन्यायाधीश जस्तो मान्छे शंकाको घेरामा बस्नुहुँदैन थियो। मुख्य कुरा त न्यायाधीश नियुक्तिमै खेलाँची गरिँदा अहिले यो अवस्था सृजना भएको हो।'

कांग्रेस सांसदले संयुक्तरूपमा विज्ञप्ति जारी गरी संवैधानिक परिषद्ले कानुनमा उल्लेख भएको योग्यता परीक्षण गरेर मात्र सिफारिस गरेको तर्क गर्दै योग्यता पुगेको कुरालाई बिनाकारण समितिले अस्वीकृत गरेकोमा आपत्ति जनाएका छन्।

(क्रमश: पृष्ठ ९ मा)

# इनारमा डुबेर तीनको मृत्यु

काठमाडौं, (नेस)

कपुरधारास्थित मेघवर्ण गौतमको घरको इनार सफा गर्ने क्रममा डुबेर ३ जनाको मृत्यु भएको छ।

इनार सफा गर्ने क्रममा मेघवर्ण, सोही ठाउँ डेरा गरी बस्ने भारत हाजिरपुरका अशोक कुमार र कैलाली टीकापुर नगरपालिका-८ का रमेश चौधरी डुबेर अशक्त भएपछि मेघवर्ण र अशोकको ग्रिनसिटी अस्पतालमा र रमेशको ग्रान्डी अस्पताल धापासीमा उपचारको क्रममा मृत्यु भएको थियो।

# अस्थायी, करार तथा ज्यालादारी कर्मचारी आन्दोलनमा

सुनील महर्जन, काठमाडौं

विभिन्न मन्त्रालयमा कार्यरत करिब ३२ हजार अस्थायी, करार तथा ज्यालादारी कर्मचारीको जागिर धरापमा परेको भन्दै त्यसका विरुद्ध ती कर्मचारीले सिंहदरबार ठप्प पार्ने उद्घोष गरेका छन्।

वर्षौंदेखि विभिन्न मन्त्रालयमा कार्यरत कर्मचारीलाई सरकारले अवकाश दिएपछि त्यसविरुद्धमा चरणबद्ध आन्दोलन गर्दै आएका उनीहरूले सरकारलाई पाँचदिने अल्टिमेटम दिएको शुक्रबार आयोजित पत्रकार भेटघाटमा जानकारी दिइयो। त्यति गर्दा पनि माग सुनवाइ नभए सरकारी सवारीसाधन सञ्चालनमा रोक लगाउने समेत अखिल नेपाल सरकारी अस्थायी, करार तथा ज्यालादारी श्रमिक संघले बताएको छ।

सरकारले संघदेखि जिल्ला र स्थानीय तहसम्मका कार्यालय खारेज र मर्ज भएपछि करार, ज्याला र अस्थायीमा

- सरकारको नाउँमा पाँचदिने अल्टिमेटम
- सिंहदरबार ठप्प पार्ने चेतावनी

कार्यरत ती कर्मचारी आवश्यक नभएको निष्कर्ष निकालेको थियो। यसबाट करिब ३२ हजार कर्मचारी प्रत्यक्ष प्रभावित हुने संघले जनाएको छ।

त्यस्ता कर्मचारी विभिन्न मन्त्रालयमा कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, चालकलगायत कार्यमा संलग्न रहेका छन्।

'२ सय ४० दिनभन्दा बढी काम गरेका अस्थायी, करार, ज्यालादारी र ठेकेदारी कर्मचारीलाई एकपटकका लागि स्वत: स्थायी गरिनुपर्दछ', संघका अध्यक्ष भूपाल रसाइलीले भन्नुभयो- 'अस्थायी र ज्यालादारी कर्मचारीले स्थानीय तह एवं प्रदेशमा समेत गएर सेवा गर्न चाहेका छन्, यसलाई सरकारले सदुपयोग गर्नुपर्दछ।'

उनीहरूले आफूसँग भएका पूर्वसहमति पालना नगरेको भन्दै आन्दोलनमा उत्रनुपरेको दाबी गरेका छन्।

(क्रमश: पृष्ठ ९ मा)

# ५ महिनापछि सरकारले पायो पूर्णता

गंगा बराल, काठमाडौं

साढे ५ महिनापछि केपी ओली सरकारले पूर्णता पाएको छ। प्रधानमन्त्री ओली गत फागुन ३ गते प्रधानमन्त्री बन्नुभएको थियो। ओलीले आफूसँगै लालबाबु पण्डितलाई वातावरण मन्त्रालयको र थममाया थापालाई महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको जिम्मा दिनुभएको थियो।

केही दिनपछि पण्डितलाई संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री बनाइयो र शक्तिबहादुर बस्नेतलाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइयो। ओलीले आफू प्रधानमन्त्री भएको ठीक १ महिनापछि दोस्रोपटक मन्त्रिमण्डल विस्तार गर्नुभएको थियो। झन्डै ४ महिनापछिमात्र संघीय समाजवादी फोरमलाई २ मन्त्रालय दिएर सरकारमा समावेश गरियो। फोरमलाई उपप्रधानमन्त्रीसहित स्वास्थ्य र शहरी विकास मन्त्रालय दिइएको छ। शुरूमा उपप्रधानमन्त्री नबनाउने अडान लिएका प्रधानमन्त्री ओलीले फोरमको चाहना पूरा गर्न र सरकारलाई बलियो बनाउन उपप्रधानमन्त्री पद बाँड्नुभएको भयो।

ओली पहिलोपटक प्रधानमन्त्री हुँदा ६ उपप्रधानमन्त्री बनाएर कीर्तिमान कायम गर्नुभएको थियो। तत्कालीन नेकपा (एमाले) का उपाध्यक्ष भीमबहादुर रावल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा (माले)का महासचिव चन्द्रप्रकाश (सीपी) मैनाली, फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार, राप्रपा नेपालका अध्यक्ष कमल थापा र एकीकृत माओवादीका नेता टोपबहादुर रायमाझी उपप्रधानमन्त्री भएका थिए।

(क्रमश: पृष्ठ ९ मा)

# भदौबाट धूवाँ फ्याँक्ने गाडीमाथि प्रतिबन्ध

काठमाडौं, (नेस)

सरकारले आगामी भदौ १ गतेबाट धूवाँ फ्याँक्ने सवारी साधन सञ्चालनमा रोक लगाउने भएको छ। सवारी साधनबाट निस्किने धूवाँको प्रदूषणबाट मानव स्वास्थ्यमा नै असर गर्नुका साथै वातावरणमा समेत प्रभाव पर्ने भएकाले धूवाँ फ्याँक्ने सवारी साधन सञ्चालनमा रोक लगाउन लागेको हो।

सरकारले काठमाडौं उपत्यका, सबै महानगरपालिका र उपमहानगरपालिकाभित्र सवारी साधन चेकजाँच गराई हरियो स्टिकर प्राप्त सवारी साधनले मात्र सञ्चालनको अनुमति पाउने भएका छन्।

यातायात व्यवस्था विभागले साउन १ गतेबाटै धूवाँ फ्याँक्ने सवारी साधन नियन्त्रण गर्ने तयारी गरे पनि चेकजाँच गराउने मेसिन सम्बन्धित कार्यालयमा नपुगेका कारण भदौबाट उक्त नियम लागू गर्न लागेको हो।

यायातात व्यवस्था विभागका प्रवक्ता तुलसीराम अर्यालले प्रदूषण जाँचसम्बन्धी उपकरणहरू सबै यातायात कार्यालयका पुग्ने क्रममा रहेको बताउँदै भदौ १ गतेबाट हरियो स्टिकरबिना चारपाङ्ग्रे सवारीसाधन सञ्चालन गर्न नपाइने बताउनुभयो।

उहाँले भन्नुभयो- 'सवारी चेकजाँच गर्ने उपकरण सञ्चालन गर्ने कर्मचारीले तालिम लिइसक्नुभएको छ, उपकरण पनि सम्बन्धित कार्यालयमा पुग्ने क्रममा छ, भदौ १ गतेबाट नियम लागू हुन्छ।'

उहाँले काठमाडौं उपत्यका, सबै महानगरपालिका र उपमहानगरपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण चारपाङ्ग्रे सवारीका साधनलाई अनिवार्यरूपमा आफूलाई पायक पर्ने यातायात व्यवस्था कार्यालयमा गएर सवारी साधन चेकजाँच गरी हरियो स्टिकर लिएर मात्र सवारी साधन सञ्चालन गर्न आग्रह गर्नुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# शुरू भयो दरबार स्कुलको पुनर्निर्माण

## सुरसार नै छैन रानीपोखरी

ईश्वरराज ढकाल, काठमाडौं

रानीपोखरीको सामुन्नेमा रहेको दरबार हाइस्कुल पुनर्निर्माण शुरू भएको छ। दरबार हाइस्कुल अगाडि रहेको रानीपोखरी कहिलेबाट पुनर्निर्माण हुन्छ अत्तोपत्तो छैन।

सरकारको कमजोरीका कारण रानीपोखरी पुनर्निर्माण अझै अनिश्चित भएको छ। कहिले नेपाली सेनाले बनाउने त कहिले कामपाले भन्ने हल्लाले रानीपोखरी पुनर्निर्माण अनिश्चित भएको हो।

कामपाको स्वामित्वमा रहेको रानीपोखरी साउनमै बनाउने हल्ला थियो। तर ड्रइङ डिजाइन तयार नभएका कारण बनाउन नसकिएको बताउँदै आएको कामपाले भदौमा बल्ल टेन्डर खोल्ने तयारी गरेको छ।

पुरातत्त्व विभागले गएको चैत ६ गते उपलब्ध गराएको नक्सा पुनरावलोकन गरी नयाँ नक्सा तयार गरिसकेको छ। 'अब



ढिलोमा एक महिनाभित्र टेन्डर निकाल्नेछौं।' -कामपा पूर्वाधार विभाग प्रमुख रामबहादुर थापाले भन्नुभयो।

उहाँले नेपाली सेनाले बनाउने भन्ने विषय हल्ला मात्र भएको बताउँदै अब टेन्डर प्रक्रियाबाटै काम अघि बढ्ने दाबी गर्नुभयो।

दरबार स्कुल पुनर्निर्माण गर्ने विषयमा पनि विवाद भएको थियो। पछि सहमति भएपछि बल्ल पुनर्निर्माण शुरू भएको हो। काठमाडौं महानगरपालिकाले अन्डरग्राउन्ड बनाउनैपर्ने जिकिर गरेकाले केही समय विवाद भएको थियो।

लगत्तै कामपा, पुरातत्त्व विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सहमतिपछि पुनर्निर्माण गर्ने सहमति भएको थियो।

चीन सरकारको ९० करोड १० लाख रुपियाँ लागतमा पुनर्निर्माण हुन लागेको हो। राणा प्रधानमन्त्री जंगबहादुरले राणा परिवारलाई पढाउन खोलेको सो विद्यालयमा भानु मावि र संस्कृत मावि गरी दुईवटा विद्यालय सञ्चालन छन्। १ सय ६५ वर्ष लामो इतिहास बोकेको सो विद्यालय राणाकालीन शैलीमा नै पुनर्निर्माण हुनेछ। चीन सरकारले करिब २० महिनामा पुनर्निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ।

मुलुककै जेठो विद्यालय दरबार हाइस्कुलको पुनर्निर्माणको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल र नेपालस्थित चिनियाँ राजदूत यु होङले संयुक्त रूपमा शिलान्यास गरे।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर

{ केटीले आफ्नो पछि लाग्ने इशारा मात्र गरिन्। इन्द्र रूपवतिको पछि लुरुलुरु लागे। त्यस्तो हिमालको टुप्पोनजिक एक जोडी प्रेम आलिंगनमा चुर्लुम्म डुबेको देखे। आफू आएको पनि नदेखेका उनीहरूदेखि इन्द्रलाई रिस उठ्यो।

Go Ahead

# भिल्लको देशमा मणि



कमल ढकाल
dhakal_kamal@hotmail.com

'एउटा मान्छे जन्मँदा ४ अरब शुक्रकिटलाई जित्छ र जन्मँदै विजेता बनेर आएको हुन्छ।' महान् विद्वान टोनी बुजानले भनेको यो कुराबाट थाहा लाग्छ कस्तो शक्तिशाली छ मान्छे। आफ्नै शक्ति नचिनेर ऊ कस्तुरीझैं यहाँ र उहाँ हिँड्दा मान्छे कमजोर बनेको छ।

लक्ष्य थाहा नपाएर भ्रममा भौतारिइरहेको छ मान्छे। लक्ष्य लिएको मान्छे त्यो नभेटेसम्म हिँडिरहन्छ। लक्ष्यबाट विचलित हुनेको गति कस्तो हुन्छ भन्नेबारे एक कथा यस्तो छ। एकपटक देवराज इन्द्र यमराजलाई विशेष कामले भेट्न गएछन्। बाटोमा नदी थियो। नदीको किनारमा यमराज थिए। हिँड्दै गरेका इन्द्रले बाटोमा सुनको कमल फूल उल्टो गतिमा गइरहेको देखे। मनमा प्रश्नले लखेट्यो। कहाँ जान्छ यो फूल आज? पछ्याउँ न त। फूलको पछि-पछि जाँदा इन्द्र हिमालयको छेउमा पुगे। त्यो एकलासको ठाउँमा अत्यन्त रूपवति केटी रोइरहेको देखे। इन्द्रलाई को हुन् यी किन रोइन् बुझ्न मन लाग्यो। सोधि पनि हाले। केटीले आफ्नो पछि लाग्ने इशारा मात्र गरिन्। इन्द्र रूपवतिको पछि लुरुलुरु लागे। त्यस्तो हिमालको टुप्पोनजिक एक जोडी प्रेम आलिंगनमा चुर्लुम्म डुबेको देखे। आफू आएको पनि नदेखेका उनीहरूदेखि इन्द्रलाई रिस उठ्यो। म त इन्द्र पो हुँ। मेरोअगाडि यस्तो। इन्द्र चिच्याए। को हो तिमीहरू ? जब त्यस जोडीले इन्द्रलाई हेरे। सातो पुत्लो उड्यो इन्द्रको। जोडी त शिव पार्वती पो रहेछन्। शिवजीले श्राप दिए। देव योनीबाट मानव योनीमा जन्म हुनुपरोस्।

कहाँ हिँडेका इन्द्र कहाँ गएर फसे। कारण एउटै थियो। लक्ष्यबाट विचलित भई अन्य आकर्षित कुरामा भुल्दै गएका कारण न किनारपारिका यमराजलाई भेटे। न अरू देखिएका कुराबाट नै सन्तोष मिल्यो।

३५ वर्षदेखि एउटै क्षेत्रमा लागेर सफलताको मीठो फल चाखेका डक्टर ऋषि कोइरालाले यो कथा पढे पनि नपढे पनि व्यवहारमा लक्ष्यबाट कहिल्यै विचलित भएका रहेनछन्। त्यसैले त आयुर्वेदिक औषधिलाई मान्छेले त्यति मतलब नगरेको वर्तमान समयमा डक्टर ऋषि भने विदेशीलाई क्यु लगाएर नेपालमा उपचार गर्दैछन्। वर्तमान डिप्रेसिभ राजनीतिले गोरो छाला देख्नेबित्तिकै जी हजुरी गर्नेबीच डक्टर ऋषि त्यस्ता नेपाली हुन् उपचार गराउन विदेशीहरूले उनलाई खर्च दिएर बोलाउँछन्। उपचारकै लागि डक्टर ऋषि क्यानडा, अस्ट्रिया जापान र जर्मनलगायतका २४ देश गइरहन्छन्।

सुन्नेलाई अचम्म लाग्न सक्छ उपचार गराउन नेपाली आयुर्वेदका डाक्टर विदेशमा। हीन मनोग्रन्थीले ग्रसित नेपालीका बीचमा डाक्टर ऋषि एक ग्लुकोज हुन् जसको नामले पनि नेपाली हुनुको आनन्द आउँछ। उनले संसारका विभिन्न मुलुकमा गई वर्षौंदेखि चुपचाप हजारौं विदेशीलाई उपचार गराइसकेका रहेछन्। विभिन्न देशमा एक विज्ञको हैसियतमा जाने उनलाई अस्ट्रियाको भियनास्थित लेडी गाइड म्यागाजिनकी चिफ इडिटर सिल्भिया सिमा कार्लले नेपालमा किन जाने आयुर्वेदका लागि भारत र श्रीलंका पनि त राम्रो छ नि ? भन्ने प्रश्न गरेकी रहिछन्। यस्तो प्रश्नमा देशभक्तिले भरिपूर्ण डाक्टर ऋषिले नेपाल हेल्थ टुरीजमका लागि राम्रो ठाउँ रहेको बताएका रहेछन्। आयुर्वेदिक औषधिको इतिहास वेदसँग जोडिएको छ। त्यसमा प्राचीन ऋषिमुनीहरूले हिमालका जडिबुटीबाट आयुर्वेदिक औषधि बनाउने लेखिएको छ। नेपाल हिमालयन कन्ट्री भएकाले नेपालमा आउनुले विशेष महत्त्व राख्छ।

ऋषिको ज्ञानले बाहिरकालाई जति महत्त्व राखेको छ नेपालीलाई भने धेरै कम। धापासीको शहन्शाह होटलनजिकै रहेको उनको आयुर्वेदा होममा नेपालीको भन्दा विदेशीको ताँती देख्दा आफैं पनि चकित परियो। डाक्टर कोइरालाले भन्दै थिए- 'भर्खर गएकी ती गोरी जर्मनकी नमुद प्रोफेसर हुन्।, लाग्यो हीराको महत्त्व नजिक बस्नेले थाहा नपाउनेरहेछ। टाढाबाट नै टल्कनपर्ने रहेछ। १७ राष्ट्रका मान्छे एक दिनदेखि ३५ दिनसम्म उपचार गरेका छन् उनको क्लिनिकमा। नेपालीलाई त्यत्ति सुइँको नै छैन।

प्राइभेटमा नेपालको पहिलो मानिएको आयुर्वेदा होमले दिनदिनै तरक्की गर्दैछ। चुपचापसँग। जापानकी जुन्को तावेईदेखि

> सरकारलाई भने डाक्टर ऋषिजस्तो मान्छे भिल्लको देशमा मणिझैं भएको छ। माल पाएर पनि चाल नपाएपछि डाक्टर ऋषिको स्वास्थ्य क्षेत्रमार्फत देश नै धनी बनाउन सकिने सपना थाति नै रहेको छ।

विभिन्न देशका प्रोफेसर अनि विदेशका मन्त्री आउँदै जाँदै गर्छन् यहाँ। संसारका प्रख्यात ती हरेक मान्छेलाई उनी पनि केवल बिमारीको ढंगमा समान व्यवहार गर्दै पठाउँछन्। आएका बिमारीको थप प्रचार गर्दा भीड बढ्दै गएको छ।

जन्मँदै जर्नेल हुने परिवार हैन ऋषिको। लमजुङ किरिचेको दोरा डाँडा पारिपट्टिको मध्यम परिवारमा जन्मेका उनका बाबुआमा सानैमा बिते। दाजुको काखापोल्टामा हुर्केका ऋषिको नवलपरासी सरेपछि त्यही नै शिक्षादीक्षा भयो। ६ भाइमध्ये काइँलो थिए ऋषि। जेठो दाजु हेमराज कोइराला प्रजातान्त्रिक आन्दोलनका कारण जेल जेल परे। राजैतिक संस्कार बोकेको परिवार भएकाले पनि पढ्नैपर्छ भन्ने ऋषिमा परेको थियो।

उमेरले कसलाई पो छोड्छ र ? गरे पनि नगरे पनि बढ्छ। स्कलरसिप लिएर नरदेवीमा पढेका ऋषि आयुर्वेदमै तानिँदै गए। जहाँ गरे पनि राम्रो गर्न सक्छु भन्ने जब मान्छेले सोच्छ मान्छे स्वतः राम्रो बन्दै जान्छ।। १० वर्षको इतिहासमा सबैभन्दा बढी मार्क ल्याएको मान्छेमा उनी नै गनिए। कोलोम्बो प्लानबाट ग्वालिअरको युनिभर्सिटी पढे। पढेर फर्केपछि आयुर्वेदमा अधिकृत भए। नरदेवी आयुर्वेदिक अस्पतालमा काम गर्न थाले। १३ वर्ष खाएको सरकारी जागिर छाडे। ६ दशक प्लसका ऋषिका दुवै छोरा आ-आफ्नो काममा लागिसके।

राम्रो गर्नुपर्छ, जैले पनि दिन आउँछ। बनारसमा पढ्दा मेहनत गरेर रिसर्च गरेका थिए डाक्टर ऋषिले। रिसर्च देखेर बनारसबाट जर्मनीहरू उनलाई लिन नेपाल आए। जर्मनीलाई उपचार गराउन जान आउने गर्छन् उनी। अहिले आयुर्वेदा होममा जर्मनको सहयोग छ।। विगत डेढ दशकदेखि आयुर्वेदा होम मज्जाले चलिरहेको छ। ४ जनाबाट शुरू गरेको ठाउँमा अहिले ६० प्लस स्टाफ छन्। राजधानीबाहिर पोखरामा पनि खोलिएको छ। सरुवा रोग र २४ घन्टा एटेन्सन दिनुपर्ने रोगबाहेक अरू सब उपचार हुन्छ।

अस्पताल, एकेडेमी, रिसर्च सेन्टर बनाउन ऋषिमार्फत ८२ करोडको प्रोजेक्ट आएको थियो विदेशी सहयोगमा। आफ्नो देशमा आउने कामलाई पनि सरकारी तवरबाट असहयोग हुँदा त्यत्तिकै तुहियो। जपानी प्रोजेक्ट हार खाएपछि फेरि ६२ करोडको नेसनल आयुर्वेद रिसर्च सेन्टरको प्रपोज आयो त्यो पनि असहयोगका कारण बन्न सकेन। ऋषि आफैंमा आयुर्वेद क्षेत्रको एक कल्पवृक्ष हुन्। जसको फेंदमा बसेर सरकारले र जनताले धेरै फाइदा लिन सक्छन्। विदेशीले अहिले पनि उनलाई ६० मिलियनको प्रोजेक्टको इन्टरनेसनल कन्सल्टेन्ट बनाउँदैछन्। सरकारलाई भने डक्टर ऋषिजस्तो मान्छे भिल्लको देशमा मणिझैं भएको छ। माल पाएर पनि चाल नपाएपछि डाक्टर ऋषिको स्वास्थ्य क्षेत्रमार्फत देश नै धनी बनाउन सकिने सपना थाति नै रहेको छ।

जैविक विविधताले भरिपूर्ण यो देशमा हेल्थ टुरिजम गर्न सकिने आयुर्वेदको विश्वविद्यालय र रिसर्च सेन्टर डेभलप गरेर संसारलाई आकर्षित गर्न सकिने उनका कुरा कसैले सुनिरहेका छैनन्। अरूले नसुने पनि भाइ बद्री र केही जर्मन सहयोगीलाई लिएर गरेको यो धिपधिपे दियोजस्तै आयुर्वेदा होमले भए पनि नेपालको नाम विश्वभर चिनाएको छ।

# भारतमा नेपाली किड्सलाई उपाधि

हालै भारतमा सम्पन्न *लिटिल अस्थेटिक्स किड्स फेसन रनवे* तथा *टिन एस्थेटिक किड्स फेसन रनवे*मा सहभागी नेपाली प्रतिस्पर्धी उपाधिसहित नेपाल फर्किएका छन्।

भारतमा कामाक्षले आयोजना गरेको *लिटिल एस्थेटिक्स किड्स फेसन रनवे*मा नेपालकी साइब्या घिमिरेले उपाधि जित्न सफल भइन्। ५ देशबाट सहभागी ५२ जना प्रतिस्पर्धीबीचबाट घिमिरे विजेता बन्न सफल भएकी हुन्। त्यसैगरी यसै प्रतिस्पर्धामा नेपालकै अर्का प्रतिस्पर्धी सुरेन्द्रकुमार श्रेष्ठ *सेकेन्ड रनर्सअप* भए। लिटिलतर्फ नै नेपाली प्रतिस्पर्धी नमन मित्तलले *बेस्ट फोटोजेनिक* टाइटल जिते।

एकैसाथ सम्पन्न २ इभेन्टमा ५ जना नेपाली प्रतिस्पर्धीले उपाधिका साथमा अन्य विधाका पनि टाइटल हात पारेका छन्। *टिन एस्थेटिक्स किड्स फेसन रनवे*मा भने नेपाली प्रतिस्पर्धी प्रेजु कायस्थ दोस्रो भइन्। त्यसैगरी नेपालका तर्फबाट प्रतिस्पर्धामा भाग लिएकी महिमा बज्राचार्यले यस विधामा *ट्यालेन्टेड पर्सनालिटिज* जित्न सफल भइन्। गत वैशाखमा रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजनामा काठमाडौंमा सम्पन्न



*लिटिल प्रिन्स एन्ड प्रिन्सेज नेपाल* र *टिन प्रिन्सेज डिभा*का विजयी प्रतियोगीले भारतमा *किड्स फेसन रनवे* प्रतिस्पर्धामा भाग लिएका हुन्। नेपालका विजयी प्रतियोगीको हैसियतले ५ जना प्रतिस्पर्धीलाई रेडियन्ट इभेन्ट म्यानेजमेन्टले भारतमा सो प्रतियोगितामा सहभागिताका लागि लगेको हो। नेपालबाट प्रतिस्पर्धामा भाग लिएका पाँचै जना प्रतिस्पर्धी कोही खाली हात भएनन्।

भारतमा सम्पन्न प्रतियोगितामा पनि नेपाली प्रतिस्पर्धीका लागि नेपालका इन्टरनेसनल कोरियोग्राफर साथै रेडियन्ट इभेन्ट म्यानेजमेन्टका फाउन्डर डाइरेक्टर राज फैजुले कोरियोग्राफी गरेका थिए भने प्रतिस्पर्धीको ड्रेस डिजाइन श्रीषा बैदार फैजुले गरेकी हुन्। प्रतियोगितामा नेपाल र भारतका साथै दुबई, सिंगापुर र मलेसियाबाट समेत जम्मा ५२ जना प्रतिस्पर्धीको सहभागिता रहेको थियो।

# लोकदोहोरीमै मजजा

*फुलबुट्टे रातो साडीमा, लैजाउँकी कान्छीलाई बुटवल हुँदै पाल्पा गाडीमा* गीतबाट लोकदोहोरी क्षेत्रमा स्थापित प्रमिला राई १६ वर्षदेखि यही क्षेत्रमा रमाउँदै आएकी छिन्। काठे, पूर्वेली र पश्चिमेली लोकगीत मात्र हैन, आधुनिक गीत गाउन पनि उत्तिकै सिपालु प्रमिला केही वर्ष वैदेशिक रोजगार र फिल्म क्षेत्रमा हराइन्। तर अहिले फेरि छाएकी छिन्।

दोहोरी गीत गाउने रहरका साथ खोटाङको राखा बाङदेलबाट २० वर्षअघि काठमाडौं आएकी प्रमिलाका शुरूका दिन संघर्षमै बिते। विभिन्न दोहोरी साँझमा राति अबेरसम्म गीत गाउँदा गाउँदै खारिएकी उनलाई पूर्वेली भनेर पश्चिमेली कलाकारले हेपेको पीडा ताजै छ। 'पूर्वेलीले पश्चिमेली भाकाको गीत गाउन सक्दैनन् भन्दै हेप्थे', प्रमिला विगतको स्मरण गर्दै भन्छिन्- 'मैले शुरूमा गाएको *फुलबुट्टे रातो साडीमा* पश्चिमेली गीत चर्चित भएपछि बल्ल सिनियर भनिने कलाकारले लगाउने आरोप घट्न थाल्यो।' अहिले आफ्नै शब्द संकलन, संगीत र स्वरमा केही गीत रेकर्ड गर्ने अन्तिम तयारी गरेकी उनी पछिल्लो समय लोक दोहोरीमा भने निरन्तर लागिरहेकी छन्। कलाकार नीलमणि भण्डारीसँग सहकार्य गरी स्टक नेपाल रोधीघर सञ्चालन गर्दै आएकी प्रमिला स्टक नेपाल डट कममार्फत दिनको एउटा लाइभ दोहोरी सञ्चालन गरिरहेकी छन्। मोडलिङमा पनि उत्तिकै रुचि राख्ने



प्रमिला पछिल्लो समय लोकदोहोरी कलाकारको क्रेज घटेको र स्रोता दर्शक पनि घटेको दाबी गर्छिन्।

नाछिरिङ राई जातिको जन्मदेखि मृत्युसम्मको भेषभूषा, भाषा र संस्कृति सबै समेटिएको पहिलो डकुमेन्ट्री बनाउने पनि उनै प्रमिला हुन्।






## शुभारम्भ

नायिका वर्षा शिवाकोटी कलाकार एञ्जिला गौतमद्वारा राजधानीमा सञ्चालनमा ल्याइएको अरिका बुटिकको शुभारम्भ गर्दै।

PAGE 3

## साथ-साथ

अभिनेता सुनिल थापा र कोरियोग्राफर तथा अभिनेता प्रशान्त ताम्राकार एक कार्यक्रममा।





# सारिकालाई टिनको ताज

प्लस टुका किशोरीहरूबीच राजधानीमा आयोजित सौन्दर्य प्रतियोगितामा सारिका भौकाजीले *मिस टिन प्लस टु*को ताज चुमेकी छिन्। स्टार वन इन्टरटेनमेन्ट प्रालिले जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना गरेको प्रतियोगितामा उनी *बेस्ट स्पिच* र *बेस्ट हेयर* विजेतासमेत भएकी छिन्।

प्रतियोगितामा मेरिना सुवेदी *फस्ट रनर्सअप*सहित *बेस्ट स्किन* र *मस्ट क्रियटिभ,* स्मृति पराजुली *सेकेन्ड रनर्सअप*सहित *बेस्ट स्माइल,* अर्चना पाठक *थर्ड रनर्सअप*सहित *मिस फोटोजेनिक* र *भ्युअर्स च्वाइस* तथा लक्ष्मी सेवा *मस्ट पपुलर* र *मल्टिमिडिया च्वाइस* भएका छन्। प्रतियोगितामा कमला तामाङ *मिस ट्यालेन्ट,* सभ्यता भण्डारी *र्‍याम वाक* र *मिस कन्जिनियालिटी,* इसु लामा *मस्ट फ्रेन्डली,* रोजिना गमाल *युथ विथ रेस्पोन्सिबिलिटी,* अन्विसा रावल *मस्ट गर्जियस,* ऐश्वर्य थापा *बेस्ट सिंगर,* शिक्षा आचार्य *मस्ट आइकोनिक आइज,* रोशनी श्रेष्ठ *फेसन आइकन,* दीपिका अधिकारी *मस्ट डिसिप्लिन,* चन्द्रीका रावल *मिस ब्युटिफुल,* कुसुम क्षेत्री *सोसियल वेलफेयर एमबेसडर,* निरु कुचिकार *बेस्ट फिटनेस,* सदीक्षा सिंह *बेस्ट पर्सनालिटी* र *युट्युब भ्युअर्स च्वाइस* तथा निमी शाक्य *बेस्ट फिजिक* भएका छन्।

बालकृष्ण पोखरेलको संयोजन तथा अश्विनी झाको कोरियोग्राफी र कार्यक्रम सञ्चालनमा सम्पन्न प्रतियोगितामा गायक आनन्द कार्कीले गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए। प्रतियोगितामा गायक आनन्द कार्की, अधिवक्ता तथा अभिनेता कृष्ण ढुंगाना, लायन्स क्लबकी प्रथम महिला गभर्नर सुष्मा शर्मा, डा. शान्ता सापकोटा, पूर्ण लामा र हिसानका अक्ष्यक्ष युवराज शर्मा निर्णायक रहेका थिए।

# निर्जलाको गीतमाथि स्पर्धा



रिलिजका लागि तयार फिल्म *निर्जला*मा समावेश *भाले मोटर* बोलको गीतको कभर भिडियो प्रतियोगिता घोषणा गरिएको छ। राजु गिरीको निर्देशनमा प्रकाशचन्द्र न्यौपानेले निर्माण गरेको फिल्मको सो गीत राजधानीमा अयोजित एक समारोहबीच प्रदर्शन गरिएको थियो।

भिडियोमा किशोर खतिवडा, शुभेच्छा थापा र निक शर्माले नृत्य गरेका छन्। सलिलसुन्दर तुलाधर र सवनम आचार्यको स्वर रहेको गीतमा बाबुल गिरीको शब्द र संगीत रहेको छ भने यसको भिडियोको कोरियोग्राफी क्रान्ति केसीले गरेका छन्। आगामी असोज १९ गते प्रदर्शन हुने फिल्मको सो गीतको कभर भिडियो भदौ दोस्रो सातासम्म साइराम पिक्चर्सको इमेलमा पठाउनुपर्ने प्रावधान छ। निर्माता प्रकाशचन्द्रले प्राप्त भिडियोमध्ये प्रथम हुनेलाई नगद ५० र दोस्रो हुनेलाई ३० हजार रुपियाँ पुरस्कार प्रदान गरिने जानकारी दिए। कभर भिडियोका विजेतालाई आफूले निर्माण गर्ने नयाँ फिल्ममा उचित भूमिका पनि दिइने निर्माता प्रकाशचन्द्रले बताए। गाउँले परिवेशको कथामा निर्माण गरिएको फिल्ममा किशोर, शुभेच्छा र निकका साथमा श्याम राई, पल्पसा डंगोल, रश्मी भट्ट, राजकुमार थापा, राजेन्द्र गिरी, भीम खनाल, वाले तामाङ, तिलक कोइराला, अञ्जली घिसिङ, प्रेम पौडेल र बालकलाकार काजल गिरीले अभिनय गरेका छन्। कार्यक्रममा फिल्मका संगीतकार तथा गायक बाबुलले निर्जलाको शीर्ष गीत, दशैं गीत र भाले मोटर पनि गाएका थिए।

# बक्स अफिस लागे पनि फर्जी टिकट !

नेपाल चलचित्र पत्रकार संघले बिहीबार राजधानीमा एक कार्यक्रम गरी गत साउन १ बाट लागू भएको बक्स अफिस प्रणालीमाथि बहस चलाएको छ।

बहसमा चलचित्र विकास बोर्डले आगामी ३ महिनाभित्र फिल्म व्यवसायीले रियल टाइम डाटा कलेक्सन हेर्न पाउने जनाएको छ। बोर्डकी अध्यक्ष निकिता पौडेलले केही प्राविधिक समस्याका कारण रियल टाइममा रिपोर्ट हेर्न समय लाग्ने बताइन्। 'सफ्टवेयरको समस्या सुल्झिसकेको छ, हल व्यवस्थापनको पाटोमा केही समस्या देखा परेका छन्, जुन सुल्झन ३ महिना लाग्न सक्छ' -पौडेलले भनिन्। विकास बोर्डका बक्स अफिस कन्सल्ट्यान्ट मनिष पण्डितले अहिले १ घन्टा ढिला गरी रिपोर्ट आइरहेको बताए।

भैंरे फिल्मका निर्माता निर्देशक एभरेस्ट सूर्य बोहराको बक्स अफिस लागू भएपछि पनि दर्शकले फर्जी टिकट काटेर हलमा प्रवेश गरेको फेला पारेको गुनासोमा पौडेलले अनौपचारिकरूपमा यो समस्याका बारेमा जानकारी भए पनि सम्बन्धित पक्षबाट लिखित उजुरी नआउँदा कारबाही गर्न अफ्ठेरो परेको बताइन्। नेपाल चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारीले बोर्डले ३ हप्ताको समय माग गरेकाले देखिएका समस्यामाथि प्रतिक्रिया नजनाएको बताए। उनले निर्मातालाई बक्स अफिसका विषयमा आवश्यक जानकारी दिन ओरिएन्टेसन कक्षाको तयारी गरिरहेको समेत बताए।

नेपाल चलचित्र संघका अध्यक्ष प्रदीप उदयले नेपालमा लागू बक्स अफिस विश्वमै सरकारका तर्फबाट लागेको पहिलो बक्स अफिस भएको चर्चा गर्दै नियत सफा नभएसम्म सानातिना समस्या आइरहने बताए। 'धेरै साथीले हलमा मात्रै समस्या छ भन्ने हिसाबले आफ्नो कुरा राख्नुभयो, त्यो सही हैन। नेपालमा नीतिको कुरा मात्र गरेर हुन्न। व्यावहारिक छ कि छैन भन्ने कुरा पनि हेर्नुपर्छ', उदयले भने- 'नेपालका त्यस्ता ठाउँमा पनि हल छन्, जहाँ फोन र इन्टरनेटको सुविधा छैन। अब यस्ता ठाउँबाट हिसाब तुरुन्तै आएन भनेर कचकच गर्नु राम्रो होइन। बक्स अफिसको शुरुआत भएको छ। यो आउनेबित्तिकै पूर्ण हुन्छ भन्ने नठानौं।'

# मेकअपमा लक्ष्मी विजयी

*ब्राइडल मेकअप कम्पिटिसन-२०१८* को उपाधि चितवनकी मेकअप आर्टिस्ट लक्ष्मी पौडेल पोखरेलले जितेकी छन्। काठमाडौंमा लक्ष्मीले उत्कृष्ट भएबापत ११ हजार १ सय ११ रुपियाँसहित क्राउन र विभिन्न उपहार प्राप्त गरेकी छन्। प्रतियोगितामा महाराजगन्ज काठमाडौंकी मेकअप आर्टिस्ट शोभा श्रेष्ठ *फस्ट रनर्सअप* हुँदै ६ हजार ६ सय ६६ रुपियाँ र कालिमाटी काठमाडौंकी शोभा बस्नेत *सेकेन्ड रनर्सअप* हुँदै ४ हजार ४ सय ४४ रुपियाँसहित विजयी भए।

ब्युटी न्युज नेपालको प्रस्तुति रहेको प्रतियोगिताको निर्णायकमा ब्युटिसियनद्वय डा. राजश्री श्रेष्ठ, ब्युटिसियन रश्मिला श्रेष्ठ, नेपाल कस्मेटिक व्यवसायी संघका अध्यक्ष रञ्जित पौडेल, नेचर इसेन्स/करल इसेन्सका कन्ट्री निर्देशक रमेश उप्रेती र मेकअप आर्टिस्ट श्याम बराल थिए।

मेकअप आर्टिस्ट तथा ब्युटिसियनहरूको बेहुली शृंगार कलालाई बाहिर ल्याउन यो एकदिवसीय प्रतियोगिता गरिएको आयोजकले जनाएका छन्। ब्युटिसियन डा. राजश्री श्रेष्ठले हिजोआज बेहुली पनि शृंगारमा राम्रो हुनुपर्ने प्रचलन बढेकाले यस्ता प्रतियोगिताले ब्युटिसियनलाई बेहुली शृंगारमा दक्ष र सफल बनाउन मद्दत पुर्‍याउने चर्चा गरिन्। आयोजक सुमित्रा रञ्जितकारले कार्यक्रममा बेहुली शृंगार निकै जटिल कार्य भएको र बेहुली शृंगारको पनि प्रतिस्पर्धा बढ्न थालेकाले मेकअप आर्टिस्टलाई अझ दक्ष बनाउन ब्राइडल मेकअक प्रतियोगिता गरिएको बताइन्।

आयोजकमध्येकी सोनी कारञ्जितले प्रतियोगी सबैले राम्रो काम गरेको र यसले ब्राइडल मेकअप अझ कसरी राम्रो गर्ने भन्ने अनुभव मेकअप आर्टिस्टलाई गराएको बताइन्। ब्युटी सेक्रेट ब्युटी सलुन खिचापोखरी, रोज सिप विकास तामिल केन्द्र रवि भवन, रविना ब्युटी पार्लर एन्ड ट्रेनिङ सेन्टर पेप्सीकोला, कलंकी ब्युटी पार्लर एन्ड ट्रेनिङ सेन्टर कलंकी, ओम शान्ति ब्युटी सलुन सल्लाघारी र विक्षण क्रिएसनले यो प्रतियोगिताको आयोजना गरेको हो।




कामना GAIJATRA 35 Th EDITION
ENTERTAINING NEPALESE SINCE 1984

आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुर्‍याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लट्ठिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

**व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस**
**जनतामारा फटाहालाई जति सक्छौ घोच।**
**छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र**
**यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।**

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# साहित्य

श्रेष्ठ व्यक्तिसँग माग्नु राम्रो हो,
चाहे माग पूरा नहोस्। तर अधम
व्यक्तिसँग माग्नु राम्रो होइन, चाहे
माग पूरा होस्।
– कालिदास

अस्वस्थ कल्पनाले मानिस पागल
हुन्छ, स्वस्थ कल्पनाले हुन्छ कवि।
– लक्ष्मी प्रसाद देवकोटा

व्यक्ति वृत्त


## यादव खरेलका गतिशीलताहरू

मोहन दुवाल

काभ्रेपलाञ्चोकको खरेलथोक। प्रख्यात पलाञ्चोक भगवतीको आसपासमा रहेको गाउँ। जहाँ खरेलहरूको बाहुल्यता रहेको गाउँ भएकैले गाउँको नाउँ रह्यो खरेलथोक। खरेलहरू चेतनशील र शिक्षित रहेकै कारणले धेरै क्षेत्रमा यिनीहरूले राष्ट्रिय कीर्तिमान कायम गरे। प्रहरी सेवामा आईजीपी रहेर सेवा गरे अच्युतकृष्ण खरेलले, उनी यादव खरेलकै भाइ हुन्। गीत लेखनमा किरण खरेलले आफ्नो राष्ट्रिय नाम बनाए। गायन क्षेत्रमा दीपक खरेल। भक्ति साहित्यमा भारती खरेल। समीक्षा विधामा सुशीला खरेल (भट्ट) को नाउँ जगजाहेर रहेकै हो। प्रशासनिक सेवा र समाज सेवामा चन्द्रिकानन्द खरेल भनेझैँ राजनीतिमा राजेन्द्र खरेलको नाम अविस्मरणीय छ। थुप्रै नामहरू छन्/होलान् उल्लेख गर्नलायकका। मैले सन्दर्भमा केही नामहरू मात्र उल्लेख गरें। यही खरेलथोकका अत्यन्त आदरयोग्य र धेरै क्षेत्रमा आफ्नो नाम बनाउन सफल व्यक्तित्व हुन् यादव खरेल।

यादव खरेलको जन्म वि.सं. १९९९ फागुन महिनामा काभ्रेको खरेलथोकमा भएको हो। माता सरस्वतीदेवी खरेल र पिता गोपीकृष्णका छोरा भई जन्मेका यिनले अर्थशास्त्र विषयमा स्नातकोत्तर गरेको देखिन्छ। यसै गरी यिनले कानुन विषयमा बी.एल. र चलचित्र निर्माण निर्देशनमा डिप्लोमा गरेको देखिन्छ। यिनी नेराप्रप्रमा प्राज्ञ परिषद्का सदस्य रहनुका साथै शाही नेपाल चलचित्र संस्थान, चलचित्र निर्माता सङ्घ, नेपाल परिवार नियोजन सङ्घका अध्यक्ष/महाप्रबन्धक, उपाध्यक्ष/महासचिव रहेर सेवा गरेको देखिन्छ। वि.सं. २०१२ मा नै कविता प्रकाशन गरेर आफूलाई साहित्यका मर्मज्ञ व्यक्तिका रूपमा देखाउन सफल यिनी प्राध्यापन सेवा पुऱ्याएर, चलचित्र निर्देशक रहेर, कार्यक्रम प्रस्तोता भएर, चलचित्रका निर्माता र लेखक भएर, मर्मशील गीतकारका रूपमा परिचय बाँडेर, कविता, नाटक, गीत, आलेख, नियात्रामा आफ्नोपन छोडेर आफूलाई धेरै क्षेत्रमा चिनाउन सफल व्यक्तित्व हुन्।

२०४४ सालको 'आठोट' प्रकाशन गर्दाताका कृष्णप्रसाद पराजुलीसँग भएर कुमारीगालस्थित उनको घरमा पुगेको मलाई सम्झना छ। त्यसताका यिनी राजनीति बोकेर पनि आफूलाई सक्रिय तुल्याउन जाँगर चलाएको देखिन्छ। म चिन्दछु उनलाई धेरै नजिकले, बान्की परेका यिनका शब्द र मुहारले मलाई त्यसताकादेखि



> २०४४ सालमा 'अठोट' मा छापिएको अर्थात् ३१ वर्षअगाडि यिनले लेखेको कविताको अंश 'आजको नेपाल कस्तो छ ? रामराज्यजस्तो छ' आजको सन्दर्भमा पनि मिल्दोजुल्दो नै देखिन्छ।

मोहित तुल्याएको स्मरण मनमा आइरहन्छ। साहित्यिक कार्यक्रमहरूमा कहिलेकाहीँ भेट्दा उनी मलाई सम्बोधन गरेर भन्ने गर्छन्- 'कृष्णप्रसाद पराजुली र तपाईंले काभ्रेलाई चिनाएकै हो।' कन्जुस्याइँ नगरेर मूल्याङ्कन गर्ने गर्छन्। यिनी आफ्ना कुराहरू ढुक्क फुकाएर गर्छन्। राजनीति बोकेर आफ्नो प्रचारमा लाग्दा होस्, चलचित्र निर्माणमा निर्माता भएर कर्मशील हुँदा होस्, जागिरेको क्रममा आफूलाई समर्पित तुल्याइरहँदाको क्षणमा होस्, गीतमा माधुर्यता व्यक्त गर्ने सवालमा किन नहोस्, सबै क्षेत्रमा यिनले आफ्नो स्फूर्तिदायक भावनाहरू सम्प्रेषण गरेको देखिन्छ। २०४४ सालमा 'अठोट' मा छापिएको अर्थात् ३१ वर्षअगाडि यिनले लेखेको कविताको अंश 'आजको नेपाल कस्तो छ ? रामराज्यजस्तो छ' आजको सन्दर्भमा पनि मिल्दोजुल्दो नै देखिन्छ। त्यसताका नै यिनी देशको स्थिति भोगेर कवितामा यसरी लेखे-

*उहिले-उहिले यहीं पाँडेपजनी हुन्थ्यो रे*
*सबभन्दा अग्लो मानिस फलानादेखि*
*दाहिने*
*लाम लागेका जतिको थमौती सदर*
*देब्रेपट्टिका जतिको बदर भन्ने चलन थियो रे !*
*अहिले पाँडेपजनी चलेकै छ-*
*किल्ला-किल्लामा आफ्ना नहुनेहरू*
*पाँडेपजनीमा परेकै छन्,*
*थिचोमिचोले मरेकै छन्।*
*चाकडीचुक्ली लाउने, खुवाउने, पिलाउने*
*हनुमान र झन्डावालहरूकहाँ धाउने,*
*इमानदारमा दरिएकै छन्*
*भन्सार, अन्तःशुल्क, कर र वन*
*विभागभरि छरिएकै छन्।*
*लोसे आयोगको नियम आफ्नो ठाउँमा*
*दुरुस्तै छ,*
*पाँडेपजनी पनि आफ्नो ठाउँमा उस्तै छ,*
*सबैतिर कस्तो चाँजोपाँजो मिलेको, यहाँ*
*रामराज्यजस्तो छ।*

कवितामा व्यङ्ग्यमा बोलेजस्तै देश पोख्न सक्ने, गीतमा माधुर्यता छर्केर मनोरम गीत बनाउन सक्ने, नियात्रामा स्वाभाविकता खोपेर प्रकृति र क्षण-क्षणका घटना-प्रसङ्गहरूलाई सम्प्रेषण गर्न खोज्ने, जागिरमा आफ्नो नेतृत्व देखाएर वाहवाही लुट्न सक्ने, चलचित्र जगत्मा आफ्नो छुट्टै पहिचान देखाएर साहित्यकै स्तम्भलाई चलचित्रमा देखाउन साहस गर्ने, विदेशी रेडियो सेवामा छँदा शक्तिशाली तरङ्गहरू दिएर आफूलाई शक्तिशाली प्रस्तोताका रूपमा परिचय देखाउन सक्ने यिनी सबै क्षेत्रमा सफल छन्। राजनीतिलाई यिनले चिनेनन् कि राजनीतिले यिनलाई चिनेन्, राजनीतिमा यिनी देखा परे तर यिनले सफलता काँधमा राख्न सकेनन्।

चलचित्र क्षेत्रमा यिनको विशिष्टता उल्लेखयोग्य छ। यिनले चालीसौं चलचित्रमा गीत लेखे। चलचित्र क्षेत्रमा विशिष्टता उल्लेखयोग्य छन्। चलचित्रहरू चेलीबेटी, लोभीपापी, आँधीबेहरी, प्रेमपिण्ड, नासो, श्रीस्वस्थानी, आदिकवि भानुभक्त, हत्तेरीको पटकथा लेखन गर्नुका साथै निर्माण र निर्देशन गरेको देखिन्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटा, बुहारी, अँध्यारोबाट उज्यालोतिर, विज्ञापन आदि वृत्तचित्र र लघुचलचित्रको लेखन मात्र गरेनन्, निर्देशनसम्म गराए। चलचित्र र गीतलेखनमा उत्कृष्ट ढङ्गको नाम बनाइसकेका यिनी सम्पादन/पत्रकारितामा पनि आफू सक्दो सक्रिय रहेको देखिन्छन्। यिनको सम्पादनमा घुएँत्रो (२०४२-२०४४) मा साप्ताहिक प्रकाशित भएको देखिन्छ। बीबीसी नेपाली सेवामा (१९६९-१९७१) दुई वर्ष सेवा पुऱ्याएर आफ्नो छवि यिनले सञ्चारजगत्मा पनि स्थापित गरेको देखिन्छ। यिनका प्रकाशित साहित्यिक पुस्तकहरूमा (१) अनि एउटा लहर ब्युझन्छ (कविता-२०२२), (२) सुमद्रपारि (नियात्रा-२०२९), (३) यादव खरेलका मुक्तकहरू (मुक्तक-२०३०), (४) खलबल (हास्यव्यङ्ग्य कविता-२०४७), (५) यस्तो पनि हुँदोरहेछ (गीत-२०४८), (६) आदिकवि भानुभक्त (नाटक-२०५७), (७) यस्तै रहेछ यहाँको चलन (गीत-२०५९), (८) महाकवि लक्ष्मीप्रसाद देवकोटा (आलेख-२०६१) छन्।

काभ्रेबाट राष्ट्रिय रूपमा आफ्नो छवि देखाएर धेरै क्षेत्रमा कर्मशील रहेका यादव खरेल काभ्रेको बौद्धिक, साहित्यिक व्यक्तित्व हुनाका साथै चलचित्रजगत् र गीतलेखन क्षेत्रमा यिनको नाम उच्च रहेको छ। थुप्रै पट्ट, बाहु, स्वर्णपदक, पुरस्कार, सम्मान प्राप्त गरिसकेका यिनी साहित्यिक क्षेत्रमा नियात्राकार, मुक्तककारका रूपमा पनि प्रतिस्थापित छन्। राष्ट्रप्रति बफादार, देशकै भलो चिताउने यिनी कवितामा देशको भलो यसरी चिताउँछन्-

*पराईको रमझममा आफन्तलाई भुल्न*
*गाह्रो छ*
*जहाँ पुगे पनि मलाई मेरो देश नेपाल*
*प्यारो छ।*

मलाई लाग्छ, काभ्रे जिल्लाकै एउटा गौरवपूर्ण नाम बन्न सफल खरेलका यात्राका गतिशीलताहरू उल्लेख्य छन्, गौरव गर्न लायकका छन्, इतिहासमा सधैं रहने नाम बनेका छन्। 'अक्षरमार्ग' मा यिनी हिस्सी परेर कुद्न सकिरहून्, शुभकामना छ।

पुस्तक चर्चा

## काठमाडौंका तान्त्रिकबाट दोलखाका ब्राह्मण चकित

रीतेश घिमिरे

काठमाडौंका घनश्याम तान्त्रिक र दोलखाका चिन्तामणि ब्राह्मणको पौने २ सय वर्षअगाडिको रोचक ऐतिहासिक प्रसंगलाई समेटेर तयार गरिएको 'वीर हनुमान्' नामको पुस्तक प्रकाशन भएको छ। साधना हेल्थ पत्रिकाका सम्पादक रोहिणी घिमिरेद्वारा लिखित सो पुस्तक विशेष गरी दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिका वडा नं. ४ स्थित हिलेपानीका घिमिरेसँग सम्बन्धित छ।

पौने २ सय वर्षअगाडिको कुरा हो, सन्तान नहुँदाको पीडाले छटपटाएका चिन्तामणि घिमिरे आफ्नो गाउँ दोलखाको उत्तरी क्षेत्र हिलेपानीबाट ७ दिन पैदल हिँडेर नेपाल (हालको काठमाडौं) मा पुगे। त्यहाँ घनश्याम नामका तान्त्रिकसँग भेट भएपछि उनलाई 'ढुंगो खोज्दा देउता मिल्यो' भनेझैं भयो। त्यस बेला घनश्याम तान्त्रिकले आफ्नै आँखाले देखेझैं हिलेपानी गाउँ र त्यहाँका घिमिरेका बारेमा भनेका आश्चर्यजनक कुर ाहरू यस पुस्तकमा लेखक रोहिणीले बडो रोचक ढङ्गले प्रस्तुत गरेका छन्।





चिन्तामणि ब्राह्मणलाई ती तान्त्रिकले हिलेपानी बस्तीको ईशान कोणमा कुनै बेला पहिरोले कुलपूजा गर्ने स्थान छोपेको कुरा बताए। सो पहिरो खोतलेर हुर्नू, त्यहाँ शिलासहित तीनवटा खोपा भेटिनेछन् अनि त्यहाँ कुलपूजा गर्नू भनी अराए। साथै उनले नफर्काई पकाएको भुँगरचाँदे रोटी चढाएर हनुमान्को पूजा गर्नू भनी पूजाविधिसहित बताइदिए। यति गरेपछि अवश्य सन्तान हुनेछन् भनी ती घनश्याम तान्त्रिकले वीर हनुमान्को मूर्तिसमेत व्यवस्था गरिदिए। त्यो मूर्ति लिएर चिन्तामणि दोलखा फर्किए। सो हनुमान्को मूर्ति अद्यापि छँदै छ।

गाउँमा पुगेपछि तान्त्रिकले भनेबमोजिम पहिरो खनेर हेर्दा चिन्तामणिले तीनवटा खोपा भेटे। त्यहाँ उनले कुलको पूजा गरे। साथै उनले श्रावणको मंगलबार पारेर भुँगरचाँदे रोटीसहित काँक्रो-निगालोको माला, हरियो मकै आदि चढाएर वीर हनुमान्को पूजा गरे। त्यसपछि तान्त्रिकले भनेअनुसार उनका दुई भाइ छोरा जन्मिए। उनको प्रतिष्ठा पनि झनै बढ्दै गयो। यस घटनाले उनी मात्रै चकित भएनन्, पछि उनका सन्तानसहित अन्य व्यक्तिहरूसमेत चकित हुने गरेका छन्।

अहिलेसम्म पनि यस ठाउँका घिमिरेहरूले हरेक वर्ष ३ पाथी पीठोको नाङ्लोभरिको एउटै रोटी, त्यो पनि नफर्काईकन बनाएर हनुमान्लाई चढाउने गरेका छन्। अनौठो कहानी भएकाले पुस्तक पठनीय छ। हनुमान् पूजाको वैदिक पूजाविधिसमेत उल्लेख गरिएकाले हनुमान् पूजा गर्ने जो-कोहीलाई पुस्तक उपयोगी देखिन्छ। साथै ऐतिहासिक एवम् सांस्कृतिक खोजकर्ताहरूका लागि पनि पुस्तक संग्रहणीय छ।

## जनमत र भुँडीपुराणका पुस्तक सार्वजनिक

काठमाडौं। काठमाडौंस्थित नाचघरमा मोहन दुवालका २ वटा पुस्तक र हरि खनालका ७ वटा विविध विधाका पुस्तकहरू एक समारोहका बीच हालै सार्वजनिक गरियो। दुवालको जनमतको यात्रा (सम्पादकीय-२) र जनमतको सडकमा घामसँग (सम्पादकीय-३) को सार्वजनिकीकरण वरिष्ठ साहित्यिक पत्रकारहरू नगेन्द्रराज शर्मा र रोचक घिमिरेले गरे। यसै गरी हरि खनालका गीत, गजल, लघुकथा, बालकथा, नाटक र धार्मिक कथासङ्ग्रहको बुलु मुकारुङ, श्रीओम श्रेष्ठ 'रोदन', प्रमोद प्रधान र प्रा.डा. रामचन्द्र लम्सालले सार्वजनिक गरे।

साहित्यकार प्रा.डा. सुषमा आचार्यले दीप प्रज्ज्वलन गरी शुरू भएको उक्त साहित्यिक कार्यक्रमको सभापतित्व जनमत प्रकाशनका अध्यक्ष मोहन दुवालले गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि दर्शकदीर्घामा रहेका जनमनलाई गरेको उक्त कार्यक्रममा राजनीतिज्ञ तथा साहित्यकार दीनानाथ शर्माले शुभकामना मन्तव्य प्रकट गरेका थिए। अर्का विशिष्ट अतिथि डा. सुषमा आचार्यले साहित्यिक क्षेत्रमा पनि सिन्डिकेट रहेको र त्यो सिन्डिकेट तोड्न सबै साहित्यकारहरू लाग्नुपर्ने बताए। भागवण्डाको राजनीतिले उचित पात्रहरू ओझेलमा पार्नुका साथै पाखा लगाउने प्रचलन गरेर गाईजात्रा देखाइरहेकोमा आक्रोश व्यक्त गरे। समालोचक प्रा.डा. रामप्रसाद ज्ञवालीले जनमत र भुँडीपुराण प्रकाशनले साहित्यमा पुऱ्याइरहेको योगदानबारे चर्चा गरेका थिए।

कार्यक्रममा सार्वजनिक भएका पुस्तकहरूबारे रोचक घिमिरे, प्रमोद प्रधान, श्रीओम श्रेष्ठ 'रोदन', प्रा.डा. रामचन्द्र लम्साल, बुलु मुकारुङले प्रकाश पारेका थिए। देवी घिमिरेको उद्घोषणमा भएको सार्वजनिकीकरण कार्यक्रममा लेखक हरि खनालले स्वागत मन्तव्य, प्रकाशक केशव पराजुलीले धन्यवाद ज्ञापन गर्नुका साथै गायिका निशा देसारले गजल गायनले दर्शकहरूलाई मुग्ध तुल्याएका थिए।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## सातको राशिफल

ज्यो. चन्द्रेश शर्मा

श्रावण १९ देखि २५ गतेसम्म

**मेष** — यो साता तपाईंका लागि मिश्रित फलदायक छ। शुरूका दिनमा खाद्यसामग्री, मिष्ठान्न भोजन, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। सोमबार र मंगलबार अनि शुक्रबार निरर्थक धन र समयको नोक्सानी, मानसिक चञ्चलता, पेटको स्वास्थ्य समस्या पारिवारिक विवाद होला। बाँकी दिनहरू भने सुख-सन्तोष हुनेछ। आफ्नो व्यवसायबाट केही भए पनि आर्थिक लाभ हुने देखिन्छ।

**वृष** — यो साताका दिनहरू मिश्रित फलदायक छन्। एक दिन राम्रो भयो भने अर्को दिन नराम्रो होला। त्यसैले राम्रो र नराम्रो भन्दा पनि धैर्यता र सतर्कता अपनाउनुपर्ने देखिन्छ। चोटपटक, विवाद, आर्थिक नोक्सानीको सम्भावना भएकाले यी कुरामा सावधानी रहनुहोला। सोमबार, मंगलबार र शुक्रबारका दिन कार्य सफल, मान-सम्मान, उपहारादि वस्तु प्राप्तिको सम्भावना छ।

**मिथुन** — यो साता मिश्रित फलदायक छ। शुरूका दुई दिन शुभ छन्। कतैबाट नगद प्राप्त होला। मिष्ठान्न भोजनको अवसर मिल्ला। सोमबार र मंगलबार भने आर्थिक नोक्सानी, दुर्घटनाको भयका साथै विवादमा परिएला। त्यसपछिका दिनमा कतैबाट उपहार मिल्ला। काममा सफलता एवम् धनलाभ हुने सम्भावना छ। तर साताको अन्तिम दिन शुक्रबार भने मानसिक चञ्चलता र विनाकाममा खर्च हुनेछ।

**कर्कट** — यस हप्ताका बढीजसो दिन तपाईंका लागि शुभ छन्। गरेका कार्यहरू सफल हुँदा सुखानुभूति हुनेछ। कतैबाट खाद्यान्न लाभ होला। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। उपहारस्वरूप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्नेछ। धन हानि, मान हानिको सम्भावना छ। धैर्य गर्नुहोला।

**सिंह** — साताको मध्यभाग धेरै उपलब्धिमूलक छ। आँटेका कामहरू पूरा होलान्। साथीभाइ-इष्टमित्रबाट राम्रै सहयोग पाइएला। खाद्यान्न प्राप्तिको सम्भावना छ। बौद्धिक क्षमताको प्रयोगले ठूलै काम बन्नेछ। सामान्य परिश्रमबाट राम्रै आम्दानी होला। तर साताको शुरूका दुई दिन राज्यका तर्फबाट डर, तिर्न बाँकी ट्याक्स तिर्न दबाब, मान-प्रतिष्ठामा कमी आउनेछ भने शुक्रबार चोटपटकको भय छ।

**कन्या** — तपाईंका लागि यो साताका शुरूका दिनहरू शुभ फलदायक छैनन्। स्वास्थ्यमा समस्या आउन सक्छ। व्यापार व्यवसायमा अनेक बाधा-व्यवधान आउन सक्छ। चिताएभन्दा बढी खर्च हुनाले आर्थिक सन्तुलन मिलाउन गाह्रो पर्ला। मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट पुग्ने सम्भावना छ। तर अन्तिमका तीन दिनमा भने राम्रो छ। शारीरिक स्वस्थता, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ।

**तुला** — साताको शुरूका दुई दिन उन्नति हुनेछ। सानै प्रयासबाट राम्रै आम्दानी हुने, मान-सम्मान बढ्ने, आँटेका काम पूरा हुने देखिन्छ। त्यसपछिका दिनचर्या भने अस्तव्यस्त हुनेछ। पाहुनाले आर्थिक भार बढ्ने, गर्न लागेको कार्य सम्पन्न गर्न गाह्रो पर्ने, पेसा-व्यवसायमा असन्तुष्टि पैदा हुने सम्भावना छ। तर साताको अन्तिम दिन शुक्रबारचाहिँ आर्थिक लाभका साथै समस्याहरू समाधान हुनेछन्।

**वृश्चिक** — यो साताका धेरैजसो दिन उपलब्धिमूलक छन्। खेलकुद, परीक्षाजस्ता प्रतिस्पर्धात्मक प्रतियोगिताहरूमा सफलता मिल्ला। आर्थिक लाभ हुनाले खर्चको सन्तुलन मिलाउन सहज हुनेछ। प्रेमी-प्रेमिकामा प्रगाढता, विपरीतलिंगीबाट सहयोग एवम् सुख-सन्तोष पाइनेछ। बुधबारबाट भने त्यति राम्रो देखिँदैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, व्यवसाय वा जगिरमा बाधा व्यवधान प्रतिष्ठामा आँच आउन सक्छ।


**धनु** — यो साता तपाईंका लागि मिश्रित फलदायक छ। आइतबारसम्म ग्यास्टिक, वायुजन्य रोगको सम्भावना र काममा असफलता हुने देखिन्छ भने त्यसपछिका दिनहरू उत्तम फलदायक छन्। प्रतियोगिताहरूमा भाग लिएको भए विजय, रोजगारको प्रयासमा सार्थकता, मुद्दामामिलाको टुंगो लाग्ने भएमा जित्ने सम्भावना छ। व्यापारबाट आशातीत आम्दानी हुनेछ। तर शुक्रबार भने रोगव्याधीको भय छ।

**मकर** — साताको मध्य अवधिसम्म दिनहरू हितकर छैनन्। पारिवारिक विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप, हुन लागेको काममा रोकावट हुने सम्भावना छ। तर बुधबारबाट भने दिनहरू शुभ छन्। सबै समस्या समाधान हुनेछन्। आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, शत्रुमाथि विजय, लेखाइ-पढाइमा सफलता, वाहनको इच्छा हुनेहरूलाई वाहन लाभको सम्भावना छ।

**कुम्भ** — आइतबारसम्म धन-सम्पत्ति प्राप्ति, रोकिएका काम बन्ने, पुरस्कार-सम्मान पाइने सम्भावना छ। त्यसपछिका दिनहरूमा भने रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान होला। राजनीतिक असफलता, राज्य भय, इज्जत-प्रतिष्ठामा ह्रास नहोला भन्न सकिन्न। त्यसैले सतर्कता अपनाउनुपर्ने हुन्छ। शुक्रबारबाट स्वास्थ्यलाभ हुनेछ भने सुख-सन्तोष, गरेको काम सफल हुनेछ।


**मीन** — साताको अधिकांश दिनहरू त्यति उपलब्धिमूलक देखिँदैन। मानसिक चञ्चलताले के गरौं र कसो गरौंको अवस्था आउन सक्छ। वायु विकारले पेट दुख्ने, आँखा दुख्ने, टाउको दुख्ने समस्या आउन सक्छ। विना उपलब्धिको यात्रा नहोला भन्न सकिन्न। कसैसँग विवादको सामना गर्नुपर्ला। तर साताको मध्य भाग सोमबार र मंगलबार भने आर्थिक लाभ, सम्मानित हुने अवसर, कार्य सफल हुने देखिन्छ।

यस अवस्थामा संसदीय सुनुवाइद्वारा संवैधानिक परिषद्ले सिफारिस गरेको व्यक्ति कामु प्रधानन्यायाधीश जोशीलाई अस्वीकृत गर्नुपर्ने कारण र आधारको अभावमा नियुक्ति अस्वीकृत गर्ने रायसँग गम्भीर असहमति रहेको भन्दै फरक मतसमेत प्रस्तुत गरेका छन्।





# त्रिचन्द्र मिलिटरी अस्पताल पुनः सञ्चालन



काठमाडौं, (नेस)

प्रधानसेनापति राजेन्द्र क्षेत्रीले महांकालस्थित पुनः निर्मित त्रिचन्द्र मिलिटरी अस्पताल भवनमा स्वास्थ्य सेवा सञ्चालन शुभारम्भ गर्नुभयो।

पुनः निर्मित भवनमा डेन्टल सेवा शुक्रबारबाट शुभारम्भ गरी बहालवाला तथा कल्याणकारी हिताधिकारीहरूलाई उपचार गर्ने व्यवस्था मिलाइएको साथै इमरजेन्सी, फार्मेसी, पेडियाट्रिक, फिजियोथेरापी, प्याथालोजी र रेडियोलोजी सेवाहरू विस्तार गर्दै लगिने योजना रहेको छ।

उद्घाटन कार्यक्रममा नेपाली सेनाका रथीवृन्द, स्वास्थ्य मन्त्रालयका सह-सचिव डा. तारानाथ पोखरेल, त्रिचन्द्र मिलिटरी अस्पतालका पूर्वकमान्डान्टहरू, अधिकृत, पदिक तथा अन्य दर्जाको उपस्थिति रहेको थियो।

# प्रेसमाथि अंकुश नलगाउन आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल पत्रकार महासंघले 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा' विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय अनुपराज शर्माले मानवअधिकारको रक्षक पत्रकार पनि रहेका कारण प्रेसमाथि अंकुश लगाउन नहुने धारणा राख्नुभयो। उहाँले प्रेसमाथि अंकुश लगाइए त्यो संविधानविपरीत हुने बताउनुभयो।

संघीय संसद्का सांसद राधेश्याम अधिकारीले लोकतन्त्रको स्थापनामा प्रेसको भूमिका उल्लेख्य रहेको भन्दै फौजदारी तथा देवानी संहितामा प्रेस स्वतन्त्रतामाथि अवरोध हुने प्रावधान भए त्यसलाई संशोधन गर्न सकिने धारणा राख्नुभयो।

वरिष्ठ अधिवक्ता तथा सांसद रामनारायण बिडारीले समग्र समाजलाई लक्षित कानुनको निर्माण गरिने हुँदा पत्रकारको पेसालाई फौजदारी संहिताले अवरोध गरे ती बुँदालाई संशोधन गर्न सकिने धारणा राख्नुभयो।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले भदौ १ गते बाट लागू हुने फौजदारी संहितामा पत्रकारलाई समाचार लेखेकै आधारमा सजाय गर्ने प्रावधान रहेको हुँदा त्यसमाथि गम्भीर छलफल आवश्यक रहेको बताउनुभयो।

महासंघका पूर्वसभापति तारानाथ दाहालले फौजदारी संहिताले पत्रकारिताको विभिन्न विधालाई समस्या पर्ने सम्भावना रहेको धारणा राख्नुभयो। उहाँले त्यसले अभिव्यक्ति स्वतन्त्रतालाई रोक्न सक्ने बताउनुभयो।

महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झाले पत्रकारको पेसागत विधा ब्यूरोक्राटले नबुझेका कारण पत्रकारितालाई अंकुश लगाउने प्रावधान फौजदारी संहितामा रहेको बताउनुभयो। महासंघमा आज आयोजित कार्यक्रममा मुलुकी संहिता २०७४ र अभिव्यक्ति स्वतन्त्रतामा अधिवक्ता बाबुराम अर्यालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

# जुवा खेलाउने पक्राउ

काठमाडौं (नेस)। काठमाडौं महानगरपालिका-१४ कलंकी लाम्पाटी बस्ने नानु शाहको घरमा बस्दै आएका उनका भाइ काजु शाहले आफ्नै कोठामा जुवातास खेलाइरहेको अवस्थामा सोही ठाउँ बस्ने रवी रानासहित ९ जनालाई नगद ३० हजार ९ सय २५ रुपियाँ र ३ बुक तासहित बिहीबार प्रहरीले पक्राउ गरेको छ।

# २५ हजार घूससहित मालपोतका हाकिम पक्राउ

काठमाडौं, (नेस)। जिल्ला मालपोत कार्यालय तेह्रथुमका निमित्त कार्यालय प्रमुख नायब सुब्बा शंकर दाहाल २५ हजार घूससहित पक्राउ परेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको टोलीले उनलाई घूससहित पक्राउ गरेको हो।

जग्गा नामसारी गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घूस रकम माग गरिरहेको सूचनाका आधारमा उनलाई घूस लिइसकेको अवस्थामा पक्राउ गरिएको हो।

उनलाई शुक्रबार बिहान उनकै कार्यकक्षबाट नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ। उनलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

# शिक्षाको गुणस्तर सुधार्न निर्देशन

काठमाडौं, (नेस)। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा भएका समस्या समाधान गर्न स्पष्ट खाका तयार पार्न मन्त्रालयअन्तर्गतका विभागीय प्रमुख, सहसचिव एवं केन्द्र प्रमुखहरूलाई निर्देशन दिनुभएको छ।

मन्त्रालयअन्तर्गतका विभागीय प्रमुख, सहसचिव एवं केन्द्र प्रमुखहरूको रिर्पोटिङ लिने क्रममा हिजो मन्त्री पोखरेलले सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न थाल्नुपर्ने काम तयारी गर्न पनि निर्देशन दिनुभयो। सुशासन र पारदर्शिता प्रवर्द्धन गर्ने विषय र कार्ययोजना महत्त्वका साथ ल्याउनुपर्ने बताउँदै मन्त्री पोखरेलले शिक्षा र विज्ञान प्रविधि क्षेत्रको विकासका निम्ति सक्रिय भएर जनहितमा काम गर्न आग्रह पनि गर्नुभएको छ।


गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बढ्वाराही, ललितपुर

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०७५/०४/१९)

यस गोदावरी नगरपालिका वडा नं. ११ मा निर्माण हुने नगरपालिका कार्यालय भवन आयोजनाको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्नुपर्ने भएकोले वातावरण संरक्षण नियमावली २०५४ (पछिल्लो संशोधन सहित) को नियम ७ उपनियम २ बमोजिम आयोजना प्रभावित क्षेत्रको भौतिक, जैविक, आर्थिक, सामाजिक, सांस्कृतिक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सरोकारवाला व्यक्ति तथा संघसंस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिलको स्थानमा लिखित रायसुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

राय सुझाव पठाउने ठेगाना :

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बढ्वाराही, ललितपुर
फोन नं. ०१-५५७२५९२
ईमेल : godawari.nagarpalika@gmail.com

इको कन्सल्ट प्रा.लि.
(परामर्शदाता कम्पनी)
कलंकी, काठमाडौं
फोन नं. ०१-४२८९६३५
ईमेल: ecoconsult0@gmail.com


## कांग्रेसको असहमति
# संसदीय सुनुवाइ समितिको बैठक बहिस्कार

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधान न्यायाधीशमा दीपकराज जोशीलाई अस्वीकृत रायप्रति असहमति जनाउँदै नेपाली कांग्रेसले संसदीय सुनुवाइ विशेष समितिको बैठक बहिस्कार गरेको छ।

संवैधानिक परिषद्ले सिफारिस गरेको व्यक्ति कायममुकायम प्रधानन्यायाधीश जोशीलाई अस्वीकृत गर्नुपर्ने कारण र आधारको अभावमा संसदीय सुनुवाइको बैठकमा नियुक्ति अस्वीकृत गर्ने रायसँग कांग्रेसका सदस्यहरूले गम्भीर असहमति जनाएका हुन्।

संसदीय सुनुवाइ समितिमा रहेका कांग्रेसका सदस्यहरू ज्ञानेन्द्रबहादुर कार्की, जितेन्द्र नारायण देव, भीमसेनदास प्रधान र पुष्पा भुषाल गौतमले संवैधानिक परिषद्ले कानुनमा उल्लेख भएको योग्यता परीक्षण गरिसकेको अवस्था भएको तथा सो योग्यता पुगेको कुरालाई बिना कारण र आधार संसदीय सुनुवाइ समितिले अन्यथा भन्न सक्ने अवस्था नभएको भन्दै बैठक बहिस्कार गरेको बताएका छन्।

संसदीय सुनुवाइ समितिको बैठक बहिस्कार गर्नुपर्ने आधार र कारणबारे कांग्रेस सांसदहरूले भनेको छन्- 'नेपालको संविधानको धारा २८४ (१) ले संवैधानिक परिषद्को व्यवस्था गरेको छ। सोही संवैधानिक परिषद्ले प्रधानन्यायाधीशको नियुक्तिका लागि सिफारिस गरी नेपालको संविधानको धारा २९२ (१) बमोजिम संसद्को संसदीय सुनुवाइ समितिसमक्ष पठाउने र सो समितिको संघीय कानुनबमोजिम सुनुवाइ गर्नेछ' भन्ने व्यवस्था गरेको छ।

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ४ मा संवैधानिक परिषद्को सचिवालयले संविधानबमोजिम नियुक्त हुन योग्यता पुगेका व्यक्तिहरूको छुट्टाछुट्टै अभिलेख तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ५ (१) मा 'परिषद्ले कुनै व्यक्तिलाई संवैधानिक निकायको कुनै पदाधिकारी पदमा नियुक्तिका लागि सिफारिस गर्दा त्यस्तो पदमा नियुक्त हुन संविधान तथा प्रचलित कानुनमा उल्लेख भएको योग्यता तथा उपयुक्तताको कारण र आधारसमेत स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ'' भन्ने व्यवस्था गरेको छ। त्यस्तै दफा ५ (२) मा 'परिषद्ले उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई नियुक्तिका लागि सिफारिस गर्दा निजको सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमानदारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेसागत अनुभवसमेतलाई विचार गर्नुपर्नेछ।' भन्ने उल्लेख गरेको छ।

उक्त ऐनको व्यवस्था हेर्दा जोशीको संवैधानिक परिषद्ले कानुनमा उल्लेख भएको योग्यता परीक्षण गरिसकेको अवस्था रहेको भन्दै कांग्रेस सदस्यहरूले सो योग्यता पुगेको कुरालाई बिना कारण र आधार संसदीय सुनुवाइ समितिले अन्यथा भन्न सक्ने अवस्था नभएको बताएका छन्। संवैधानिक परिषद्ले आफ्नो निर्णय गर्नुपूर्व सिफारिसका लागि पेश भएका व्यक्तिको सामाजिक प्रतिष्ठा, निजको चरित्र, इमानदारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभवसमेतलाई विचार गरी मूल्यांकन गरेको मान्नुपर्ने हुन आएको उनीहरूको भनाइ छ।

यस अवस्थामा संसदीय सुनुवाइद्वारा संवैधानिक परिषद्ले सिफारिस गरेको व्यक्ति कामु प्रधानन्यायाधीश जोशीलाई अस्वीकृत गर्नुपर्ने कारण र आधारको अभावमा नियुक्ति अस्वीकृत गर्ने रायसँग गम्भीर असहमति रहेको भन्दै फरक मतसमेत प्रस्तुत गरेका छन्। प्रधानन्यायाधीशका लागि सिफारिस भएका जोशी सुनुवाइ समितिबाट दुई तिहाइले अस्वीकृत भएको बारे विस्तृत छलफल गर्न कांग्रेस संसदीय दलको बैठक आज शनिबार दिउँसो बस्दै छ।

# व्यावसायिक सामाजिक उत्तरदायित्वमा पत्रकारिता तालिम

**नेपाल समाचारपत्र**

ललितपुर

गोल्डेन डायमन्ड ज्वेलरी ललितपुर ह:खाको सहयोगमा नेवा:पत्रकार राष्ट्रिय दबूले शुक्रबार पत्रकारिता तालिमको आयोजना गरेको छ।

ज्वेलरीले व्यावसायिक उत्तरदायित्वको सिद्धान्तअनुरुप पत्रकारिता तालिमका लागि सहयोग गर्न पत्रकार दबूसँग भएको सम्झौताअनुरुप यो तालिम भएको हो। समावेशी पत्रकारिता, मातृभाषाको पत्रकारिता र बहुभाषिक पत्रकारिताको लागि दक्ष पत्रकार उत्पादन गर्ने उद्देश्यअनुरुप ५ वटा तालिम गर्नेबारे गत पुसमा सम्झौता भएको थियो। सोअनुरुप यो दोस्रो तालिम रहेको छ। विशेषत: रेडियो, टेलिभिजन र अनलाइन पत्रकारिताका विषयमा प्रशिक्षण दिने उद्देश्यले सो तालिम आयोजना गरिएको थियो। तालिम २ दिनसम्म चल्नेछ।

तालिमको पहिलो दिन वरिष्ठ पत्रकार धर्मेन्द्र झा, नेपाल टेलिभिजनका गजुरधन राई, इमेज न्युज एफएमका सुरजवीर बज्राचार्यले प्रशिक्षण दिनुभयो। शनिबार हुने तालिम पत्रकारहरू केपी ढुंगाना र युवराज गौतमले दिनुहुनेछ। पत्रकार दबूका उपाध्यक्ष सुरजवीर बज्राचार्यको संयोजकत्वमा भएको सो तालिममा ४० जनाको सहभागिता रहेको छ।

सही र तथ्यपरक सूचना प्रवाह गरेर समाजलाई विकास गर्ने क्षमता पत्रकारिता पेसामा रहेकाले दक्ष पत्रकार उत्पादन गर्न र समावेशी पत्रकारितालाई टेवा पुऱ्याउन सकियोस् भनेर तालिममा सहयोग गरेको ज्वेलरीका अध्यक्ष ज्ञानुराज शाक्यले सो अवसरमा बताउनुभयो। तालिमलगत्तै आज शनिबार समापन समारोहको आयोजना गरी सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिनेछ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
आयोजना निर्देशनालय (ए.डी.बी.),
सासेक रोड कनेक्टिभिटी (एस.आर.सी.पी.)
नडाहा-कोशीपुल, चतरा-रूपनगर
सडक योजना, धरान, सुनसरी
सूचना नं. : ०१।०७५-०७६,
मिति : २०७५।०४।१८

**मुआब्जा दावीको हदम्याद सम्बन्धी सूचना**

यस योजनाको सुनसरी जिल्ला (नडाहा चोक देखि चतरा हुँदै कोशीपुल सम्म), उदयपुर जिल्ला (कोशीपुल देखि रामपुर हुँदै त्रियुगा पुल (फत्तेपुर) सम्म र सप्तरी जिल्ला ( फत्तेपुर - कञ्चनपुर सडक खण्ड तथा धरमपुर-रूपनगर सडक खण्ड) को सडक खण्डको सडक सिमा (केन्द्र रेखाबाट १५/१५ मिटर दायाँ, बायाँ) भित्र पर्ने जग्गा, घर, टहरा तथा फलफूलका बोटबिरुवाहरुको मुआब्जाको लागि हालसम्म प्रकाशित सूचनामा नपरेका, प्रकाशित सूचनामा क्षेत्रफल नमिलेका, क्षेत्रफल स्पष्ट नभएका जग्गाहरु तथा ठोस प्रमाण हुँदा-हुँदै मुआब्जा नबुझेका जग्गाधनीहरुका साथै अन्य केही गुनासोहरू भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा आफ्नो कागजातहरुको प्रमाण सहित योजना कार्यालय, धरान-१३, वेशक्याम्पमा सम्पर्क गर्नुहुन अनुरोध छ। योजनाको निर्माण कार्य निकट भविष्यमा नै सम्पन्न हुन गईरहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन पश्चात कार्यालयमा प्राप्त हुन आएका लिखित निवेदन वा मागदावी उपर कुनै किसिमको कार्यवाही गर्न नसकिने भनि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजना प्रमुख


## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : बिहान नराम्रो भए पनि १२ बजेदेखि धनलाभ, भाग्योदय।
**वृष** : पूर्वाह्न द्रव्यलाभ, मिष्ठान्न भोजन, मध्याह्नदेखि अपव्यय, विवाद।
**मिथुन** : कार्यसिद्धि, परिवार-सुख, धन प्राप्ति, स्वस्थता, लाभ।
**कर्कट** : मध्याह्नसम्म असफलता, राज्यभय, त्यसपछि सुख-शान्ति।
**सिंह** : कार्यमा बाधा, धन हानि, असफलता, अस्वस्थता, राज्यको भय।
**कन्या** : दिउँसोसम्म धनलाभ, यश वृद्धि, त्यसपछि हानि, बाधा-व्यवधान।
**तुला** : स्वास्थ्यलाभ, धनलाभ, प्रतिस्पर्धामा विजय, सुख-सन्तोष।
**वृश्चिक** : शुरुवातमा शोक-कष्ट भए पनि त्यसपछिको समयमा लाभ।
**धनु** : पेटको समस्या, पारिवारिक विवाद, यात्रामा व्यवधान, शोक-सन्ताप।
**मकर** : मध्याह्नसम्म प्रगति, लाभ, सम्मान, त्यसपछि अस्तव्यस्त, तनाव।
**कुम्भ** : बिहान मन चञ्चल, खर्च भए पनि त्यसपछि प्रसन्नता, मान-सम्मान।
**मीन** : कार्य सफल, धनलाभ तर दिउँसोबाट अपव्यय, मन अस्थिर।



# प्रदेश-३



पारिवारिक र सामाजिक सोच परिवर्तन हुन नसक्दा कतिपय हिंसामा परेका महिला तथा बालबालिका थप पीडित बनेको उनले बताइन्।

## चितवनमा यौन हिंसाविरुद्धको हस्ताक्षर अभियान

कृष्ण आचार्य, चितवन

महिला तथा बालबालिकामाथि हुने यौन हिंसाविरुद्ध चितवनमा हस्ताक्षर अभियान शुरू गरिएको छ। सामुदायिक सेवा केन्द्र नारायणगढको अग्रसरता र जिल्लाका विभिन्न सरोकारवालाको सहभागितामा हस्ताक्षर अभियान शुरू गरिएको सामुदायिक सेवा केन्द्र नारायणगढकी अध्यक्ष मीना खरेलले जानकारी दिइन्। कानुन कार्यान्वयनमा राज्यलाई दबाब दिन र स्थानीयस्तरमा आम नागरिकलाई सचेत बनाउन अभियान सञ्चालन गरिएको उनले बताइन्। अभियान एक सातासम्म सञ्चालन हुनेछ। अभियानमार्फत संकलित हस्ताक्षर प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री र गृहमन्त्रीलाई पठाइनेछ।

चितवनमा पछिल्ला वर्षमा महिला तथा बालिकामाथि हुने यौन हिंसाका घटना बढ्दै गएकाले दाबाबमूलक अभियान सञ्चालन गरिएको खरेलले बताइन्। 'समाज जति विकसित र परिवर्तन हुँदै गएको त्यति नै विकृतिका घटना बढ्दै गइरहेका छन्', उनले भनिन्- 'सरकारी निकाय र विभिन्न संघसंस्थाले अभियान सञ्चालन गरे पनि घटनामा कमी आएको छैन।' जिल्लामा बालिकादेखि वृद्धासम्म यौन हिंसाको शिकार बन्न बाध्य भएको उनको भनाइ छ।

'चितवन विकासका दृष्टिकोणले जति धेरै सम्भावना बोकेको छ, विकृतिका हिसाबले पनि ट्रान्जिट बन्दै गएको छ', खरेलले भनिन्- '४ वर्षकी बालिकादेखि ८२ वर्षीय वृद्धा पनि असुरक्षित बनेका छन्।'

कानुन कडाइका साथ कार्यान्वयन नहुनु, पीडकलाई सजाय नगरी संरक्षण गरिनु, पीडितलाई न्याय दिन नसक्नुले झन् यस्ता घटनाले प्रश्रय पाउने गरेको अधिकारकर्मीको भनाइ छ। मधिरा सेवन, सुरक्षा, विकास, बेरोजगार र अस्थिर समाजका कारण पनि यौन हिंसाका घटना बढेको सेभ द माइन्डस नेपाल चितवनकी अध्यक्ष पूजा भुसाल बताउँछिन्। कानुन कार्यान्वयन गर्ने ठाँउमा रहेका जिम्मेवार व्यक्तिहरू घटनाप्रति जिम्मेवार बन्नुपर्ने भुसालको भनाइ छ। पछिल्लो समय विकसित प्रविधिका कारण पनि बलात्कारका घटना बढेका उनको दाबी छ। पारिवारिक र सामाजिक सोच परिवर्तन हुन नसक्दा कतिपय हिंसामा परेका महिला तथा बालबालिका थप पीडित बनेको उनले बताइन्। संस्थाका तर्फबाट यौन हिंसाका घटना न्यूनीकरणका लागि गाउँ-गाउँमा अभियान चलाएको उनको दाबी छ।

जिल्ला प्रहरी कार्यालय चितवनको तथ्यांकअनुसार जिल्लामा आर्थिक वर्ष २०७३/७४ मा जबरजस्ती करणी उद्योगमा २५ वटा मुद्दा दर्ता भएका छन्। जसमा २५ जनालाई नियन्त्रणमा लिइएको छ भने १ जना फरार छन्। यस्तै जबरजस्ती करणीतर्फ २९ वटा मुद्दा दर्ता भएकामा ३५ जना पक्राउ परेका छन् भने २ जना फरार छन्। आर्थिक वर्ष २०७४/७५ मा जबरजस्ती करणी उद्योगतर्फ २३ मुद्दा दर्ता भएकामा २१ जना पक्राउ परेका छन् भने २ जना फरार छन्।

यस्तै जबरजस्ती करणीतर्फ ५५ मुद्दा दर्ता भएकामा ५७ जनालाई पक्राउ गरिएको छ भने ९ जना फरार रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ। प्रहरीको तथ्यांकले जिल्लामा महिला तथा बालिकामाथि हुने यौन हिंसाका घटना बढ्दै गएको प्रष्ट हुने जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता (डिएसपी) प्रभु ढकाल बताउँछन्। महिलाहरूमा न्यायको पहुँच र प्रहरीमा उजुरी दिनुपर्छ भन्ने चेतना बढेका कारण घटना बढेको देखिएको उनको भनाइ छ। बलात्कारलगायतका जघन्य अपराधका घटनामा प्रहरीले मिलापत्रमा ध्यान नदिई सिधैं मुद्दा दर्ता गर्ने गरिएको ढकालको दाबी छ।

## कालिञ्चोक कुरीको जग्गा नापीमा विवाद

चिरञ्जीवी मास्के, दोलखा



दोलखाको प्रसिद्ध धार्मिकस्थल कालिञ्चोक कुरीको जग्गा नापी गर्ने विषयमा विवाद भएको छ। मन्त्रीस्तरीय निर्णयबाट गुठीको नाममा नापी गर्न निर्देशन आएपछि विवाद भएको हो।

विगतमा दुई गाविसबीच सीमा विवादका कारण नापी हुन नसकेको कालिञ्चोक कुरीको जग्गा नापी गर्न भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयले २०७३ फागुन १२ गतेको मन्त्रीस्तरीय निर्णयबाट गुठीको नाममा बजेट निकासा गरेको थियो। मन्त्रालयको निर्देशनअनुसार जिल्ला मालपोत कार्यालयले नापी विभागमा पत्राचार गरेको र नापी विभागले जिल्ला नापी कार्यालयलाई पत्राचार गरेपछि टोली गठन गरेर काम शुरू गर्न लाग्दा विवाद भएको हो।

दोलखाको कालिञ्चोक गाउँपालिकामा पर्ने ८ वटा खर्कमध्ये कुरीको २ सय हेक्टर जग्गा कालिञ्चोक भगवती दोलखा र त्रिपुरा सुन्दरी भन्ने भीमेश्वर गुठीको नाममा नापी गर्ने तयारी भएपछि कालिञ्चोक गाउँपालिका, जिल्ला वन कार्यालय दोलखा र झरेली सामुदायिक वनले आफ्नो भएको दाबीसहित नापी कार्यालयलाई पत्राचार गरेपछि अहिले नापीको काम स्थगित गरिएको कार्यालय प्रमुख रामकुमार बस्नेतले बताए। अब सरोकारवाला पक्षको सहमति पछि मात्र नापीको काम अगाडि बढ्ने प्रमुख बस्नेतको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकले पनि कालिञ्चोक कुरीको जग्गा नापी गर्ने विषयमा विवाद भएपछि अहिले काम स्थगित भएको बताए। मन्त्रीस्तरीय निर्णयबाट कुरीको जग्गा नापी गर्न गुठीमार्फत बजेट निकासा भएपछि काम शुरू गर्न लागिएको तर विवाद भएपछि अहिले प्रक्रिया अगाडि नबढेको प्रजिअ पाठकले बताए। अन्य सरोकारवाला पक्षले भनेजस्तो गुठीकै नाममा नापी गर्न लागिएको भन्ने कुरा भने गलत रहेको प्रजिअ पाठकले बताए।

नापीको टोलीले नापनक्सा गरेपछि आवश्यक कागज प्रमाणका आधारमा मात्र कसको नाममा नापी गर्ने भन्ने निर्णय हुने उनको भनाइ छ। नापी गर्नका लागि वडा प्रतिनिधि अनिवार्य भएकाले सहमतिबिना कुनै एउटा पक्षको नाममा मात्र नापी हुन नसक्ने प्रजिअ पाठकले बताए। तर अहिले आमरुपमा बुझिएजस्तो गुठीको नाममा नापी भएपछि गुठीयारहरू मोहियानी बन्ने प्रक्रिया भने कुरीको जग्गाको सवालमा लागू नहुने प्रजिअ पाठकको भनाइ छ। अब सरोकारवाला पक्ष सबैको संयुक्त बैठक राखी छलफल गरिने र कागज प्रमाणको आधारमा कसको नाममा नापी गर्ने भन्ने टुंगोमा पुग्न सकिने प्रजिअ पाठकले बताए।

कालिञ्चोक गाउँपालिकाका प्रमुख विनकुमार थामीले कुरीको जग्गा सरकारले जबरजस्ती गुठीको नाममा नापी गर्न थालेपछि गाउँपालिकाले त्यसलाई रोक्न नापी कार्यालयमा पत्राचार गरेको उल्लेख गर्दै उक्त जग्गा सार्वजनिक भएकाले कालिञ्चोक गाउँपालिकाको नाममा नापी हुनुपर्ने दाबी गरे। गाउँपालिका प्रमुख थामीले वन कार्यालयको नाममा नापी भए पनि गाउँपालिकालाई आपत्ति नहुने तर गुठीको नाममा भने कुनै पनि हालतमा नापी हुन नसक्ने बताए।

## विद्यालयमा २० कोठे भवन शिलान्यास

नेपाल समाचारपत्र

हेटौंडा

हेटौंडाको पुरानो र चर्चितमध्ये एक भुटनदेवी माध्यमिक विद्यालयको भवन बिहीबार शिलान्यास गरिएको छ। नेपाल सरकार र जापानी सहयोग नियोग (जाइका) को सहयोगमा भुटनदेवी माविका २० कोठे ३ वटा नयाँ भवन शिलान्यास गरिएको हो।

भूकम्पले विद्यालय भवनलाई क्षति पुऱ्याएपछि अनुगमन समितिले रातो स्टिकर टाँस गरेको थियो। शिलान्यास कार्यक्रम विद्यालय व्यवस्थापन समिति अध्यक्ष गोविन्द दाहालको सभाध्यक्षता तथा विद्यालयका सल्लाहकार समिति संयोजक/पूर्वसांसद केदारप्रसाद न्यौपानेको प्रमुख आतिथ्यतामा भएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ अध्यक्ष कृष्ण कटुवाल, शिक्षक तथा अभिभावकको सहभागिता थियो।

२०१६ सालमा स्थापना भएको भुटनदेवी जिल्लाकै दोस्रो सामुदायिक विद्यालय हो।



भुटनदेवीमा विद्यालय तहबाट प्राविधिक विषय अध्यापन गराइँदै आएको छ। विद्यालय प्राचार्य माधवप्रसाद दाहालका अनुसार भवनको निर्माण डेढ वर्षभित्र सकिने अपेक्षा छ। भवनको लागत करिब ६ करोड रहने उहाँले बताउनुभयो। नयाँ भवन निर्माणपछि विद्यालयलाई सहजरुपमा सञ्चालन गर्न थप अन्य भवन आवश्यक पर्ने दाहालले बताउनुभयो।

## नगर न्यायिक समितिमा १९ मुद्दा

हेटौंडा, (नेस)

हेटौंडा उपमहानगरपालिकाको न्यायिक समितिमा हालसम्म १९ वटा मुद्दा परेको छ। न्यायिक समिति गठनपछि विभिन्न प्रकारका १९ मुद्दा परेका हुन्।

न्यायिक समितिमा परेका मुद्दामध्ये २ वटा मुद्दामात्र मेलमिलाप भएका छन्। पक्रियामा रहेका मुद्दा २ वटा, कार्यपालिकामा गएका मुद्दा १, मेलमिलाप गर्न आदेश भएका मुद्दा २ वटा छन्। हाल माना चामल भराउने, सम्बन्ध विच्छेद, झै-झगडाका बढी मुद्दा परेको हेटौंडा उपमहानगर उपमेयर तथा न्यायिक समिति संयोजक मीना लामाले बताउनुभयो।

समितिले अदालत पठाउन सिफारिस गरेका मुद्दा २ वटा छन्। मुद्दा हाल्ने र तारेखसमेत छाडेका मुद्दा भने १० वटा रहेको समिति संयोजक लामाले बताउनुभयो। हेटौंडा उपमहानगरले न्याय सम्पादनलाई घरदैलोमा पुऱ्याउने उद्देश्यले १९ वटै वडामा ६६ जना मेलमिलापकर्ता राखेको छ।

स्थानीय तहमा न्यायिक समिति गठनपछि सानातिना मुद्दा लिएर अदालतसम्म धाउनुपर्ने बाध्यता हटेर न्याय खोज्न अब अदालत धाइरहनु पर्दैन।

नेपालको संविधानले धारा २१७ मा स्थानीय तहमा ३ सदस्यीय न्यायिक समिति गठन गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा स्थानीय तहलाई २४ प्रकारका मुद्दा हेर्ने अधिकार दिइएको छ। तीमध्ये १३ विषयमा विवाद निरुपण गर्न र ११ वटामा मेलमिलाप गराउन पाइन्छ।

न्यायिक समिति स्थानीय तहका उपाध्यक्षको संयोजकत्वमा हुन्छ। यसमा उजुरी दर्ता गर्न शुल्क लाग्दैन। मकवानपुरका १० वटै स्थानीय तहमा २०७४/७५ मा २ सय १ उजुरी परेका छन्। १ सय ६३ वटा छिनोफानो भइसकेका छन्।

## मकवानपुरमा जीपीएस ट्र्याकिङ डिभाइस

हेटौंडा, (नेस)। सिलिकन नेपाल प्रालिले मकवानपुरमा जीपीएस ट्र्याकिङ डिभाइसको सेवा थालेको छ। कुनै गाडीको स्थान, अवस्था घरबाट पत्ता लगाउन सकिने र आपत्कालीन अवस्थामा घरमा बसेर इन्जिन अफ गर्न सकिने जीपीएस ट्र्याकिङको बिहीबार मकवानपुर उद्योग वाणिज्य संघ अध्यक्ष कृष्ण कटुवालले उद्घाटन गर्नुभएको हो।

जीओ मेट कम्पनीको जीपीएस ट्र्याकिङ जडान गरिएको गाडीको अवस्थादेखि इन्धनको विवरणसम्म पत्ता लगाउन सकिनेछ। यसको बजार मूल्य १५ देखि ४५ हजारसम्म रहेको सिलिकन नेपाल प्रालिका म्यानेजिङ डाइरेक्टर छतेन्द्र आचार्यले जानकारी दिनुभयो।

कार्यक्रमका अध्यक्ष कटुवालले लाखौं मूल्य पर्ने सवारीलाई चालकको भरमा मात्र छोड्दा विभिन्न समस्या आउने गरेको स्मरण गराउँदै जीपीएस ट्र्याकिङ डिभाइस जडान गरेर आवश्यक विवरण लिन र सवारी सुरक्षा गर्न सकिने बताउनुभयो।

## टेलिफोनमार्फत प्रमद्धारा एप्लिकेसनको उद्घाटन

मोतीराम तिमल्सिना, काभ्रे

प्रधानमन्त्री केपी शर्मा ओलीले धुलिखेल नगरपालिकाको मोबाइल एप्लिकेसन टेलिफोन गरी शुभारम्भ गरेका छन्। काठमाडौंको सोल्टी होटलबाट प्रधानमन्त्री ओलीले कर्मचारीलाई टेलिफोन गरी उक्त एप्लिकेसनको शुभारम्भ गरेका हुन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र फ्रोस्ट एन्ड सुलिभानद्धारा आयोजित 'डिजिटल नेपाल कन्फरेन्स' को शुभारम्भकै बीचमा स्थानीय सरकारमा प्रयोग गर्न लागिएको एप्स धुलिखेल नगरपालिकामा शुभारम्भ गरिएको हो। प्रधानमन्त्री ओलीले डिजिटल नेपाल बनाउने अभियानमा स्थानीय सरकारलाई डिजिटल सरकार बनाउने प्रयासस्वरुप तयार गरिएको एप्सको उद्घाटन गरेका थिए। 'डिजिटल नगरपालिका बनाउने कदमको सुरुआत एप्सबाट भएको छ', प्रमुख प्रशासकीय अधिकृत महेश बराललेे भने- 'सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मन्त्री गोकुल बास्कोटाको विशेष पहलमा धुलिखेल नगरपालिकामा उक्त एप्लिकेसन तयार भएको हो।'

एप्लिकेसनमा नगरपालिकाले प्रदान गर्ने सेवाहरू, कार्यक्रम तथा परियोजना, सूचना तथा जानकारी, सुझाव तथा गुनासो, समस्या दर्ता, वडा वितरण, महत्त्वपूर्ण स्थान, जनमतलगायतको फिचरहरू समावेश गरिएका छन्। आवश्यकताअनुसार उक्त एप्समा फिचरहरू थप्न सकिने बराललेे बताए। नागरिकले नगरपालिकाले प्रदान गरेका सेवामा प्रत्यक्ष कुरासमेत गर्न सक्ने उक्त एप्सको प्रयोगले नगरपालिकाले योजना निर्माणदेखि कार्यान्वनसम्म हुने अपेक्षा गरिएको छ। नगरपालिको धुलिखेल बुझ्न चाहनेका लागि र घुम्न चाहनेका लागि सहयोग पनि हुनेछ।

उक्त कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक संक्रमणकाल पूरा गरी मुलुक आर्थिक रुपान्तरणको चरणमा प्रवेश गरेकाले विश्व दुनियाँमा प्रतिस्पर्धी बन्न सूचना प्रविधिको सदुपयोग अपरिहार्य भएको बताएका थिए। प्रधानमन्त्री ओलीले गतिशील दुनियाँमा त्यसअनुसार कुद्न नसकेमा कसैले पर्खेर नबस्ने उल्लेख गर्दै सरकार सुशासनमार्फत देशलाई विकसित र समृद्ध बनाउन सूचना प्रविधिको प्रयोग बढाउने प्रक्रियामा रहेको बताए।

सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले सूचना प्रविधिले सहज सेवा प्रवाह, आर्थिक वृद्धि र रोजगारी सिर्जनालगायत क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले छिमेकी भारत र चीनले सूचना प्रविधिमा गरेको प्रगतिलाई आत्मसात गरी कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन आदिका क्षेत्रमा यसको प्रयोगको व्यापकता गरिने बताए। नागरिकको जीवन सहज बनाउन तथा सूचना एवं ज्ञान बाँड्न सम्मेलनबाट प्राप्त सुझावबाट सरकारको समृद्ध नेपाल र सुखी नेपालीको सपना पूरा गर्न योगदान मिल्ने मन्त्री बाँस्कोटाले बताए।

मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले सरकारले राष्ट्रिय परिचयपत्र बनाई एकै परिचयपत्रबाट सबै सेवाका लागि प्रयोग गराउने नीति लिएकामा त्यसका लागि डिजिटल नेपाल लागू हुनु अत्यावश्यक भएको बताए। फ्रोस्ट एन्ड सुलिभानका अन्तर्राष्ट्रिय अध्यक्ष अरुप जुट्शीलले 'डिजिटल नेपाल : समृद्ध नेपाल र सुखी नेपालीका लागि सामाजिक र आर्थिक कार्यढाँचा' बारे कार्यपत्र प्रस्तुत गर्दै डिजिटल क्रान्तिले आर्थिक रुपान्तरणलाई तीव्र बनाउँदै नेपाललाई विकसित बनाउने बताए। उनले परम्परागत उद्योग र रोजगारीलाई डिजिटल प्रविधिको प्रयोगबाट सिर्जनशील र सहज बनाउन सकिने बताए।




## चितवनमा विद्युत्को माग बढ्यो

चितवन, (नेस)

शहरीकरण र बसाइसराइ बढेसँगै भरतपुरमा विद्युत्को माग बढ्दै गएको छ। नेपाल विद्युत् प्राधिकरण भरतपुरका प्रमुख सुरेशकुमार महतोका अनुसार भरतपुर महानगर, माडी, इच्छा कामनामा मात्र वार्षिक ६ हजार नयाँ ग्राहक थपिन्छन्। त्यसै गरी विद्युत् प्राधिकरण टाँडी शाखाका अनुसार टाँडीमा वार्षिक ५ हजार १ सय नयाँ ग्राहक थपिन्छन्। भरतपुर केन्द्रको मासिक कारोबार १३ करोड रुपियाँ रहेको छ, जसको अनुपातमा यस केन्द्रको वार्षिक कारोबार १ अर्ब ५६ करोड हुन आउँछ। त्यस्तै टाँडी केन्द्रको वार्षिक कारोबार ५९ करोड ९६ लाख १७ हजार ६ सय ५८ रुपियाँ रहेको छ। यसरी समग्र चितवनको विद्युत्को कारोबार हेर्दा वार्षिक २ अर्ब ३६ करोड हुन आउँछ।

विद्युत् प्राधिकरण भरतपुरका सुपरभाइजर ओम अधिकारीले पहाडी क्षेत्रबाट तराई झर्ने क्रम नरोकिएकाले पनि मिटरबक्सका लागि चितवनमा धेरै आवेदन पर्ने गरेको बताए। उनले भने- 'विद्युत् खपतको माग वार्षिक २० प्रतिशतभन्दा धेरैले बढिरहेको छ।'

विद्युत् प्राधिकरणको केन्द्रीय सर्कुलरमा ७ दिनभित्र उपभोक्ताको घरमा नयाँ मिटरबक्स जोडिदिने सर्कुलर भए पनि त्यो सर्कुलर भरतपुरमा पूरा हुन नसकेको सुपरभाइजर अधिकारीले बताए। उनले भने- 'अहिले भरतपुरमा नयाँ मिटरबक्स पाउनका लागि कम्तीमा पनि ३ महिना कुर्नुपर्ने हुन्छ।'

विद्युत् प्राधिकरण भरतपुरका इन्जिनियर अन्जनीकुमार यादवका अनुसार ग्लोबल टेन्डरबाट आउने नयाँ मिटरबक्स भरतपुरमा उपलब्ध नभएकाले पनि नयाँ ग्राहकलाई मिटरबक्स उपलब्ध गराउन नसकिएको बताए। उनले भरतपुर क्षेत्रमा मात्र वार्षिक झन्डै ८० को हाराहारीमा ट्रान्सफर्मर पड्कने गरेको बताए। लाइनको गडबडीले ट्रान्सफर्मरमा समस्या आउने उनले बताए।

भरतपुर १० दीपेन्द्रचोकबाट नयाँ घरमा मिटरबक्स जडानका लागि विद्युत् प्राधिकरण पुगेका सुरज गुरुङले विगत १ महिनाअगाडि नै नयाँ मिटरबक्स जडानका लागि निवेदन दिए पनि आजसम्म पाउन नसकेको बताए। उनले भने- 'प्रविधिको प्रयोग बढेर प्रायः कार्यालयहरू विस्तारै डिजिटलको युगमा पुग्दा पनि विद्युत् प्राधिकरणको कार्यशैलीमा अझै परिवर्तन आउन सकेको छैन।' उनले सूचनाहरू कम्प्युटरमा नराखी फाइलहरू एक एक गरेर खोज्नुपर्ने बाध्यता रहेको बताए। कर्मचारीको काम गर्ने शैलीमा पनि वर्षौं अगाडि जस्तो थियो त्यस्तै रहेको गुरुङले गुनासो गरे। उनले भने- 'विद्युत् प्राधिकरणमा खोजेको समयमा कर्मचारी नै भेटिँदैनन्।'

## कुखुरा शिकार गरेको अजिंगर वनमै छाडियो

हेटौंडा, (नेस)

मकवानपुरको मनहरी-९ स्थित मीना भुजेलको कुखुराको खोरमा फेला परेको करिब १० फिट लामो अजिंगरलाई स्थानीयले पर्सा वन्यजन्तु राष्ट्रिय निकुञ्जस्थित प्रतापपुर पोस्टनजिक वनमा छाडेका छन्।



अजिंगरले खोरका ४ वटा कुखुरा खाएको कुखुराधनी भुजेलले बताउनुभयो। खोरमा अजिंगर पसेपछि उहाँले छरछिमेक र जनप्रतिनिधिलाई खबर गर्नुभएको थियो।

स्थानीयको कुखुरा खोरमा पसेको अवस्थामा ९ नम्बर वडाध्यक्ष साधुराम अधिकारी, पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पदाधिकारी तथा कर्मचारीले अजिंगर समातेका हुन्।

मध्यवर्ती उपभोक्ता समिति अध्यक्ष पदम तितुङले नियन्त्रणमा लिइएको अजिंगरलाई पर्सा राष्ट्रिय निकुञ्जको प्रतापपुर क्षेत्रमा रहेको वनमा छोडिएको बताउनुभयो। उहाँका अनुसार नयाँ आर्थिक वर्ष शुरू भएपछि २ वटा अजिंगरलाई नियन्त्रणमा लिएर निकुञ्ज क्षेत्रमा छाडिएको छ।

हरेक वर्ष १५ भन्दा बढी अजिंगर मानव बस्तीमा आउने गरेको भन्दै उहाँले सबै अजिंगरलाई नियन्त्रणमा लिएर निकुञ्ज क्षेत्रमा छाड्ने गरिएको बताउनुभयो। निकुञ्जसँगै राप्तीवारि रहेका सरकारी र सामुदायिक वनको सिमसार क्षेत्रमा अजिंगरको बास रहेको हुनसक्ने अध्यक्ष तितुङको आशंका छ।

२०७५ साउन
शनिबार
१९

समयमै स्वास्थ्य परीक्षण नगरिँदा पछि देखिने रोगले थप समस्या बढ्ने, दुःख, हैरानी एवं खर्च पनि अत्यधिक हुने गरेको भेटिएको छ।

# नेपाल

# प्रहरीका लागि निःशुल्क स्वास्थ्य शिविर

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङमा प्रहरीका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। जिल्ला प्रहरी कार्यालयको आयोजनामा प्रहरी लक्षित १ दिने स्वास्थ्य शिविर गरिएको हो।

शिविरमा जिल्ला प्रहरी कार्यालय र सो मातहतका प्रहरी तथा कर्मचारीहरूको स्वस्थ्य परीक्षण गरिएको हो। दैनिक जनताको सेवामा खटिने प्रहरीहरू आफू स्वस्थ रहेनन् भने सेवा प्रवाह प्रभावकारी नहुने भन्दै विशेषतः प्रहरी लक्षित स्वास्थ्य शिविर आयोजना गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक यादव ढकालले बताउनुभयो। उहाँका अनुसार प्रहरीहरू नियमित र दैनिक सेवामा खटिरहने हुँदा उनीहरूको नियमित स्वास्थ्य परीक्षण नहुँदा एकैचोटी ठूलो समस्या देखिने गरेकाले नियमित स्वास्थ्य परीक्षणलाई प्राथमिकता दिइको हो। रोग नलागे पनि समयसापेक्ष स्वास्थ्य परीक्षण गराउनुपर्छ भन्ने सन्देश दिनका लागि निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको प्रनाउ ढकालले जानकारी दिनुभयो।



शिविरमा १ सय १० जना प्रहरी र १० जना थुनुवाको स्वास्थ्य परीक्षण गरिएको जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी राजेन्द्र अधिकारीले बताउनुभयो। उहाँका अनुसार शिविरमा प्रेसर, सुगर, हर्टबिटलगायतका परीक्षण साथै परामर्श सेवा प्रदान गरिएको थियो। सो शिविर स्वास्थ्य शिविर जिल्ला जनस्वास्थ्य कार्यालय र लमजुङ जिल्ला सामुदायिक अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन गरिएको हो।

'समयमै स्वास्थ्य परीक्षण नगरिँदा पछि देखिने रोगले थप समस्या बढ्ने, दुःख, हैरानी एवं खर्च पनि अत्यधिक हुने गरेको भेटिएको छ', प्रनाउ ढकालले भन्नुभयो- 'रोग लाग्नुअघि नै नियमित स्वास्थ्य परीक्षण गराएमा यस्तो समस्या न्यूनीकरण गर्न सकिन्छ।'

## ट्याक्टर दुर्घटनामा एकजनाको मृत्यु

पर्वत, (नेस)

पर्वतको कुस्मा नगरपालिका-९ कटुवा चौपारीमा ट्याक्टर दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ट्याक्टरका सहचालक बाग्लुङ नगरपालिका-१३ बलेवा बस्ने अन्दाजी १६ वर्षका कमल नेपाली रहेका छन्। कुश्माबाट साइकलचोक जाँदै गरेको ग१त २८२२ नम्बरको सामानसहितको ट्याक्टर पल्टिँदा सोही ट्याक्टरले च्यापिएर नेपालीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ।

दुर्घटनामा बाग्लुङ नगरपालिका-१३ बलेवा बस्ने २१ वर्षका विवेक नेपाली घाइते भएका छन्। घाइते नेपालीको पर्वत जिल्ला अस्पतालमा उपचार भइरहेको प्रहरी निरीक्षक सुरज खत्रीले जानकारी दिनुभयो। मृतक नेपालीको शव पोस्टमार्टमका लागि पर्वत जिल्ला अस्पतालमा राखिएको खत्रीले जानकारी दिनुभयो।

# बालविवाह गर्ने पक्राउ
## एक श्रमिक बालिकाको उद्धार

**विजय नेपाली, पोखरा**

कास्कीमा बाजागाजासहित भव्यरुपमा भइराखेको बालविवाह मण्डपमा नै रोकिएको छ भने १ श्रमिक बालिकाको उद्धार गरिएको छ।

रुपा गाउँपालिका-५ खोलाको छेउमा बालविवाह भइरहेको अवस्थामा २२ वर्षीय सुजन सुवेदी र १८ वर्षीय बालिका गोमा केसीसहित परिवारलाई कास्की प्रहरीले पक्राउ गरेको छ।

केटीको उमेर नपुग्दै विवाह गरेको खबर पाएलगत्तै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक (डिएसपी) रवीन्द्रमान गुरुङले बताए। उमेर नपुग्दै विवाह गर्नु गैरकानुनी रहेको र यसमा संलग्न सबैलाई कारबाही हुने बताउँदै महानगरनजिकै यसरी विवाह हुनु निकै नराम्रो रहेको बताए। 'बालविवाह गर्ने गराउने नै कानुनको नजरमा दोषी हुन्। यो विवाहसँग सम्बन्धित सबै कारबाहीमा पर्छन्' -डिएसपी गुरुङले भने।

२० वर्ष नपुग्दै विवाह गर्नु दण्डनीय रहेको छ। उमेर नपुग्दै विवाह गराउने गर्ने र जन्ती जानेसमेत अपराधी ठहरिने केन्द्रीय बालकल्याण समिति बालअधिकार स्रोतव्यक्ति बद्री वाग्लेले बताए। 'उमेर नपुग्दै विवाह गर्न लगाउनु अपराध हो। बालविवाह प्रश्रय गराउने, पुरोहित र जन्ती जानेसमेत अपराधी हुन्' -उनले भने। आफूहरूको पहिलेदेखि नै प्रेम सम्बन्ध रहेको र दुवैको सहमतिमा नै विवाह गर्न लागेको गोमाले बताइन्। 'छोरीले विहे गर्छु भनी, हामीले सम्झाएका त हौं, विहे गर्न नदिए मर्छु भनिन्। छोराछोरी हुन् माया लाग्छ, दुवै परिवारको सहमतिमा हामिले विवाह गराएका हौं' -गोमाकी आमाले बताइन्। बालविवाह गराएमा ६ महिना जेल वा १० हजार रुपियाँ जरिवाना अथवा दुवै सजायसमेत हुन सक्छ।

यता पोखरा लेखनाथ महानगरपालिका लामाचौरमा रहेको पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पसको चमेनागृहमा काम गर्दै आइरहेकी एक बालिकालाई समेत उद्धार गरिएको छ।

गुल्मी घर भई श्रमिकको रुपमा रहेकी १६ वर्षीय एक बालिकाको उद्धार गरेको पोखरा उद्योग वाणिज्य संघ बालश्रम न्यूनीकरण कार्यक्रम परियोजना संयोजक प्रीति पाण्डेले बताइन्। चमेनागृह सञ्चालक विजय अर्यालले २ वर्षदेखि काममा राखेर खान बस्नबाहेक अन्य सुविधा नदिइएको पाण्डेले बताइन्।

प्रहरीले विशेष सूचनाका आधारमा महानगरपालिका, पोखरा उद्योग वाणिज्य संघ बालश्रम न्यूनीकरण कार्यक्रम परियोजना, केन्द्रीय बाल कल्याण समिति, पोखरा उद्योग वाणिज्य संघ, शक्ति समूह, मानवअधिकार आयोग, थ्रीएन्जलसलगायतको सहयोगमा बालविवाह गर्नेलाई पक्राउ गरी श्रमिक बालिकाको उद्धारसमेत गरेको हो।

## ट्याक्सी खोलामा खस्दा आमाछोरा बेपत्ता

म्याग्दी, (नेस)

म्याग्दीको सदरमुकाम बेनीबजारस्थित खुलामञ्च नजिकै रहेको बहुउद्देश्यीय खेल मैदानबाट ट्याक्सी खोलामा खस्दा २ जना बेपत्ता भएका छन्। शुक्रबार बिहान ध१ज २५१ नम्बरको ट्याक्सी चलाउन सिक्ने क्रममा म्याग्दी खोलामा खस्दा आमाछोरा बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

ट्याक्सी खोलामा खस्दा पर्वत जलजला-२ बौरकी शोभा अधिकारी खाती र उनका ८ वर्षीय छोरा सागर खाती बेपत्ता भएको म्याग्दीका प्रहरी नायब उपरीक्षक वीरबहादुर बुढामगरले बताउनुभयो। ट्याक्सी चलाउन सिकाउने न्यु बेनी इन्स्टिच्युटका प्रशिक्षकले आफू पिसाब गर्न गएको समयमा दुर्घटना भएको बताएको प्रनाउ बुढामगरको भनाइ छ।

बेपत्ता आमाछोरा र ट्याक्सीको खोजी कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ। बहुउद्देश्यीय खेल मैदानको नाम दिएको मैदानको छेउमा हाटबजार सञ्चालनका लागि कृषि उपज संकलन केन्द्रको भवनसमेत रहेको छ। मैदानको डिलमा घेराबार तथा तारजाली लगाइएको छैन भने नजिकैबाट म्याग्दीखोला बग्छ।

# ११ वटा पानी उद्योगको प्रशोधित पानीमा कोलिफर्म

**सरोज यादव, विराटनगर**

विराटनगरका पानी उद्योगहरूले उत्पादन गरेको प्रशोधित पानीमा दिशामा पाइने हानिकारक 'कोलीफर्म जिवाणु' भेटिएको छ। विराटनगरका ११ उद्योगहरूले उत्पादन गरेको पानीमा मानव स्वास्थ्यलाई गम्भीर प्रभाव पार्ने कोलिफर्म जीवाणु भेटिएको हो। सामाजिक विकास मन्त्रालयको नेतृत्वमा साउन पहिलो साता विराटनगरमा सञ्चालित पानी उद्योगहरूको अनुगमन गरिएको थियो।

अनुगमनका क्रममा ६ वटा पानी उद्योगमा शिलबन्दी गरिएको थियो भने २० वटा उद्योगको पानी परीक्षणका लागि नमुना संकलन गरिएको थियो। नमुना संकलन गरिएका २० मध्ये ११ वटा उद्योगले उत्पादन गरेको पानीमा कोलिफर्म भेटिएको हो भने अन्य ३ वटा उद्योगले उत्पादन गरेको पानी पिउन अयोग्य देखिएको छ। नमुना परीक्षण गरिएका २० वटामध्ये ६ वटा उद्योगले उत्पादन गरेको पानी पिउन योग्य पाइएको थियो।

जार र बोतलमा प्रशोधित पानी उत्पादन गरी बिक्री गर्दै आएका उद्योगहरूको पानीमा कोलिफर्म भेटिएको हो। मन्त्रालयले गरेको अनुगमनका क्रममा नमुना संकलन गरिएको पानी परीक्षण गर्दा ११ वटा उद्योगको पानीमा कोलिफर्म भेटिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगरका प्रमुख प्रमोद कोइरालाले जानकारी दिए।

उनका अनुसार अनुगमनका क्रममा भेटिएको रिपोर्ट सामाजिक विकास मन्त्रालयमा बुझाइएको छ। मन्त्रालयको नेतृत्वमा अनुगमन भएको बताउँदै उनले पानी परीक्षणको रिर्पोट साउन १४ गते नै मन्त्रालयमा बुझाएको जानकारी दिए।

मन्त्रालयले भने सार्वजनिकरुपमा कार्यक्रम गरेर रिपोर्ट सार्वजनिक गर्ने बताउँदै आएको छ। कुन-कुनमा कोलिफर्म भेटिएको र कुन उद्योगमा समस्या छ भन्ने सार्वजनिक नगरेको सामाजिक विकास मन्त्रालयले शुक्रबार परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने तयारी गरेको मन्त्रालयका सहसचिव गोपीप्रसाद घिमिरेले जानकारी दिए।

४ वर्षअघि खानेपानी संस्थानले वितरण गरेको पानीमा कोलिफर्म भेटिएको थियो। पानीकै कारण विराटनगरमा कमलपित्त 'जन्डिस' को प्रकोप फैलिएको थियो। प्रकोपका कारण १२ जनाको मृत्यु भएको थियो भने धेरै मानिस बिरामी परेका थिए।

विराटनगरमा कमलपित्तको प्रकोप फैलिएसँगै जार तथा बोतलको पानी खानेको संख्या हवात्तै बढेपछि पानी उद्योगहरू पनि थपिए। तर त्यसपछि खासै पानी उद्योगको अनुगमन भएको थिएन।

प्रदेश १ सामाजिक विकास मन्त्रालयमा गोपीप्रसाद घिमिरे सरुवा भएर आएपछि सामाजिक विकासमन्त्री जीवन घिमिरेले अनुगमनको जिम्मेवारी लिएका थिए। घिमिरेको नेतृत्वमा भएको अनुगमन समितिले अनुगमनका क्रममा पानीको नमुना संकलन गरेको थियो।

# यातायात व्यवस्था कार्यालय अब प्रदेश सरकारको मातहतमा

वीरगन्ज, (नेस)। प्रदेश-२ सरकारले वीरगन्जमा रहेको यातायात कार्यालयलाई आफ्नो मातहतमा रहने व्यवस्था मिलाएको छ।

शुक्रबार उसले केन्द्रीय भौतिक पूर्वाधार मन्त्रालय मातहतमा रहेको उक्त कार्यालयलाई आफ्नो मातहतमा ल्याएको हो। अब यही कार्यालयले सवारीचालक अनुमतिपत्र दिनेछ। वीरगन्जमा रहेको यातायात व्यवस्था कार्यालय सवारी तथा सवारीचालक अनुमतिपत्रको कार्यालय प्रदेश-२ को भौतिक पूर्वाधार विकास मन्त्रालयमा मातहतमा आएको हो। कार्यालयको प्रदेश नं २ का भौतिक पूर्वाधार तथा यातायात विकासमन्त्री जितेन्द्र सोनलले शुक्रबार उद्घाटन गरेका छन्।

कार्यक्रममा मन्त्री सोनलले भने- 'कसैकसैले मलाई पहिलेदेखि नै भएको कार्यालय किन उद्घाटन गरेको भनेका छन् तर म भन्छु यो ऐतिहासिक काम हो किनकी यातायात व्यवस्था कार्यालयका कर्मचारी पहिले नेपाल सरकारका थिए, अब प्रदेश सरकारका कर्मचारी भएका छन्। यो परिवर्तन हो', उनले भने- 'यही परिवर्तनका लागि जनताले घन्टाघरमा नारा लगाएका थिए। कोइला र पेन्टले 'मधेस सरकार' लेखेका थिए। अब हामी मधेस सरकारको नजिक पुगेका छौं।'

यातायात व्यवस्था कार्यालय प्रदेश सरकारको मातहतमा आएपछि कार्यालयबाट उठ्ने ३ सय करोड राजश्व प्रदेशको हुने र त्यसलाई प्रदेशको विकासमा प्रयोग गरिने उनले बताए। 'प्रदेश सरकारका धेरै मन्त्रालयको बजेट त्यति छैन। तर वीरगन्जको यातायात व्यवस्था कार्यालयबाट साढे ३ सय करोड रुपियाँ राजश्व उठ्ने गरेको रहेछ। राजपा महामन्त्रीसमेत रहेका मन्त्री सोनलले केन्द्र सरकारसँग समन्वय र संघर्ष दुवै हुने बताए।

## लक्षित समुदायको बजेटमा अनियमितता
### वडा कार्यालयमा तालाबन्दी

**विनोदसिंह विष्ट, बैतडी**

लक्षित समुदायको बजेटमा अनियमितता गरेको आरोप लगाउँदै बैतडीको मेलौली नगरपालिका वडा नं २ को कार्यालयमा स्थानीयले तालाबन्दी गरेका छन्। वडा कार्यालयले लक्षित समुदायको बजेटमा अनियमितता गरेको आरोप लगाउँदै स्थानीयले बिहीबारदेखि तालाबन्दी गरेका हुन्।

लक्षित समुदायका लागि वडा कार्यालयले गतवर्ष ७५ हजारका दरले रकम छुट्याएको तर कर्मचारीले उनीहरूको मागविपरीत कम्बल खरिद गरेकाले तालाबन्दी गरेको स्थानीय देव जोशीले जानकारी दिएका छन्। स्थानीयले लक्षित समुदायको बजेटमा भएको अनियमितताका विषयमा छानबिन हुनुपर्ने माग गर्दै प्रकाश जोशीको संयोजकत्वमा संघर्ष समितिसमेत गठन गरेका छन्।

दलित, अपांगता भएका नागरिक र जेष्ठ नागरिकका लागि ७५ हजारका दरले रकम छुट्याएको र कर्मचारीहरूले आफ्नै हिसाबले कम्बल खरिद गरेको स्थानीय पवन भट्टले जानकारी दिएका छन्। लक्षित समुदायको बजेटबाट बाख्रापालनलगायतका काम गर्नका लागि वडा कार्यालयमा आसयपत्र दिएको भए पनि कर्मचारीले आफ्नै तरिकाले कम्बल खरिद गरेको स्थानीयको आरोप छ।

यो विषयमा आफूसँग समेत कर्मचारीले कुनै सल्लाह नगरेको वडाध्यक्ष महेन्द्रबहादुर चन्दले बताएका छन्। 'लक्षित समुदायका मागविपरीत कम्बल खरिद गरिएको हो', उनले भने- 'कसैले लक्षित समुदायको रकममा अनियमितता गरेको भेटेमा कानुनी कारबाही हुन्छ।'

स्थानीयले वडासचिव भानबहादुर चन्द र कृषि प्राविधिक नरेन्द्र नेगीले कम्बल खरिद गर्दा अनियमितता गरेको आरोप लगाएका छन्। वडा कार्यालयमा तालाबन्दी गरेपछि छानबिन समिति गठन गरेर निकासमा पुग्ने वडाध्यक्ष चन्दले बताएका छन्।

# चुरे क्षेत्रमा खानेपानीको संकट

**नेपाल समाचारपत्र**

बारा

निजगढ नगरपालिका-१३ भक्तलालका २ सय ५० परिवारले वर्षौंदेखि खानेपानी संकट झेल्दै छन्। उनीहरू शक्ति खोलाका दुषित पानी पिउन बाध्य छन्। वर्षासँगै उनीहरूको समस्या थप बढेको छ। वर्षायामका ३ महिना स्थानीय बाढीको धमिलो पानी पिउन बाध्य हुन्छन्।

निजगढ नगरपालिका वडा नम्बर २ र ३ सिगौलका ८ सय घरधुरी परिवारको चिन्ता पनि उस्तै छ। बस्ती उत्तरको खोल्साखोल्सीमा इन्टेक बनाएर आपूर्ति गरिएको धारामा वर्षा लागेपछि धमिलो पानी आउने गर्छ। स्वच्छ पिउने पानीको व्यवस्था नहुँदा स्थानीय काँखे र बगरे खोलाको धमिलो पानी पिउन बाध्य छन्।

जिल्लाको निजगढजस्तै अन्य क्षेत्रका अधिकांश बस्ती स्वच्छ खानेपानीको पहुँचभन्दा बाहिर छन्। स्वच्छ पिउने पानीको अभावमा यस क्षेत्रका बासिन्दा बर्षौंदेखि दुषित पानी पिउनुपर्ने बाध्यतामा छन्। जितपुर सिमरा उपमहानगरपालिका-२१ र २२ नम्बर वडाको अमलेखगंजका बासिन्दा पनि वर्षायाममा शक्ति, बगरे, दुधौरा र चकरी खोलाको दुषित पानी पिउन बाध्य हुँदै आएका छन्। अमलेखगंजका सयौं बासिन्दा खोल्साखोल्सीकै धमिलो पानीमा निर्भर छन्।

दुषित पानीकै कारण यस क्षेत्रमा झाडापखालाको महामारी फैलिने गरेको स्थानीयले बताए। महामारीकै कारण प्रत्येक वर्ष स्थानीयको ज्यान जाने गरेको छ। ती क्षेत्रमा स्वच्छ खानेपानीका लागि कुनै योजना सञ्चालनमा नआएको र सञ्चालनमा रहेका केही अयोजनाबाट पनि नियमित पानी आपूर्ति हुन नसकेकाले दुषित पानी पिउनुपर्ने बाध्यता रहेको स्थानीयले गुनासो गर्छन्।

'स्वच्छ पिउने पानीका लागि डिप बोरिङ पनि छ', निजगढ नगरपालिका वडा नम्बर २ सिगौलका पुर्णबहादुर तिमल्सिनाले भने- 'मर्मतसम्भारको अभावमा लामो समयदेखि पानी सञ्चालनमा आउन सकेको छैन।' डिप बोरिङ बन्द भएपछि स्थानीय खोल्साको धमिलो पानी पिउन बाध्य भएको तिमल्सिनाले बताए। डिभिजन खानेपानी कार्यालय कलैयाको सहयोगमा ४ वर्षअघि सञ्चालनमा आएको आयोजना बन्द भएको लामो समय बितिसक्दा पनि सम्बन्धित निकायले मर्मतमा चासो नदेखाएको उनको भनाइ छ। ४ वर्षअघिको भूकम्पसँगै डिप बोरिङबाट पानी आउन छाडेको थियो। सोही क्षेत्रका बासिन्दालाई लक्षित गरी वडा नम्बर २ को चौकी टोलमा निर्माण शुरू भएको ओभर हेड ट्यांकीसहितको डिप बोरिङ पनि लामो समयदेखि अधुरो नै छ। डिभिजन खानेपानी कार्यालयकै सहयोगमा डेढ वर्षअघिबाट निर्माण शुरू भएको सो आयोजनाको हालसम्म बोरिङ खन्ने कार्यसमेत पूरा हुन सकेको छैन।

डिभिजन खानेपानी र निजगढ नगरपालिका कार्यालयको उदासीनताका कारण आफूहरू शुद्ध पिउने पानीबाट बन्चित बन्नुपरेको निजगढ नपा-१३ भक्तलालका टंकबहादुर गोले बताउँछन्। 'डाँडाकाँडाका खोल्साखोल्सी र मूलमा रसाएको पानी जम्मा पारेर खाने गरेका छौं,' उनले भने- 'अरूबेला त ठिकै हुन्छ तर बाढी पहिरो आएको बेला धमिलो पानी पिउनुपर्छ।' उनले सरोकारवाला निकायले चासो नदेखाएपछि स्थानीय प्रयासबाट जेनतेन खानेपानीको व्यवस्था मिलाएको बताए। गोलेले स्वच्छ पिउने पानीको अभावमा स्थानीयको स्वास्थ्य जोखिममा पर्दै आएको छ। उनले बस्तीमा शुद्ध पिउने पानीका लागि डिप बोरिङ माग गर्दै पटक-पटक डिभिजन खानेपानी कार्यालयमा धाएको भए पनि सुनुवाइ नभएको बताए।

खानेपानीको हाहाकार हुने जितपुर सिमरा उपमहानगरपालिकाको चकरीमा पनि समस्या उस्तै छ। 'खोलाबाट पानी खाँदै आएका छौं', चकरीका धनबहादुर तामाङले भने- 'बाढीपहिरो र सुख्खाको बेला निकै सास्ती खेप्नुपर्छ।' वन विनासलगायत कारणले बस्ती वरिपरि रहेका स्रोत सुकेपछि पानीको अभाव बढ्दा स्थानीयले सास्ती बेहोर्नुपरेको तामाङको भनाइ छ। वन विनासका कारण केही वर्षयता स्थानीयले प्रयोग गर्दै आएको मूल र कुवासमेत सुकेका छन्।

चुरे क्षेत्रमा पर्ने निजगढ नगरपालिकाको लाल, बुङजोर कुलिया, डम्बरपुर र जितपुर सिमरा उपमहानगरपालिकाको चकरी, नयाँबस्ती, बिरेदमारलगायत गाउँमा खानेपानी अभाव छ। सरकारी तथा गैरसरकारी निकायको सहयोगमा खोलामा पाइप ओछ्याए पनि वर्षायाममा बाढीपहिरोले पाइप बगाउँदा तथा हिउँदमा मुहान सुकेका कारण खानेपानीको हाहाकार हुने गरेको हो।

## २५ रोपनी खेतमा रहेको गाँजा नष्ट

डोटी, (नेस)

जिल्ला प्रहरी कार्यालय डोटीले करिब २५ रोपनी क्षेत्रफलको जमिनमा रहेको गाँजा नष्ट गरेको छ। जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी निरीक्षक ध्रुवबहादुर विष्टको नेतृत्वमा गएको टोलीले दिपायल सिलगढी नगरपालिका वडा नम्बर ७ अन्तर्गत वनखेतमा बाँझो जमिन र खेतबारीमा उम्रिएको करिब २५ रोपनी क्षेत्रफलभित्र रहेको गाँजा नष्ट गरेको हो।

जिल्ला सदरमुकाम सिलगढी क्षेत्रबाट नजिकको क्षेत्रभित्र पर्ने हुँदा दिनानुदिन गाँजा प्रयोगकर्ताको संख्या बढिरहेकाले नष्ट गर्ने अभियान चलाइएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रवक्ता तथा डिएसपी लालबहादुर धामीले बताउनुभयो। उहाँले भन्नुभयो- 'खाली जमिनमा गाँजा उम्रिएको र उक्त गाँजा खानेको संख्या पनि दिनहुँ थपिन थालेपछि हामीले नष्ट गर्ने अभियान चलाएका हौं।'

साथै पवक्ता तथा डिएसपी धामीले डोटी प्रहरीले चलाएको अभियानलाई सफल पार्न स्थानीयबाट पनि सहयोगको आशा गरिएको बताउनुभयो। त्यस्तै प्रहरीले यसअघि डोटीको जोरायल क्षेत्रमा रहेको १५ रोपनी क्षेत्रफलभित्र रहेको गाँजा पनि नष्ट गरेको थियो। प्रहरीले यहाँका विभिन्न ठाउँका जमिनमा उम्रिएको गाँजा नष्ट गर्न थालेपछि स्थानीयबासी पनि खुसी भएका छन्।

**कम्पनी गाभिएको (मर्ज भएको) सूचना**

नेपाल बुलियन कम्पनी प्रा.लि.मा नेपाल रेमिटान्स प्रा.लि.र इंन्स्टेन्ट ट्रेडिङ् कम्पनी प्रा.लि.एक आपसमा गाभिएर (मर्ज) बनेको नेपाल बुलियन कम्पनी प्रा.लि. कायम गर्न श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५।०४।११ मा निर्णय भै नेपाल बुलियन कम्पनी प्रा.लि. कायम भएको ब्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

रजिष्टर्ड कार्यालय
का.म.न.पा. - ३३, सानोगौचरण, ज्ञानेश्वर, काठमाण्डौ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी, भक्तपुर, स्तर निर्धारण महाशाखाको
विराट हेल्थ कलेज विराटनगर मोरङको नामसारी, ठाउँसारी, स्वामीत्व हस्तान्तर तथा कार्यक्रम समायोजन सम्बन्धी ३५ दिने हकदावी सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०४/१८

यस परिषद् कार्यालयबाट सम्बन्धन/स्वीकृति प्राप्त गरी TSLC तहको ल्याब असिस्टेन्ट (१८ महिने) कार्यक्रम सञ्चालन गर्ने संस्था विराट हेल्थ कलेज विराटनगर मोरङले आफुले सञ्चालन गर्दै आएको TSLC तहको ल्याब असिस्टेन्ट (१८ महिने) कार्यक्रम अब उप्रान्त [illegible]

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर। फो.नं. ०१-६६३०४०८

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी, भक्तपुर, स्तर निर्धारण महाशाखाको
विराटनगर अस्पताल प्रा.ली विराटनगर मोरङको नामसारी स्वामीत्व हस्तान्तर तथा कार्यक्रम समायोजन सम्बन्धी ३५ दिने हकदावी सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०४/१८


यस परिषद् कार्यालयबाट सम्बन्धन/स्वीकृति प्राप्त गरी PCL तहको सामान्य चिकित्सा (३ बर्षे) कार्यक्रम सञ्चालन गर्ने संस्था विराटनगर अस्पताल प्रा.लि. विराटनगर मोरङले आफुले सञ्चालन गर्दै आएको PCL तहको सामान्य चिकित्सा (३ बर्षे) कार्यक्रम अब उप्रान्त [illegible]

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर। फो.नं. ०१-६६३०४०८

# विश्व

2018, AUG Saturday 4

**प्रदर्शन**
बसले दुई किशोरलाई किचेर मारेपछि पाँचौं दिन शुक्रबार पनि हजारौं बंगलादेशी विद्यालयका छात्रछात्राले विरोध प्रदर्शन गरेका छन्।



**आक्रमण**
अफगानिस्तानको एक सिया मस्जिदमा बुर्का लगाएका दुई जना पुरुषको आक्रमणमा २९ व्यक्तिको ज्यान गएको छ।



विश्व २ मिनेट

## अमेरिका
### सुरक्षित गन्तव्य

लिन्चवर्ग, (एजेन्सी)

एउटा बाँध भत्किने डरका कारण अमेरिकाको भर्जिनिया राज्यको लिन्चवर्ग शहरका विभिन्न भागमा बस्नेलाई सुरक्षित गन्तव्यमा जान शुक्रबार स्थानीय प्रशासनले आदेश दिएको छ। लिन्चवर्ग जलस्रोत विभागले बिहीबार साँझ १५ सेन्टिमिटर वर्षा भएपछि कलेज लेक ड्याममा क्षमताभन्दा बढी पानीको भार परेको छ। यदि बाँध भत्किएको खण्डमा सात मिनेटभित्र ५ मिटर अग्लो बाढी आउने राष्ट्रिय जल सेवाले जनाएको छ। ब्ल्यु रिड्ज माउनटेनमा रहेको यस शहरमा करिब ८० हजार जनसंख्या रहेको छ।

## बंगलादेश
### विशाल प्रदर्शन

ढाका, (एजेन्सी)

एउटा तीव्र गतिमा रहेको बसले दुई जना किशोरलाई किचेर मारेपछि पाँचौं दिन शुक्रबार पनि हजारौं बंगलादेशी विद्यालयका छात्रछात्राले विरोध प्रदर्शन गरेका छन्। सडक सुरक्षाको र पीडितलाई न्याय माग्दै विशाल प्रदर्शन गरिँदा राजधानी ढाका नै ठप्प हुन पुगेको छ। एक जना मन्त्रीले छात्राछात्रले आक्रोश भड्काउने काम गरिरहेको आरोप लगाएका छन्। शिक्षा मन्त्रालयले देशभरिका माध्यमिक विद्यालय बन्द गरी तिनीहरूको माग पूरा गर्ने बचन दिएको छ। तैपनि सरकारले विद्यार्थीले आफ्ना माग गम्भीर ढंगले नलिएको भन्दै प्रदर्शन जारी राखेको हो।

## स्विजरल्यान्ड
### कुकुरलाई जुत्ता

ज्युरिख, (एजेन्सी)

स्विजरल्यान्डको ज्युरिखमा नगर प्रहरीले कुकुर पाल्नेहरूलाई आफ्नो पाल्तु मित्रका लागि जुत्ता किन्न अपिल गरेको छ। कीर्तिमान गर्मी बढेपछि प्रहरीले उक्त आह्वान गरेको हो। आफ्नो पाल्तु मित्रलाई यो गर्मी मौसममा कसरी राहत दिने भन्ने विषयमा नागरिकलाई सचेत गराउन ज्युरिख प्रहरी 'हट डग अभियान' चलाएको सरकारी च्यानल एसआरएफले जनाएको छ। गर्मीले तातेको जमिनको सतह पाल्तु कुकुरको खुट्टाका लागि असह्य हुने र त्यसबाट उनीहरूलाई बचाउनुपर्ने प्रहरीले बताए। युरोपभरि यो वर्ष गर्मीले कीर्तिमान बनाएको छ। युरोपका विभिन्न भागमा लु चलिरहेको छ।

## अफगानिस्तान
### सियाविरुद्ध आक्रमण

काबुल, (एजेन्सी)

अफगानिस्तानको एक सिया मस्जिदमा शुक्रबार भएको आत्मघाती हमलामा कम्तीमा २० जनाको ज्यान गएको र ६० भन्दा धेरै घाइते भएका छन्। अफगानिस्तानको पाक्तिया प्रान्तको गार्देज शहरस्थित एक सिया मस्जिदमा शुक्रबारको नमाजपछि उक्त विस्फोट भएको हो। कयौं आत्मघाती आक्रमणकारीले मस्जिदमा प्रवेश गरी फरक फरक स्थानमा विस्फोट गरेको प्रान्तका प्रहरी प्रमुख जनरल रज मोहम्मद मन्डोजोइले बताए। उक्त आक्रमण कुन समूहले गरेको अहिलेसम्म स्पष्ट नभएको पनि उनले जानकारी दिए।

# विपक्षी नेता चामिसाद्वारा चुनावी परिणाम अस्वीकार

हरारे, (एजेन्सी)




जिम्बावेका विपक्षी नेता नेल्सन चामिसाले शुक्रबार राष्ट्रपति इम्मर्सन नान्गाग्वाको चुनावी विजयलाई अस्वीकार गर्दै यो झुठो र रुजू नगरिएको परिणाम भएको बताएका छन्। चुनावमा व्यापक धाँधली भएको आरोप लगाउँदै एमडीसी गठबन्धनका नेता चामिसाले कानुनी चुनौती दिने चेतावनी दिएका छन्। तर जिम्बावेको चुनाव आयोग (जेडईसी)ले भने मतगणनामा कुनै पनि अनियमितता नभएको दाबी गरेको छ। लामो समय सत्तामा टिकेका पूर्वराष्ट्रपति रोवर्ट मुगावेलाई गत नोभेम्बरमा अपदस्थ गरिएयता भएको यो पहिलो आम निर्वाचन हो।

१४ वर्षीय मुगावेले पनि औपचारिकरूपमै आफूले चामिसालाई चुनावमा समर्थन गर्ने जनाएका थिए। मुगावेको लामो समयसम्म भएको दमनकारी शासनपछि यस चुनावले जिम्बावेको राजनीतिले नयाँ पथ समाउने अपेक्षा गरिएको छ। खसेको कुल ४८ लाख मतमध्ये नान्गाग्वाले ५० दशमलव ८ तथा चामिसाले ४४ दशमलव ३ तथा बाँकी उम्मेदवारले २१ प्रतिशत मत हासिल गरेको बताइएको छ। चुनाव परिणामपछि असन्तुष्ट विपक्षी समूहले निकालेको विरोध जुलुसको क्रममा छ जनाको ज्यान गएको थियो। त्यसैले अहिले पनि हरारेमा कडा सुरक्षा व्यवस्थाका लागि थुप्रो संख्यामा प्रहरी र सेना परिचालन गरिएको छ।

# महिलाद्वारा स्टोरमा बन्चरो आक्रमण

सिडनी, (एजेन्सी)



अस्ट्रेलियाको एउटा कन्भेनियन्स स्टोरमा दुई जनालाई बन्चरोले आक्रमण गर्ने एक महिलालाई हत्या प्रयासको अभियोग लगाइएको छ। गत वर्ष २६ वर्षीया इभि अमाती नामक महिलाले बिनाकारण सो आक्रमण गरेकी थिइन्।

७-इलेभन स्टोरमा प्रवेश गरेर अमातीले एक पुरुषको अनुहारमा र अर्की एक महिलाको टाउको पछाडि बन्चरो प्रहार गरेकी थिइन्। दुवै पीडितलाई गम्भीर चोट लागेको थियो। आक्रमणका बेला मानसिक सन्तुलन गुमेको भन्दै उनलाई दोषी करार गरिएको थिएन। तर शुक्रबार न्यु साउथ वेल्सको जिल्ला अदालतले उनीविरुद्ध तीनवटा अभियोग लगाएको छ। सुनुवाइको क्रममा अदालतमा अमातीका पीडितहरूले उनी कुनै कस्ट्युम पार्टीबाट स्टोरमा प्रवेश गरेको हुनुपर्ने अनुमान गरेको बताएका छन्।

सेक्युरिटी फुटेजमा अमाती मिटपाइ किन्दै गरेका पहिलो पीडित बेन रिम्मरको छेउमा आएर उनलाई अचानक लडाएर अनुहारमा चार इन्च लामो घाउ र हड्डी तोड्नुअघि उनीसँग संक्षिप्त कुरा गरेको देखिन्छ। त्यसपछि आमातीले ढोका छेउ स्यारोन ह्याकर नामक महिलालाई खप्पर फुट्ने गरी आक्रमण गरेको देखिन्छ। त्यसपछि स्टोरबाहिर तेस्रो व्यक्ति सेन रेडवुडलाई आक्रमण गर्न खोज्दा उनले आफ्नो ब्याकप्याकले छेकेका थिए भने त्यसको लगत्तै अमातीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।


नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
सिभिल ईन्जिनियरिङ महाशाखा
गौचर, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७५।०४।१९)

यस महाशाखाबाट मिति २०७५।०१।३१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Notice for the Invitation for Bids सम्बन्धी सूचना अनुसार देहायको कार्यको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मुल्याङ्कन गर्दा न्युनतम मुल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही देखिएको तल उल्लेखित बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ मा व्यवस्था भए अनुसार सम्बन्धित सबै फर्म/निर्माण व्यवसायीहरु समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | TIACAO/CED/15/074-75 | Construction of RCC Building for Police Barrack at TIA | श्री बंगलामुखी/टि.डि.आर. जे.भी., कुपण्डोल, ललितपुर | रु.६,५०,१९,१९०।५० (Provisional Sum समेत) |


# स्टिव जब्सबाट कुनै सहयोग पाइनँ : *छोरी लिसा*





लसएन्जलस, (एजेन्सी)

स्कुलमा उनले गौरवका साथ भनिन् उनका पिता स्टिव जब्स हुन्। उनी अत्यन्तै चर्चित हुन्। उनले पर्सनल कम्प्युटर आविष्कार गरे, उनी एउटा ठूलो घरमा बस्छन् र कनभर्टिवल पोर्स गाडी चलाउँछन्। जब उनको गाडीमा केहीले कोरेको दाग बस्छ, उनी नयाँ गाडी किन्छन्।

यद्यपि लिसा ब्रेनन जब्सको आफ्नो पितासँगको सम्बन्ध धेरै सुखद थिएन। लिसा ब्रेनन जब्स विश्वको सबैभन्दा ठूलो कम्पनीमध्यको एक एप्पलका संस्थापक स्टिव जब्सकी छोरी हुन्। उनले आफ्नो पितासँगको सम्बन्धमा 'स्मल फ्राई' नामक एक किताब लेखेकी छिन्।

उक्त किताबमा उनले एक छोरी र उनीसँग टाढिएका पिताबीचको चिसो सम्बन्धको जटिलतालाई कोट्याएकी छिन्। स्टिव जब्सले शुरूमा उनलाई आफ्नो छोरी मान्न अस्वीकार गरेका थिए।



लिसा ब्रेननले बेनिटी फेयर म्यागाजिनमा लेखेको एक लेखमा उक्त किताबको केही अंश प्रकाशित गरेकी छिन्। यसमा स्टिव जब्स र उनीबीचको सम्बन्ध उल्लेख गरिएको छ।

आफ्ना पिताकी प्रिय छोरी बन्ने अथक प्रयासमा उनले जुन निरासा, भावनात्मक पीडा र एक्लोपना पाइन्, त्यसको उल्लेख उनले यस किताबमा गरेकी छिन्। यद्यपि पिता र छोरीबीचको सम्बन्ध समयसँगै राम्रो हुँदै पनि गयो तर दुईबीच निकटता भने कहिल्यै हुन सकेन।

स्टिव जब्सको सन् २०११ अक्टोबर ५ मा प्यान्क्रियाटिक क्यान्सरका कारण निधन भएको थियो। उनको जिन्दगीको अन्तिम वर्षमा लिसा ब्रेनन जब्स उनीसँग भेट्न प्रायः जाने गर्थिन्। यस्तै एक भेटका विषयमा उनले लेखेकी छिन्- 'उनी सर्टस लगाई ओछ्यानमा थिए। उनको खुट्टा खुलै थियो र हात पातलो भइसकेको थियो। उनी एक किसिमले सुकिसकेका थिए।'

'उनलाई बिदा भन्नुअगाडि मैले एक सुगन्धित स्प्रे प्रयोग गरें। फेरि म उनको बेडरुममा गएँ, उनी विस्तारै उठे र मलाई अँगालो हाले। मैले उनको सुकेको शरीर र हाडको महसुर गरें।' -उनले लेखेकी छिन्। ब्रेनन जोनसनले प्रत्येक सप्ताहन्तमा आफ्ना रोगी पितासँग मिल्न र आफ्नो सौतेली आमा लोरिन पावेल र ३ सौतेला भाइ-बहिनीसँग घुलमिल गर्ने प्रयास गरेकी थिइन्।

उनले लेखिन्- 'मैले फिल्ममा जस्तो कुनै ठूलो पुनर्मिलनको सम्भावनाको आशा छोडिसकेको थिएँ। तर फेरि पनि म उनीसँग भेट्न जाने गर्थें।' उनकी आमाले एक साथीको फर्म हाउसमा उनलाई जन्म दिएकी थिइन् र स्टिव जब्स पनि त्यहाँ उपस्थित थिए। यद्यपि उनकी आमाले उनको पिता को हो भन्ने कसैलाई बताएकी थिइनन्।

ब्रेनन जब्सले लेखेकी छिन्- 'म दुई वर्ष हुन्जेल मेरी आमाले सामाजिक राहतबाहेक भाँडा माझ्रेर र नोकरी काम गरी घर चलाइरहिन्। मेरो पिताबाट उनले कुनै सहयोग पाएकी थिइनन्।'

सन् १९८० मा क्यालिफोर्नियाको सेन्ट मेटियो काउन्टीका डिस्ट्रिक्ट जजले मेरो पितासँग दैनिक गुजारा भत्ता दिन भने। उनले कबुलनामामा झुठो बयान दिए, उनी मेरो पिता होइनन् र उनी पिता नै बन्न नसक्ने बताए। उनले अरू नै व्यक्तिको नाम दिएर उसलाई मेरो पिता भएको बताए। तर डीएनए टेस्टमा स्टिव जब्स नै लिसा ब्रेननका पिता भएको पुष्टि भयो र अदालतले उनलाई ५ सय डलर प्रतिमहिना जीवनयापन भत्तालगायत सामाजिक बीमाको खर्च बेहोर्न पनि भनियो। 'अदालतमा यो मामिला सन् १९८० डिसेम्बर ८ मा टुंगियो। वकिलहरू मुद्दा टुंग्याउन दबाब दिइरहेका थिए। यसको ४ दिनपछि एप्पल सार्वजनिक कम्पनी बन्यो र त्यसको भोलिपल्ट मेरो पिताको सम्पत्ति २० करोड डलरभन्दा धेरै थियो।'

लिसा ब्रेननको वृत्तान्तको सबैभन्दा प्रभावशाली हिस्सा भने गाडीसँग सम्बन्धित प्रसंग हो। ब्रेनन जब्सले आफ्नी आमाबाट सुनेकी थिइन् कि उनका पिता आफ्नो पोर्स गाडीमा केहीले कोरियो भने त्यसलाई फेर्छन्। जीवनको एउटा समय त्यस्तो पनि थियो, लिसा किशोरी थिइन्। त्यतिबेला हप्ताको एक दिन जब्सको घरमा बस्नुपर्थ्यो, किनभने उनकी आमालाई सान फ्रान्सिस्कोको कलेजमा जानुपर्थ्यो।



एक दिन लिसाले स्टिव जब्सलाई जब पोर्स गाडी उनलाई काम लाग्दैन भने त्यो आफूले लग्न सक्छु भनी सोधिन्। स्टिव जब्सले भने- 'सक्दैनौ।' उनको आवाजमा कठोरता थियो जसले लिसालाई अत्यन्तै चोट पुगेको थियो। जब उनी घर पुगे तब स्टिव जब्सले गाडीको इन्जिन बन्द गरे र भने- 'तिमीले केही पनि पाउँदैनौ, थाहा पायौ, केही पनि पाउँदैनौ।'

ब्रेननले उनका पिता अलिकति पनि खुला हृदयको नभएको लेखेकी छिन्- 'न त पैसामा, न त खानमा र न त शब्दको मामिलामा नै।'

क्रिशन ब्रेनन गर्भवती हुँदा जब्सले एक कम्प्युटरमा काम गर्न थालेका थिए। उनले पछि उक्त कम्प्युटरको नाम लिसा राखे। यो म्याकिन्टोसभन्दा पहिलाको थियो। यो पहिलो त्यस्तो कम्प्युटर थियो जसमा माउस बाहिरबाट लगाइन्थ्यो। यो अत्यन्तै महँगो थियो र व्यावसायिकरूपमा असफल भएको ब्रेनन जब्सले बताइन्। जब लिसा सानी थिइन्, त्यतिबेला उनलाई लागेको थियो कि उनका पिताले उनको सम्मानमा उक्त कम्प्युटरको नाम राखेका थिए।

एक दिन लिसाले सीधै आफ्नो पितासँग यसको विषयमा सोध्दा उनले त्यस्तो नभएको जवाफ दिएका थिए। यद्यपि एकपटक जब उनी आफ्नो पितासँग एक जहाज यात्रामा गएकी थिइन्, त्यतिबेल यू-२ ब्यान्डका गायक बोनेले त्यही प्रश्न सोधका थिए। त्यतिबेला भने स्टिव जब्सले लिसा कम्प्युटरको नाम लिसाकै नामबाट लिएको जवाफ दिएका थिए।

देशको सामाजिक, आर्थिक विकासका लागि सूचना प्रविधि अनिवार्य रहेको भन्दै त्यसका लागि भारत र चीनको सूचना प्रविधिबाट नेपालले लाभ लिने बताउनुभयो।

# ‘सूचनाको पहुँचमा जोड्न सके देश समृद्धितर्फ’




नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले आम नागरिकलाई सूचनाको पहुँचमा जोड्न सके देश समृद्धितर्फ उन्मुख हुने बताउनुभएको छ। डिजिटल नेपाल कन्फरेन्सको काठमाडौंमा उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले सूचना प्रविधिकै माध्यमबाट विश्वबजारमा नेपाललाई प्रतिस्पर्धी बनाउन भूमिका खेल्ने बताउनुभएको हो।

एक फरक प्रसंगमा प्रधानमन्त्री ओलीले उत्पीडित जनतामा खुसीयाली छाउने गरी सरकारले सुशासन र विकासलाई प्राथमिकता दिएको बताउनुभयो। उहाँले सरकार, सुशासनमार्फत देशलाई विकसित र समृद्ध बनाउन सूचना प्रविधिको प्रयोग बढाउने प्रक्रियामा रहेको बताउनुभयो।

यस्तै सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले देशको रूपान्तरणका लागि सरकारले सूचना प्रविधिको विकासमा ध्यान केन्द्रित गरेको बताउनुभयो। देशको सामाजिक, आर्थिक विकासका लागि सूचना प्रविधि अनिवार्य रहेको भन्दै त्यसका लागि भारत र चीनको सूचना प्रविधिबाट नेपालले लाभ लिने बताउनुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले नेपाललाई प्रविधियुक्त बनाउने प्रक्रियाको थालनी भइसकेको बताउनुभयो। सम्मेलनमा सूचना प्रविधिका क्षेत्रमा काम गर्दै आएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विज्ञहरू सहभागिता रहेको थियो।

सम्मेलनमा सूचना प्रविधिको विकासमा नेपालको आगामी कार्ययोजनाका बारेमा जानकारी गराइएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र फ्रोस्ट एन्ड सुलिभानको आयोजनामा डिजिटल नेपाल कन्फरेन्स भएको हो।

राप्रपाले भन्यो-

# नियुक्तिको पद्धति नै त्रुटिपूर्ण

काठमाडौं, (नेस)

संसदीय सुनुवाइ समितिबाट प्रधानन्यायाधिशका लागि सिफारिस भएका कामु प्रधानन्यायाधीश दीपकराज जोशी अस्वीकृत भएलगत्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संवैधानिक अङ्गमा नियुक्तिको पद्धति नै त्रुटिपूर्ण र असफल प्रमाणित भएको प्रतिक्रिया दिएको छ।

राप्रपाले संसदीय सुनुवाइ समितिले प्रधानन्यायाधीश पदमा प्रस्तावित जोशीलाई अयोग्य ठहर्‍याई अस्वीकृत गरेको घटना नेपालको संसदीय र न्यायिक अभ्यासमा नौलो परिघटना भएको पनि जनाएको छ।

प्रस्तावित व्यक्तिको योग्यता, दक्षता र क्षमताको मूल्यांकन गर्ने र निर्णय गर्ने संसदीय सुनुवाइ समितिको क्षेत्राधिकार हो’, राप्रपाले भनेको छ- ‘तर संवैधानिक परिषद्ले सिफारिस गरेको व्यक्ति सुनुवाइ समितिबाट अस्वीकृत हुनुले संवैधानिक अङ्गमा नियुक्तिको पद्धति नै त्रुटिपूर्ण र असफल प्रमाणित भएको छ। यसले आगामी दिनमा कैयन संवैधानिक र राजनीतिक जटिलता सिर्जना गर्न सक्ने सुनिश्चित रहेको राप्रपाको धारणा छ।’

राप्रपा अध्यक्ष कमल थापाले पशुपति शमशेर राणाले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) सँगको एकता वार्तालाई स्थगन गर्नुभएको छ। देशमा बलियो राष्ट्रवादी प्रजातान्त्रिक शक्ति निर्माण गर्ने क्रममा समान विचारधारा भएका शक्तिहरूबीच एकताको सम्भावनाबारे छलफल अघि बढाउन राप्रपाले वार्ता समिति बनाएको थियो। हिन्दू राप्रपा प्रजातान्त्रिकबाट राष्ट्र र राजसंस्थाबारे प्रस्ट र आधिकारिक धारणा एवं प्रतिबद्धता नआएसम्म वार्ता स्थगन गर्न अध्यक्ष थापाले वार्ता समितिलाई निर्देशन दिनुभएको छ।

# आदिवासी जनजाति मन्त्रालय माग

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल-भारत आदिवासी जनजाति मैत्री संघले छुट्टै आदिवासी जनजाति मन्त्रालयको माग गरेको छ। संघका अध्यक्ष विनोदकुमार गुरुङले आदिवासी जनजातिको माग र मुद्दा सम्बोधन गर्न त्यस्तो मन्त्रालयको आवश्यकता रहेको बताए।

सोमबार संघले उपराष्ट्रपति नन्दबहादुर पुनसहित २० जनाभन्दा बढीलाई सम्मान गरेको छ। संघलाई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गरिएको र प्रशंसापत्र वितरण गरिएको संघकी उपाध्यक्ष कमलाकुमारी गुरुङले बताइन्। उपराष्ट्रपतिको कार्यालयमा सोमबार आयोजित कार्यक्रममा संघका अध्यक्ष विनोदकुमार गुरुङले उपराष्ट्रपति पुनलाई र अरूलाई उपराष्ट्रपतिले सम्मान गरेका हुन्। आदिवासी जनजाति भएर पनि देशको उच्च पदमा पुग्न सफल भएको भन्दै उपराष्ट्रपतिलाई सम्मान गरिएको आयोजकले जनाएको छ।



संघले गृहमन्त्री रामबहादुर थापा मगर, ऊर्जा तथा जलस्रोतमन्त्री वर्षमान पुन, नेपाल कम्युनिस्ट पार्टीका प्रमुख सचेतक देवप्रसाद गुरुङ, नेपालका लागि भारतीय उपराजदूत अजय कुमार, उपराष्ट्रपतिको कार्यालयका वैदेशिक मामिला विज्ञ जीवनकुमार गुरुङका साथै पत्रकार गंगा बराल, युगप्रसाद धमला (हरि), कीर्ति पाण्डे, सोमबहादुर पाण्डे, ललितबहादुर तामाङ, डा. भावना तामाङ, महावीर पुन मगर, कमलाकुमारी गुरुङ, डा. डीबी गुरुङ, सोविता गुरुङ, ज्ञानु गुरुङलगायतलाई प्रशंसापत्र प्रदान गरिएको छ।

उपराष्ट्रपति पुनले नेपाल र भारतबीचको आपसी सम्बन्ध स्थापित गर्न सांस्कृतिक संघसंस्थाको महत्त्वपूर्ण भूमिका रहेको बताए। नेपाल विविध भाषाभाषी र संस्कृति भएको देश भएकाले यसको पहिचान थप स्थापित गर्न सबैको योगदान रहनुपर्नेमा जोड दिए।

संघका अध्यक्ष विनोदकुमार गुरुङले आदिवासी जनजातिको हकहितका लागि छुट्टै मन्त्रालयको स्थापना गर्न पटकपटक सम्बन्धित निकायसँग पहल गरिरहेको बताए। उनले दुई देशबीच आपसी असहमति हटाउन र सौहाद्रपूर्ण वातावरण निर्माण गर्न पहल गरिरहेको बताए।

# मावली हिंडेको बालक बेपत्ता

रामधन राई, खोटाङ

डेढ महिना अघिदेखि बेपत्ता खोटाङका दुई बालिका अझै फेला पर्न सकेका छैनन्। गत असार ३ गते अचानक घर छोडी हिँडेका खोटेहाङ गाउँपालिका-८ सिम्पानी कात्तिकेकी १३ वर्षीया अनिता श्रेष्ठ र सोही ठाउँकी १५ वर्षीया कृष्णकुमारी तामाङ अझै फेला परेका छैनन्।

कक्षा तीनमा अध्ययनरत अनिता र कक्षा पाँचमा अध्ययनरत कृष्णको खोजीमा परिवार, आफन्त, छरछिमेक, प्रहरी जुटे पनि हालसम्म फेला पार्न नसकिएको प्रहरीले जनाएको छ। परिवारले दुई बालिका हराएको ६ दिनपछि अर्थात् असार ८ गते प्रहरीमा निवेदन दिएको थियो।

दुवै बालिकाको हुलिया जारी गरी व्यापक खोजतलास गरिरहे पनि हालसम्म फेला पार्न नसकिएको इलाका प्रहरी कार्यालय खोटाङबजारका प्रहरी निरीक्षक चन्द्रकुमार राजवंशीले बताउनुभयो।



खोजी कार्य जारी राखिए पनि बालिकाद्वय सम्पर्कमा नआउँदा परिवार चिन्तित बनेको छ। उनीहरूलाई कसैले ललाईफकाई कतै लगेको हुन सक्ने प्रहरीको अनुमान छ।

यसैबीच, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङका १६ वर्षीय प्रदीप राई चार दिनदेखि सम्पर्कविहीन छन्। गत सोमबार घरमा आमाबुबा नभएको बेलामा छिमेकी साथीहरूलाई मावल जाने भनी घर छोडेर हिँडेका कान्छा छोरा हालसम्म कतै फेला नपरेको आमा चित्रकुमारी राईले जानकारी दिनुभयो। सोझो र प्रस्ट मुख नलाग्ने प्रदीपले मावल खाल्ले हुँदै टेम्मा जान्छु भनेर साथीहरूलाई बताएका थिए। तर खाल्ले र टेम्मामा नभएको आमा चित्रकुमारीको भनाइ छ।

प्याजी रङको ज्याकेट, निलो पाइन्ट लगाएका बालक परिवार, आफन्तले खोजी गर्दा नभेटिएपछि असार १६ गते जिल्ला प्रहरी कार्यालय दिक्तेलमा खोजीका लागि निवेदन दिइएको परिवारले जनाएको छ। बालकको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय दिक्तेलले बताएको छ।

# करेन्ट लागेर एकको मृत्यु

खोटाङ, (नेस)

करेन्ट लाग्दा खोटाङको हलेसी तुवाचुङ नगरपालिका-८ धितुङका एक व्यक्तिको शुक्रबार ज्यान गएको छ। पुरानो घरबाट तार टाँगेर अन्यत्र विद्युत लैजाने क्रममा करेन्ट लाग्दा हाल सोही नगरपालिका-७ ऐसेलुखर्कमा बसोबास गर्दै आउनुभएका चन्द्र किरातको ज्यान गएको हो।

किरातको घरनजिकैको टहरामा विद्युत लैजानेक्रममा करेन्ट लागेको अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका डिएसपी लोकदर्शन थापाले बताउनुभयो। किरातलाई दिउँसो ३ बजेतिर करेन्ट लागेको अनुमान गरिएको स्थानीय देबराज केसीले बताउनुभयो।

# ट्राफिक प्रमुख भण्डारीको बिदाइ

दोलखा, (नेस)

जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाका प्रमुख नयनबहादुर भण्डारीलाई शुक्रबार सेतो गुराँस अनलाइनलगायत विभिन्न संघसंस्थाले बिदाइ गरेका छन्।



ट्राफिक प्रमुख, प्रहरी नायब निरीक्षक भण्डारी दोलखाबाट सरुवा भई भक्तपुर जाँदै हुनुहुन्छ। उनलाई सेतो गुराँस अनलाइनका सम्पादक गोकर्ण भण्डारी, दिक्षण दैनिकका सम्पादक सिर्जनकुमार घिमिरे, दर्पण सञ्चार अनलाइनका सम्पादक प्रभु जिरेल, राम्रो पोस्टका सम्पादक कैलाश तमाङ, बुद्धनगर टोल सुधार समितिका सचिव कृष्ण श्रेष्ठलगायतले खादा ओढाएर बिदाइ गरेका थिए भने सेतो गुराँस अनलाइनले सम्मानपत्रसमेत प्रदान गरेको थियो। दोलखामा २५ महिना बसेका भण्डारी ट्राफिक व्यवस्थापनमा राम्रो सुधार गर्न सफल रहेको स्थानीयको भनाइ छ।

## प्रधानन्यायाधीशमा...

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रस्तावित प्रधानन्यायाधीश जोशीको नाम अस्वीकृत हुनुको कारण माग गर्दै समितिको बैठक बहिष्कार गरेको थियो।

समितिमा रहनुभएका कांग्रेस सांसद ज्ञानेन्द्रबहादुर कार्की, जितेन्द्रनारायण देव, भीमसेनदास प्रधान र पुष्पा भुसालले नियुक्ति अस्वीकृत गर्नुपर्ने रायसँग असहमति रहेको जनाउँदै बैठक बहिष्कार गर्नुभएको थियो।

समितिमा आबद्ध कांग्रेसका सांसदले बहिष्कार गरेपछि सुनुवाइ भएको ८ दिनपछि दुई तिहाइ बहुमतका आधारमा जोशीको नाम अस्वीकृत भएको समिति सदस्य पार्वत गुरुङले जानकारी दिनुभयो। जोशीको सुनुवाइ साउन १० गतेबाट प्रारम्भ भएको थियो।

जोशीविरुद्ध शैक्षिक प्रमाणपत्र, विभिन्न फैसला र आदेशले देशको अर्थतन्त्रमा नोक्सान पुर्‍याएको, न्यायाधीश हुँदा बखत गरेका फैसलाले सार्वजनिक जग्गा व्यक्ति एवं भूमाफियाले हडपेको लगायतका ५ वटा लिखित उजुरी परेका थिए।

उजुरीको चित्त बुझ्दो जवाफ नआएपछि कायममुकायम प्रधानन्यायाधीशको समेत जिम्मेवारी सम्हाल्दै आउनुभएका जोशी भावी प्रधानन्यायाधीश हुनबाट वञ्चित हुनुभएको छ।

प्रधानन्यायाधीशका लागि सिफारिस हुनुभएका जोशीलाई अस्वीकृत गर्ने सन्दर्भमा समितिसमक्ष पेस गरिएको रायमा भनिएको छ- ‘प्रस्तावित व्यक्तिले नेपालको प्रधानन्याधीशमा नियुक्त भएमा के-कसरी जिम्मेवारी निर्वाह गर्ने भनेर संसदीय सनुवाइका क्रममा सोधिएकामा उहाँबाट ठोस कार्ययोजना र अवधारणा पेस गर्न सक्नु भएन।’

समितिका अनुसार प्रस्तावित व्यक्तिले अध्ययन गरेको संस्थाबाट प्राप्त गरेको शैक्षिक प्रमाणपत्र सन्देहात्मक रहनुका साथै जन्म मितिसमेत फरक-फरक रहेको तथा त्यस सम्बन्धमा उहाँबाट यथेष्ट प्रमाण र सन्तोषजक जवाफ प्राप्त हुन नसक्नु नै अस्वीकृत हुनुको मुख्य कारण रहेको उल्लेख गरिएको छ।

प्रस्तावित प्रधानन्यायाधीश जोशी अस्वीकृत भएसँगै भावी प्रधानन्यायाधीशबारे चर्चा गर्न थालिएको छ। भावी प्रधानन्यायाधीशका लागि वरिष्ठताका आधारमा न्यायाधीशत्रय ओमप्रकाश मिश्र, चोलेन्द्रशमशेर जबरा र दीपककुमार कार्की रहनुभएको छ।

न्यायाधीशका लागि ३ वर्ष सर्वोच्च अदालतको स्थायी न्यायाधीशमा रही कार्य गरिसकेको हुनुपर्ने संवैधानिक प्रावधान छ।

वरिष्ठताका आधारमा मिश्र अगाडि रहनुभएकाले उहाँको नाम संवैधानिक परिषद्ले सिफारिस गर्ने देखिन्छ। त्यसका लागि न्यायपरिषद्ले वरिष्ठ ३ जनाको नाम संवैधानिक परिषद्मा पठाउने संवैधानिक व्यवस्था छ। तीमध्ये १ जनाको नाम संवैधानिक परिषद्ले पठाइसकेपछि संसदीय सुनुवाइ समितिले अनुमोदनको निर्णय गर्ने समिति सदस्य गुरुङले जानकारी दिनुभयो।

मिश्र र राणा २०७१ जेठ १३ मा सर्वोच्च अदालतको स्थायी न्यायाधीश हुनुभएको थियो। न्यायाधीशका रूपमा राणा वरिष्ठ भए पनि न्यायपरिषद्ले उहाँलाई कारबाहीस्वरूप बढुवा नगरी उच्च अदालतमै राखेपछि मिश्रभन्दा पछाडि पर्नुभएको हो। यदि मिश्र प्रधानन्यायाधीशमा नियुक्त भए उहाँ उमेर हदका कारण आगामी पुससम्म मात्रै प्रधानन्यायाधीश बन्नुहुने भएको छ।

यसैबीच कायममुकायम प्रधानन्यायाधीश जोशी राजिनामा नदिने मुडमा रहनुभएको छ। आफू अस्वीकृत भएपछि समितिले गरेको निर्णय आफूलाई अमान्य रहेको बताएपछि जोशी राजिनामा नदिने मुडमा रहेको बुझिएको छ। नयाँ प्रधानन्यायाधीश नियुक्त नहुन्जेल जोशी नै कायममुकायम प्रधानन्यायाधीश रहनुहुने कानुनका जानकार बताउँछन्।

## ५ महिनापछि...

संसद्को संख्या पनि ठूलो भएकाले शेरबहादुर देउवाले ६४ सदस्यीय मन्त्रिमन्डल बनाउनुभएको थियो। यो नै इतिहासको ठूलो मन्त्रिमन्डल हो तर त्यतिबेला संविधानमा मन्त्रीको संख्याबारे उल्लेख गरिएको थिएन।

देउवा सरकारले १८ मन्त्रालय रहने निर्णय गरिसकेपछि ओली सरकारले ३ वटा थप गरेको थियो। संविधानसभाको दोस्रो निर्वाचन गराउन बनेको खिलराज रेग्मी नेतृत्वको सरकार ११ सदस्यीय मात्र थियो।

यसअघि नै उपप्रधानमन्त्री भइसकेका उपेन्द्र यादवलाई उपप्रधानमन्त्रीसहित स्वास्थ्यमन्त्री बनाइएको छ। यही मौकामा रक्षामन्त्री ईश्वर पोखरेलले पनि उपप्रधानमन्त्री बन्ने अवसर पाउनुभएको छ। संविधान निर्माणलगत्तै प्रधानमन्त्री हुँदा सरकारले विभिन्न मन्त्रालय समायोजन गरेर २१ मन्त्रालय रहने निर्णय गरेको थियो। तर भागवन्डा नपुगेपछि १ साताअघि कृषि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय फुटाइएको छ। नेपालको संविधानको धारा ७६ को उपधारा (९) मा प्रधानमन्त्रीसहित बढीमा २५ जना मात्र मन्त्री बनाउन सकिने व्यवस्था छ। अहिले कृषि, पर्यटन र स्वास्थ्य मन्त्रालयमा राज्यमन्त्री हुनुहुन्छ भने प्रधानमन्त्रीसहित २२ मन्त्री हुनुहुन्छ।

मन्त्रालय फुटाएर स्वास्थ्य राज्यमन्त्री पद्माकुमारी अर्याललाई भूमी व्यवस्था तथा गरिबी निवारण मन्त्रालयको मन्त्री बनाइएको छ।

शुरूमा राज्यमन्त्री मात्र रहेको स्वास्थ्य मन्त्रालयमा संघीय समाजवादी फोरमका उपेन्द्र यादवलाई मन्त्री बनाइएपछि अर्याल कामविहीन बन्नुभएको थियो। यही दिन सञ्चार राज्यमन्त्री गोकुलप्रसाद बाँस्कोटालाई सञ्चारमन्त्रीको जिम्मेवारी दिइएको थियो।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सांसद भानुभक्त ढकाल कानुनमन्त्री बन्नुभएको छ। कानुनमन्त्री रहनुभएका शेरबहादुर तामाङले बंगलादेशमा मेडिकल अध्ययनरत विद्यार्थीको सम्बन्धमा दिएको अभिव्यक्तिबारे आलोचना भएपछि मन्त्रीले साउन ८ गते राजिनामा दिनुभएको थियो। नेकपाको ७ गते बसेको सचिवालयल बैठकले मन्त्रीलाई फिर्ता गर्ने निर्णय गरेको थियो।

तामाङ सिन्धुपाल्चोक-२ बाट निर्वाचित प्रतिनिधिसभाका सांसद् हुनुहुन्छ। तत्कालीन नेकपा एमालेका माधवकुमार नेपालको कोटाबाट तामाङ मन्त्री बन्नुभएको थियो भने अहिले ओलीले आफ्नो गुटका ढकाललाई मन्त्री बनाउनुभएको हो। राष्ट्रपति विद्यादेवीले शुक्रबार ढकाललाई पद तथा गोपनियताको सपथ गराउनुभएको हो। ढकाल प्रधानमन्त्री केपी शर्मा ओलीनिकट मानिनुहुन्छ।

अनेरास्ववियुको महासचिव हुँदै राजनीतिमा उदाएका ढकाल तेह्रथुम निवासी ढकाल योगेश भट्टराई अनेरास्ववियुको अध्यक्ष हुँदा महासचिव हुनुहुन्थ्यो।

२०७० सालको संविधानसभामा समानुपातिक सभासद ढकाल तत्कालीन एमालेको प्रमुख सचेतक पनि बन्नुभएको थियो। त्यतिबेला नै ढकाल मन्त्री बन्ने चर्चा भएको थियो। ढकाल मोरङ-३ बाट निर्वाचित सांसद हुनुहुन्छ।

संघीय समाजवादी फोरम नेपालले सुरेन्द्रकुमार यादवलाई स्वास्थ्य राज्यमन्त्रीमा सिफारिस गरेको छ। यादव महोत्तरी-४ बाट प्रतिनिधिसभामा निर्वाचित हुनुभएको थियो।

## अस्थायी...

विगतमा प्रधानमन्त्री केपी शर्मा ओली, मुख्य सचिव लोकदर्शन रेग्मी र सचिवहरूसँग भएको छलफल सकारात्मक भए पनि माग पूरा गर्न सरकारले तत्परता नदेखाएको भन्दै ती कर्मचारी आक्रोशित रहेका छन्। संघले निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनलगायतका प्रतिनिधिसँग पनि छलफल गर्दै आएको छ।

सरकारले गत जेठमा साउन १ गतेदेखि करार तथा ज्यालादारीमा कर्मचारी नराख्ने निर्णय गरेको थियो। सो निर्णयविरुद्ध करार तथा ज्यालादारी कर्मचारी आन्दोलनमा उत्रिएका थिए। तर सरकारसँग ३ महिनाका लागि करार अवधि थप गर्ने र यसबारे कार्यदल गठन गरी सोको प्रतिवेदनका आधारमा निर्णय गर्ने सहमतिपछि असार अन्तिम साता आन्दोलन टुंगिएको थियो।

साउन १ गतेदेखि करार तथा ज्यालादारी कर्मचारीले हाजिर गर्न नपाएपछि सरकार पूर्वसहमतिबाट पछि हटेको भन्दै करार तथा ज्यालादारी कर्मचारी आन्दोलित भएका हुन्। वर्षौंसम्म सेवा गरे पनि सरकारले हचुवाका भरमा सेवाबाट हटाउँदा आफूहरूको रोजीरोटी खोसिएको संघका महासचिव कुमार राउतले नेपाल समाचारपत्रलाई बताउनुभयो। ‘आफूहरूको माग स्थायीका लागि नभएर रोजीरोटीका लागि हो। वर्षौंसम्म सेवा गर्‍यौं। अहिले अलपत्र पारिँदा हामीलाई मान्य हुनेछैन’, राउतले भन्नुभयो- ‘हाम्रा माग पूरा नगरे सिंहदरबार ठप्प पार्छौं।’

## शुरू...

विद्यालय पुनर्निर्माणको शिलान्यास गर्नुहुँदै मन्त्री पोखरेलले एउटा छुट्टै इतिहास बोकेको दरबार हाइस्कुल पुरानै डिजाइनमा तोकिएकै मितिमा निर्माण हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा मन्त्री पोखरेलले सबै सामुदायिक विद्यालयलाई सम्पूर्ण विद्यालय बनाउने आफ्नो अवधारणा रहेको दोहोर्‍याउँदै दरबार हाइस्कुलसँगै सम्पूर्ण विद्यालय बन्ने अपेक्षा व्यक्त गर्नुभयो।

चिनियाँ राजदूत यु होङले नेपालको विकास र समृद्धिका लागि चीन सदैव साथमा रहने प्रतिबद्धता व्यक्त गर्दै भूकम्पपछि चीनले शुरू गरेका विभिन्न २५ परियोजनामध्ये २ वटा सम्पन्न भएका, १७ वटा निर्माणको चरणमा रहेका र ६ वटाको सम्भाव्यता अध्ययन जारी रहेको जानकारी दिनुभयो।

उता विवादको घेरामा रहेको रानीपोखरी पुनर्निर्माण गर्नुअघि वर्ल्ड वाइड कँडेल के एन्ड केजी जेभीले करिब ७ करोड रुपियाँमा टेन्डर पारेर २०७३ वैशाख १० देखि काम शुरू गरेको थियो।

मल्लकालीन संरचना रहेको रानीपोखरीमा कंक्रिट वाल लगाएर बिना अध्ययन रानीपोखरीको निर्माण गर्न थालेको भन्दै स्थानीयले विरोध जनाएका थिए। त्यसलगत्तै कामपाले सो कम्पनीसँग ठेक्का रद्द गरेको थियो।

करिब साढे २ करोड रुपियाँ लगाएर पुरानो संरचना भत्काएको थियो। २ साताअघि रक्षामन्त्री ईश्वर पोखरेल, संस्कृतिमन्त्री रवीन्द्र अधिकारी, पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहाल, कामपाका मेयर विद्यासुन्दर शाक्यसहितको बैठकमा कामपाका मेयर शाक्यले रानीपोखरी पुनर्निर्माणको जिम्मा नेपाली सेनालाई दिने विषय उठान गर्नुभएको थियो। करिब ४ सय वर्ष पुरानो मल्लकालीन धरोहर रानीपोखरी पुनर्निर्माणको जिम्मा नेपाली सेनालाई दिनुपर्ने भन्ने मेयरको भनाइ सर्वत्र विरोध भएको थियो।

‘कहाँ र कसरी यस्तो विषय उठान भयो थाहा छैन, अब कामपाले टेन्डरबाटै काम अघि बढाउनेछ’, विभागीय प्रमुख थापाले भन्नुभयो- ‘विदेश भ्रमणबाट फर्केलगत्तै टेन्डर खोल्नेछौं त्यसपछि पुनर्निर्माणको कामलाई अघि बढाउनेछौं।’

अब बन्ने रानीपोखरी पुरातत्व विभाग र विज्ञ समितिले दिएको सुझावका आधारमा मल्लकालीन शैलीमै निर्माण हुने बताउनुभयो। करिब १५ करोड रुपियाँमा नयाँ टेन्डर दिने तयारीमा रहेको बताउनुभयो।

## भदौबाट...

भदौ १ गतेबाट ६ महानगरपालिका, ११ उपमहानगरपालिका र काठमाडौं उपत्यकामा धूवाँ फ्याँक्ने सवारी साधन सञ्चालन नहुने भएका छन्। विभागले डिजेल र पेट्रोलबाट सञ्चालन हुने सवारी साधनको धूवाँ परीक्षण गर्नका लागि ४० वटा अटोमेटिभ एक्सहन्ट ग्यास एनालाइजर मेसिन खरिद गरेको छ। मेसिन महानगरपालिका, उपमहानगरपालिका र काठमाडौं उपत्यकामा रहेको यातायात कार्यालयमा समेत जडान हुने भएको छ।

# अर्थ

५ वटा तेल उद्योगमा मात्रै ६ सयभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन्। श्रीराम र अरुण वनस्पति तेल उद्योग भने बन्द भइसकेका छन्।

RHINO 500 B
बिक्री मूल्य रु. प्रति किलोग्राम
[illegible]
नेपालमा पहिलो पटक, नेपालकै लागि

# सोयाविन र सनफ्लावर तेलको उत्पादनमा भारी कटौती

नेपाल समाचारपत्र
विराटनगर

सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमार्फत सोयाविन र सनफ्लावर तेल उद्योगको कच्चापदार्थ आयातमा ३ सय प्रतिशतभन्दा बढी भन्सार महशुल वृद्धि र भ्याट फिर्ता खारेज गरेपछि उद्योगीले उत्पादन कटौती गरेका छन्।

बजेटबाट सरकारले ४० प्रतिशत भ्याट फिर्ताको प्रावधानसमेत खारेज गरेको छ। यसअघि कच्चापदार्थको आयातमा साढे २ प्रतिशत लाग्दै आएकोमा साउन १ देखि १० प्रतिशत भन्सार महशुल लागू गरिएको छ। जसका कारण उत्पादन लागतमा समेत वृद्धि भएको छ। महशुल वृद्धिसँगै सोयाविन र सनफ्लावर तेलको होलसेल मूल्यमा प्रतिलिटर १५ रुपियाँ वृद्धि भइसकेको छ। सरकारी नीतिकै कारण मोरङ-सुनसरी औद्योगिक क्षेत्रमा सञ्चालित तेल उद्योगले अहिले ५० प्रतिशत उत्पादन कटौती गरेका छन्।

विगतमा प्रतिमहिना ४ सयभन्दा बढी मेट्रिक टन तेल उत्पादन हुँदै आएकोमा करकै कारण प्रतिमहिना तेल उत्पादन २ सय मेट्रिक टनको हाराहारीमा झरेको छ। उद्योग संगठन मोरङका कार्यकारिणी सदस्य नन्दकिशोर राठीका अनुसार सरकारी नीतिकै कारण उद्योगले ५० प्रतिशत उत्पादन कटौती गर्नुपरेको छ। उहाँले बजारको अवस्था हेरेर अझै उत्पादन कटौती गर्ने कि भन्ने योजनामा उद्योगीहरू रहेको पनि बताए। सरकारले साउन १ गतेदेखि लागू हुने गरी मजदुरको पारिश्रमिक १३ हजार ४ सय ५० रुपियाँ पुर्‍याउने निर्णय गरिसकेको छ। यसको मार पनि उद्योगीलाई परिरहेको छ।

भारतलगायत अन्य मुलुकबाट आउने तयारी तेलसित अब आन्तरिक उत्पादनले प्रतिस्पर्धा गर्न गाह्रो पर्ने उद्योगी नरेश राठीको भनाइ छ। तयारी तेलको भन्सार महशुल १५ प्रतिशत छ। साढे २ प्रतिशत कच्चापदार्थको भन्सार हुँदा पनि १५ प्रतिशत थियो र अहिले कच्चापदार्थको १० प्रतिशत भन्सार महशुल पुर्‍याउँदा पनि तयारी तेलको १५ प्रतिशत नै भन्सार महशुल छ। कच्चा पदार्थ र तयारी तेलको भन्सार अन्तर ५ प्रतिशतमात्रै फरक छ। यसले आयात वृद्धि हुने उद्योगीहरू बताउँछन्।

विद्युतको भोल्टेज तलमाथि हुने समस्या, प्रतिस्पर्धात्मक क्षमतामा ह्रास, भन्सार महशुल, मजदूरको पारिश्रमिक र बैंकको ब्याज वृद्धिका कारण उद्योग सञ्चालन गर्ने अवस्था नरहेको उनीहरूको भनाइ छ। तीनै तहको निर्वाचनपछि बनेको सरकारले लगानीमैत्री वातावरण बनाउने आशमा बसेका उद्योगीहरू बजेटपछि झनै निराश बनेका छन्। निजी क्षेत्रलाई बेवास्ता गरेर बजेट ल्याएकोमा उद्योगीहरूले सरकारको ध्यानाकर्षण गराइसकेका छन्। मोरङ-सुनसरी औद्योगिक क्षेत्रमा सोयाविन र सनफ्लावर तेल उत्पादन गर्ने पशुपति, बाबा, स्वस्तिक, वागमती र क्वालिटी गरी ५ उद्योग सञ्चालनमा छन्।



# डेढ दर्जन नयाँ औद्योगिक क्षेत्र निर्माण गरिँदै



काठमाडौं, (नेस)

सरकारले सातै प्रदेशमा मुलुकका करिब डेढ दर्जन नयाँ औद्योगिक क्षेत्र निर्माण गर्ने योजना अगाडि सारेको छ। बजेट भावना अनुरुप संघीय ढाँचामा सरकारले नयाँ औद्योगिक क्षेत्र बनाउने तयारी अघि सारेको हो। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले पाँच वर्षभित्र नयाँ औद्योगिक क्षेत्र निर्माण गर्ने गरी कार्ययोजना निर्माण गरिहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार निजी क्षेत्रसँगको सहकार्यमा यस वर्ष प्रक्रिया अगाडि बढाउने तयारी रहेको छ। मन्त्रालयले प्रदेश नम्बर १ मा एउटा, प्रदेश २, प्रदेश नम्बर प्रदेश ३ र ४ मा दुई/दुई वटा औद्योगिक क्षेत्र बनाउन लागिएको हो। त्यस्तै ५, ६ र ७ प्रदेशमा तीन/तीन वटा निर्माण गर्ने तयारी छ । पाँच वर्षभित्र पूरा गर्ने गरी झापाको दमक, सर्लाहीको सागरनाथ, मकवानपुरको मयुरधाप, चितवनको शक्तिखोर, रूपन्देहीको मोतीपुर, दाङको लक्ष्मीपुर, बाँकेको नौबस्ता, कैलालीको लम्की र कञ्चनपुरको दैजीमा स्थापना गरिने छ।

त्यस्तै गोरखा, तनहुँ, सुर्खेत, कञ्चनपुर, दैलेख, काभ्रे, रौतहट, र धनुषा, दैलेख, जुम्लामा पूर्वसम्भाव्यता अध्ययनको काममा अध्ययन गर्ने तयारी भइरहेको उल्लेख छ । उक्त क्षेत्रमा जग्गा अधिग्रहणको कार्य भइरहेको छ ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ साउन १९, अगस्ट ४, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।४८ | ११०।०८ |
| युरो १ को रू. | १२६।९६ | १२७।६६ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।६९ | १४३।४७ |
| स्विस फ्रन्क १ को रू. | ११०।१४ | ११०।७४ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।९८ | ८१।४३ |
| क्यानाडियन डलर १ को रू. | ८४।२८ | ८४।७५ |
| सिङ्गापुर डलर १ को रू. | ८०।१४ | ८०।५८ |
| जापानी यन १० को रू. | ९।८१ | ९।८६ |
| चिनियाँ युआन १ को रू. | १५।९९ | १६।०८ |
| साउदी अरब रियाल १ को रू. | २९।१९ | २९।३५ |
| कतारी रियाल १ को रू. | ३०।०७ | ३०।२३ |
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८० | २९।९७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।८२ | २६।९६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७२ | ९।७८ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३० |
| डेनिस क्रानर १ का रू. | १७।०४ |
| हङकङ डलर १ का रू. | १३।९५ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## PRESS RELEASE

### एमआईटी ग्लोबल स्टार्टअपका आइडिया पुरस्कृत




क्षेत्रलाई सम्बोधन गर्ने गरी विभिन्न विशिष्ट स्टार्टअप आइडिया र ती आइडियामा आधारित भई तयार पारिएका प्रोटोटाइपहरू प्रस्तुत गरिएका थिए। स्टार्टअप आइडियाले सम्बन्धित क्षेत्रका सेवा प्रवाहलाई थप परिस्कृत गर्न मद्दत गर्ने सम्भावना बोकेका छन्। प्रस्तुत गरिएका प्रोटोटाइपहरूले एमआईटी जीएसएल कार्यक्रमका दौरान विद्यार्थीले सिकेका कौशलहरू प्रतिबिम्बित गरेका थिए।

डेमो डेमा उद्यमीहरू, विभिन्न व्यवसायका नेतृत्वकर्ताहरू, शैक्षिक क्षेत्रका प्रतिनिधि तथा अधिकारी र सम्भावित लगानीकर्ता उपस्थित थिए। एमआईटी जीएसएल कार्यक्रम एमआईटी, काठमाडौं विश्वविद्यालय र एनसेलको सहकार्यमा नेपालमा पहिलोपटक सञ्चालन गरिएको हो। कार्यक्रममा सहभागी काठमाडौं विश्वविद्यालयका ३५ विद्यार्थीले आफूहरूलाई ९ वटा समूहमा आबद्ध गराई आ-आफ्ना स्टार्टअप आइडियामा काम गरेका थिए। उनीहरूलाई एमआईटीका चार प्रशिक्षकहरूले प्रत्यक्ष प्रशिक्षण प्रदान गरेका थिए। कार्यक्रममा काठमाडौं विश्वविद्यालयका विद्यार्थी र आल्मुनाईका १५० आवेदकमध्येबाट छानिएका यी ३५ विद्यार्थीका ९ समूहले सात हप्तासम्मको प्रशिक्षण, सिकाई र बजार अनुसन्धानपश्चात आफ्ना स्टार्टअप आइडियाहरू प्रस्तुत गरेका हुन्। पेजभ्याम्प डटकमका सीओओ तथा सहसंस्थापक अतुल्य पाण्डे, खालिसिसीका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत आयुसी केसी, अर्बन गर्ल, युजि केक्स् र युजि चक्लेटस्का सहसंस्थापक तथा प्रमुख कार्यकारी अधिकृत निकिता आचार्य र लिपफ्रगका संस्थापक तथा अध्यक्ष हिमाल कर्माचार्य संलग्न रहेको निर्णायक मण्डलले स्टार्टअप आइडियालाई मूल्यांकन गरेका थिए।

निर्णायक मण्डलले तीन उत्कृष्ट स्टार्टअप आईडियाहरू 'सजिलो मर्मत सेवा'लाई प्रथम, 'किन्डर' लाई द्वितीय र 'ओपस' लाई तृतीय घोषित गरेका छन्। यी तीन समूहले पुरस्कार स्वरुप एमआईटीको अनलाइन कोर्ष माइक्रो मास्टर कोर्ष (एमएमसी) पाउनुका साथै एनसेलका तर्फबाट प्रथम भएको आइडियाले ५ लाख, द्वितीयले ३ लाख र तृतीय भएको आईडियाले २ लाख सिड फन्ड पाएका छन्। विजयी तीन स्टार्टअप आईडियाहरूलाई काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (कुसोम) इन्क्युबेसन सेन्टरले इन्क्युबेसनका लागि स्थान दिँदै प्रशिक्षण सुविधा पनि प्रदान गर्नेछ। अन्य सहभागी समूहका विद्यार्थीहरूले पनि सान्त्वना पुरस्कार स्वरुप एमआईटीको इडिएक्स सर्टिफिकेट कोर्ष प्राप्त गरेका छन्।

### प्रभु इन्स्योरेन्स २३औं वर्षमा



काठमाडौं, (नेस)

प्रभु इन्स्योरेन्स २३औं वर्षमा प्रवेश गरेको छ। कम्पनीको २३ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि तथा बीमा समितिका अध्यक्ष चिरन्जीवी चापागाईले निर्जीवन बीमा कम्पनीमध्ये प्रभु इन्स्योरेन्सको व्यवसाय औसत भएता पनि दाबी भुक्तानी न्यून रहेको तथा अन्य परिसूचक धेरै राम्रो रहेको बताउनुभयो।

अध्यक्ष चापागाईले बीमा कम्पनीको सुपरीवेक्षण तथा अनुगमन गर्ने जिम्मेवारी बीमा समितिको रहेको, सुपरीवक्षण तथा नियमनको कारण कम्पनीको सुशासन राम्रो हुँदै गएको र गत आर्थिक वर्षमा निर्जीवन बीमा व्यवसायमा १७ प्रतिशत वृद्धि भएको बताउनु भयो।

बीमा कम्पनीको पुँजी वृद्धिको लागि ३/३ महिना मात्र समय थप हुन सक्ने बताउनु हुँदै तोकिएको समयभित्रमा पुँजी वृद्धि गर्न आग्रह गर्नुभया

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्चित बज्राचार्यले कम्पनीले गत आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा व्यवसाय वृद्धि राम्रो रहेको बताउनु हुँदै बीमितलाई राजमार्गमा सवारी साधन बिग्रिएको अवस्थामा मर्मतको लागि वर्कसपहरूसँग सम्झौता गरिसकिएको र मेडिकल बीमाको लागि नगदरहित सेवा सञ्चालनको लागि अस्पतालहरूसँग सहकार्य गरिएको बताउनुका साथै आगामी दिनमा थप शाखा सञ्जाल बिस्तार गर्दै लगिने बताउनुभयो। कम्पनीको ३५ शाखा तथा उपशाखाबाट सेवा प्रदान गरिरहेको र निकट भविष्यमै थप ७ शाखा तथा उपशाखा संचालनको तयारीमा रहेको बताइएको छ।

### टेलिकमको फाइबर टु होम सेवा शुरु

काठमाडौं, (नेस)

नेपाल टेलिकमले वितरण गरिरहेको एफटीटीएच-फाइबर टु होम सेवाअन्तर्गत इन्टरनेट सेवाको साथै आईपी प्रविधिमार्फत चल्ने भ्वाइस टेलिफोन सेवा पनि प्रदान गर्न शुरू गरेको छ। सेवाको आरम्भको अवसरमा कम्पनीले साउन १० गतेदेखि ३ महिनाको लागि प्रमोसनल अफरको रुपमा कम्पनीको नेटवर्कभित्र भ्वाइस सेवा नि:शुल्क गरिएको छ। आईपी वेस्ड प्रविधिअन्तर्गतको एफटीटीएच सेवामा उच्च गतिको गुणस्तरीय डाटाका साथसाथै सोही फाइबरबाट भ्वाइस सेवासमेत उपलब्ध हुन्छ।

यसका लागि ग्राहकलाई नयाँ नम्बर प्रदान गरिने कम्पनीले जनाएको छ। हाल यो भ्वाइस सेवा एफटीटीएच सेवा वितरण भइरहेका स्थानमा डाटाका साथ उपलब्ध गराइएको छ। बाँकी स्थानमा पनि एफटीटीएच विस्तारसँगै क्रमश: उपलब्ध गराइने छ। हाल काठमाडौं उपत्यकाको कीर्तिपुर, सैंबु, गोंगबु, गोठाटार, दरबारमार्ग, ठमेल, हात्तीसार, जावलाखेल, लगनखेल, कलंकी र उपत्यका बाहिर भरतपुर राजमार्ग क्षेत्र, बुटवल, वीरगन्ज तथा पोखरा लेकसाइड क्षेत्रमा यो सेवा उपलब्ध छ।

नेपाल टेलिकमले मुलुकभर उच्च गतिको डाटा सेवा उपलब्ध गराउने योजना अनुरुप फाइबरबाट उच्च गतिको एफटीटीएच सेवा वितरण गरिरहेको छ। साथै कम्पनीले एफटीटीएच सेवा बृहत् रुपमा विस्तारको लागि आवश्यक पूर्वाधार निर्माण गरिरहेको छ। परम्परागत कपर नेटवर्कको सट्टामा ग्राहकको घरसम्म अप्टिकल फाइबर पुर्‍याई सेवा प्रदान गर्न सकिने भएकाले यो सेवा प्रभावकारी हुन्छ।

ग्राहक माझ सस्तो तथा सुलभ दरमा एफटीटीएच सेवा उपलब्ध गराउनका लागि हाल मनसुन अफरअन्तर्गत विभिन्न प्याकेजको रुपमा सहुलियतपूर्ण महशुलमा सेवा उपलब्ध गराइएको छ। व्यक्तिगत र कर्पोरेट ग्राहकका लागि फरक-फरक महशुल दर निर्धारण गरिएको टेलिकमले जनाएको छ।

### मुक्तिनाथ विकास बैंकको नाफा ३३ प्रतिशतले बढ्यो

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

काठमाडौं, (नेस)

मुक्तिनाथ विकास बैंकले आव २०७४/७५ सम्ममा ३० अर्ब ३५ करोड निक्षेप संकलन र २५ अर्ब २६ करोड कर्जा लगानी गरी सञ्चालन मुनाफा १ अर्ब २ करोड गरेको छ। बैंकले निक्षेपतर्फ गत आर्थिक वर्षको तुलनामा ८१ प्रतिशत र कर्जा प्रवाहमा ६५ प्रतिशतले वृद्धि गरी सञ्चालन नाफा ३३ प्रतिशतले वृद्धि गर्न सफल भएको छ। बैंकको निष्कृय कर्जा अनुपात गत वर्षभन्दा अझै कम गर्दै ०.००४४ प्रतिशत कायम गर्न सफल रहेको छ। बैंकको प्रतिशेयर आम्दानी २२ दशमलव २२ रुपियाँ रहेको छ। सञ्चालन मुनाफा १ अर्बभन्दा बढी गरी निक्षेप र कर्जातर्फ पनि अग्रणी विकास बैंकको रुपमा आफूलाई स्थापित गर्न सफल भएको बैंकको दाबी छ। हाल बैंकले ९५ शाखा कार्यालयबाट बैंकिङ सेवा प्रदान गर्दै आइरहेको समेत बैंकले जनाएको छ।

२०७५ साउन
शनिबार
१९

करोडौं रुपियाँबराबरको क्षतिपूर्ति माग गरेको अहिलेको अवस्था यसरी विनियोजन भएको बजेट भने कम मात्र रहेको देखिन्छ। यस्तो क्षतिपूर्ति सानो रकमबराबर क्षति दाबी भएका ठाउँमा मन्त्रालयले जिल्ला दैवीप्रकोप उद्धार समितिमार्फत कृषकले पाउने गरी उपलब्ध गराउँदै आएको छ।




## विश्व बजार

# साइड प्रोजेक्टका रुपमा जन्मिएको 'ई-बे'



काठमाडौं, (नेस)

सन् १९९५ को सेप्टेम्बर १ तारिखका दिन २८ वर्षीय पियरे ओमिदयार आफ्नो घरमा बसेर चियाको चुस्कीसँगै कम्प्युटरको माउस र किबोर्डमा औंला चलाई रहेका थिए। त्यो साँझ पियरेले आफ्नो कम्प्युटरमा 'कोड वर्ड' लेखेर उक्त नामबाट के व्यवसाय शुरू गर्न सकिन्छ भनेर दिमाग खियाउँदै थिए। जसको परिणामका रुपमा निस्किएको थियो 'अनलाइन अक्सन वेभ'।

सन् १९६७ जनवरी २१ मा पेरिसमा जन्मिएका पियरे आफ्नै बाल्यकालदेखि नै कम्प्युटरप्रति निकै चाख लिन्थे। उच्च शिक्षा अध्ययनका क्रममा उनका साथीहरू जिमलगायत अन्य शारिरीक सुगठनमा लागिरहँदा उनी भने घण्टौं समय कम्प्युटर ल्याबमा बिताउँथे। उनको परिवार सन् १९८० मा फ्रान्सबाट अमेरिका बसाई सरेको थियो। उनले आफ्नो उच्च माध्यमिक तथा स्नातक र स्नातकोत्तर तहको पढाई मासाचुसेट्स राज्यको टफ्ट विश्वविद्यालयमा पूरा गरे।

त्यहाँ पढ्दै गर्दा उनको कम्प्युटरप्रतिको लगाव देखेर डिनले विश्वविद्यालयको प्रयोगका लागि वेभसाइट बनाउन तथा उनकै निगरानीमा चलाउन आग्रह गरेपछि उनले प्रतिघण्टा १६ अमेरिकी डलर पाउने गरी त्यही काम गर्न शुरू गरे।

पियरेले आफ्नो निजी वेभसाइटका रुपमा उक्त 'अक्सन वेभ' अर्थात् अनलाइनको माध्यमबाट विभिन्न वस्तुको लिलाम बढाबढ गर्ने साझा मञ्चका रुपमा स्थापना गर्ने सोच बनाएका थिए। तर, कालान्तरमा उक्त अनलाइन कम्पनीले विभिन्न वस्तु तथा सेवाको व्यापार व्यवसाय गर्नका लागि पनि आफ्नो नाम अग्रस्थानमा स्थापित गर्न सफल भयो। 'अक्सन वेभ'का रुपमा व्यक्तिगत वेभसाइट 'ई-बे' शुरू गर्दै गर्दा पियरे 'इन्क डेभलपमेन्ट' नामक कम्पनीमा सहसंस्थापकका रुपमा काम गरिरहेका थिए।

सन् १९९१ मा उनले इन्क डेभलपमेन्टका रुपमा कम्प्युटर तथा ट्याब्लेटहरूका लागि सफ्टवयर निर्माणको काम गर्थ्यो। पछि सोही कम्पनीलाई 'ई-सप'को नाममा पुनर्स्थापना गरियो। ई-बेको स्थापना भने पियरेको 'साइड प्रोजेक्ट'का रुपमा व्यक्तिगत तबरले चलाउने गरी भएको थियो। पियरेले दिउँसो इन्क डेभलपमेन्टमा काम गर्थे भने बिहान बेलुका मात्र ई-बेको लागि समय दिन्थे। तर, छोटो समयमा नै उक्त वेभसाईटलाई रुचाउने मानिसको जमात दिन प्रतिदिन बढ्न थाल्यो।

पियरेले वेभसाईट चलाउन शुरू गरेको ६ महिना अवधिसम्ममा त्यसलाई कम्पनीको रुपमा स्थापना गरी व्यावसायिक रुपमा अगाडि बढाउनुपर्छ भन्ने सोचिसकेका थिए। सन् १९९६ को शुरूवात तिर ई-बेले व्यावसायिक रुपमा अनलाइन व्यापार र लिलाम बढाबढको काम गर्न शुरू गर्‍यो।

कम्पनी स्थापना भएको २ वर्ष नपुग्दै पियरे 'बिलिनियर्स क्लब'मा प्रवेश गरे। ई-बेको कारोबार दिन प्रतिदिन बढ्न थालेपछि सन् १९९८ मा नै उक्त कम्पनीले १ अर्ब अमेरिकी डलरभन्दा बढी नाफा कमाउन सफल भयो।

अन्तर्राष्ट्रिय पत्रिका फोर्ब्र्सले सार्वजनिक गरेको विश्वका अर्बपतिको सूचीमा ५१ वर्षीय पियरे १ सय ४५औं स्थानमा छन् भने उनको कुल सम्पत्ति करिब ११ अर्ब अमेरिकी डलर रहेको छ। फोर्ब्र्सले स्वद्यमशीलतामार्फत धनी बनेका उत्कृष्ट अर्बपतिहरूको सुचीमा उनलाई ८औं स्थानमा राखेको छ। पियरे एक सफल उद्यमीसँगै चर्चित समाजसेवी पनि हुन्। पियरेले सन् २०१५ सम्ममा उक्त कम्पनीको संस्थापक तथा प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गरे। हाल उक्त कम्पनीले ३१ हजार ५ सय जनालाई रोजगारी दिएको छ भने वार्षिक १४ अर्ब अमेरिकी डलर बराबरको कारोबार गरिरहेको छ।

कम्पनी स्थापना भएको २ वर्ष नपुग्दै पियरे 'बिलिनियर्स क्लब'मा प्रवेश गरे। ई-बेको कारोबार दिन प्रतिदिन बढ्न थालेपछि सन् १९९८ मा नै उक्त कम्पनीले १ अर्ब अमेरिकी डलरभन्दा बढी नाफा कमाउन सफल भयो। अन्तर्राष्ट्रिय पत्रिका फोर्ब्र्सले सार्वजनिक गरेको विश्वका अर्बपतिको सूचीमा ५१ वर्षीय पियरे १ सय ४५औं स्थानमा छन् भने उनको कुल सम्पत्ति करिब ११ अर्ब अमेरिकी डलर रहेको छ।

*(विभिन्न अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सहयोगमा)*



# कृषि बालीमा १० अर्बको क्षति दाबी, बजेट २ करोड मात्रै

हेमन्त जोशी, काठमाडौं

विभिन्न प्राकृतिक प्रकोपका कारण अन्नबाली, तरकारी तथा फलफूलमा १० अर्ब रुपियाँ बढी क्षति दाबी गर्दै किसानले सरकारलाई निवेदन पठाए पनि सरकारसँग भने क्षतिपूर्तिका लागि निकै कम मात्र बजेट उपलब्ध रहेको देखिएको छ।

गत आर्थिक वर्षको चैतदेखि जेठ महिनासम्ममा मात्र देशभरका विभिन्न स्थानमा १० अर्ब ९० करोड रुपियाँबराबरको कृषिसम्बन्धी क्षति भएको भन्दै किसानले सरकारसँग क्षतिपूर्ति माग गरेका छन्। तर, क्षतिपूर्ति दिनका लागि भने मन्त्रालयले बजेट विनियोजन नगरेका कारण कृषि बाली नष्ट भएका कृषकले सरकारबाट कुनै क्षतिपूर्ति नपाउने अवस्था देखिएको छ। हावाहुरी तथा असिनापानीका कारण विभिन्न स्थानमा ठूलो रकमबराबरको अन्नबाली, तरकारी तथा फलफूल नष्ट भएको भन्दै राहतमार्फत क्षतिपूर्ति माग गरिएका फाइल अर्थ मन्त्रालयले कृषि मन्त्रालयमा नै फिर्ता पठाएपछि पीडित कृषकले क्षतिपूर्ति नपाउने देखिएको हो।

गत आर्थिक वर्षको जेठ मसान्तसम्ममा साविकको विकास क्षेत्रगत प्रशासनिक संरचनामा हेर्दा पूर्वाञ्चल विकास क्षेत्रमा ६ अर्ब २० करोड ९६ लाख, मध्यमाञ्चलमा ३ अर्ब ७६ करोड ५३ लाख, पश्चिमाञ्चलमा २ करोड ७० लाख, मध्यपश्चिमाञ्चलमा ८ करोड ४० लाख र सुदूरपश्चिमाञ्चलमा ५६ करोड ७३ लाख रुपियाँ गरी कुल १० अर्ब ८९ करोड ६९ लाख रुपियाँबराबरको क्षति भएको भन्दै सोबराबर क्षतिपूर्ति माग गर्दै निवेदन परेका छन्। तर यस्ता खाले समस्या समाधानका लागि कृषि मन्त्रालयअन्तर्गत राहतको कार्यक्रम भनेर गत आर्थिक वर्षमा १ करोड र चालू आर्थिक वर्षमा २ करोड विनियोजन भएको छ। एउटा कृषि फर्मले मात्रै करोडौं रुपियाँबराबरको क्षतिपूर्ति माग गरेको अहिलेको अवस्था यसरी विनियोजन भएको बजेट भने कम मात्र रहेको देखिन्छ। यस्तो क्षतिपूर्ति सानो रकमबराबर क्षति दाबी भएका ठाउँमा मन्त्रालयले जिल्ला दैवीप्रकोप उद्धार समितिमार्फत कृषकले पाउने गरी उपलब्ध गराउँदै आएको छ।

कृषकले संघीय सरकारबाटै राहतस्वरुपको क्षतिपूर्ति माग गर्न थालेपछि अर्थ मन्त्रालयले सो शीर्षकमा बजेट विनियोजन गर्नका लागि स्रोत नभएका कारण उक्त रकम उपलब्ध गराउन नसकिने तथा सम्बन्धित मन्त्रालयकै कार्यक्रमबाट रकम विनियोजन गर्न भन्दै जवाफ पठाएको छ। कृषि मन्त्रालय दैवीप्रकोप तथा राहत व्यवस्थापन शाखा प्रमुख तथा सूचना अधिकारी मणिरत्न अर्यालले भन्नुभयो- 'अर्थ मन्त्रालयले विपद्बाट क्षति भएका कृषकलाई क्षतिपूर्ति दिनका लागि बजेटको स्रोत नभएका कारण रकम उपलब्ध गराउन नसकिने भन्दै कृषि मन्त्रालयलाई जवाफ पठाएको छ। कृषि मन्त्रालयको आन्तरिक कार्यक्रमबाटै क्षतिपूर्ति गराउन भनेर जवाफ आएको छ। तर हामीसँग पनि बजेट पर्याप्त छैन। कुन शीर्षकबाट बजेट तानेर उपलब्ध गराउन सकिन्छ भन्ने पनि टुंगो छैन।'

हरेक वर्ष दोहोरिने यस्ता विपद् तथा जोखिम व्यवस्थापनका लागि बाली तथा पशुको बीमा गर्नुको सट्टा सरकारबाट क्षतिपूर्तिको आशा राख्नु उचित नभएको बताउनुहुन्छ वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि मन्त्रालयको बजेट तथा कार्यक्रम शाखा प्रमुख तथा शंकर सापकोटा। 'कृषकले आफ्नो बाली तथा पशु व्यवसायमा कुनै प्राकृतिक विपद्का कारण क्षति भएमा सरकारसँग क्षतिपूर्तिको आशा राख्नुभन्दा ती व्यवसायको बीमा गरेर जोखिम न्यूनीकरण गर्न सकिन्छ।' -नेपाल समाचारपत्रसँग कुरा गर्दै सापकोटाले भन्नुभयो। मन्त्रालय मातहतबाट गरिने हरेक योजना तथा कार्यक्रममा कृषि तथा पशु बीमालाई प्राथमिकता दिएर जोखिम न्यूनीकरणको प्रयास गरिँदै आएको सापकोटाको भनाइ छ। 'सानोतिनो विपद्का लागि भनेर वार्षिक १/२ करोडबराबर मात्र छुट्याइएको हुन्छ। तर ठूलो खालको विपद्मा अर्थमन्त्रालय तथा अन्य मन्त्रालय र राष्ट्रिय योजना आयोगको समन्वयमा राहतको क्षतिपूर्ति उपलब्ध गराइन्छ।' -उहाँले भन्नुभयो।

सरकारसँग क्षतिपूर्ति माग्नुभन्दा बाली तथा पशु व्यवसायको बीमा गर्नु उत्तम विकल्प हो। बाली तथा पशुधनको बीमा गर्नका लागि प्रिमियममा छुटमार्फतको अनुदान रकम सरकारले किसानलाई उपलब्ध गराउँदै आएको भए पनि किसान आफैं बीमा गर्न रुचि नदेखाउने गरेका छन्। बाली तथा पशुधनको बीमा नगराएर कृषककै लापरबाहीका कारण हुने क्षतिमा क्षतिपूर्ति रकम उपलब्ध नगराउने अर्थमन्त्रालयलेसमेत जानकारी गराउँदै आएको छ।

- क्षतिपूर्ति दिन बजेट छैन : अर्थ मन्त्रालय
- ३ महिनामा मात्रै करिब ११ अर्ब बराबरको कृषिबाली क्षति भएको कृषकको दाबी।
- सरकारको मुख ताक्नुभन्दा बीमा गराउनु उत्तम विकल्प।
- कृषि बालीमा क्षतिपूर्ति दिन न्यून रकम विनियोजन।

# सार्दी खोलाबाट विद्युत् उत्पादन गर्न सम्झौता

बुटवल, (नेस)

स्वदेशी लगानीमा विद्युत् उत्पादन गर्ने लक्ष्यसहित बुटवलको भिजन लुम्बिनी लिमिटेडले कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ सँग सम्झौता पत्र गरेको छ। भिजन लुम्बिनीको बहुलक्षित परियोजनाअन्तर्गत पोखरामा रहेको सार्दी खोलामा सेती नदी जलविद्युत् आयोजनाबाट २५ मेगावाट जलविद्युत् निकाल्ने भएको छ।

सेती नदी जलविद्युत् आयोजना सञ्चालनका लागि सार्दी खोलारहेको माछापुच्छ्रे गाउँपालिका वडा नम्बर २ र भिजन लुम्बिनीबीच १४ बुँदे सम्झौतापत्रमा हस्ताक्षर भएको हो। वडाध्यक्ष विक्रम गुरुङ र भिजनका तर्फबाट अध्यक्ष जगतबहादुर पोखरेलले सम्झौतापत्रमा हस्ताक्षर गर्नु भएको हो।

सम्झौतापत्रमा स्थानीयले शेयर खरिद गर्न चाहेमा १ घर १ शेयर, स्थानीयको सीप क्षमताको आधारमा रोजगारी, उचित मुआब्जा, माछापुच्छ्रे माध्यमिक विद्यालयको आर्थिक अवस्थामा सुधार ल्याउन भिजन लुम्बिनीले १० लाख आर्थिक सहयोग दिने पनि सहमति भएको छ। ५ सय करोडको ड्रिम प्रोजेक्टलाई ३ वर्षमा पूर्वाधार सकिने गरी काम हुने भिजन लुम्बिनीका अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो। कागजी प्रक्रिया सकेर अब जलविद्युत् उत्पादनका लागि पूर्वाधारको काम शुरू गरिने उहाँले बताउनुभयो।

'२५ मेगावाटको विद्युत् उत्पादन गर्ने स्वीकृति पाएसँगै हामीले अहिलेसम्म कागजी प्रक्रिया सबै सक्यौं र पीपीए डाफ्ट पनि सकेका छौं,' अध्यक्ष पोखरेलले भन्नुभयो। २५ हजारदेखि २ करोड रुपियाँसम्म शेयर खुलाएर रकम संकलनको कामसमेत सँगै अघि बढाइएको उहाँको भनाइ छ।

सम्झौतापत्रमा हस्ताक्षरपछि माछापुच्छ्रे गाउँपालिका-२ का वडाध्यक्ष विक्रम गुरुङले परियोजना सञ्चालनमा आएसँगै यस क्षेत्रको विकास हुनेमा आफू आशावादी रहेको बताउनुभयो। उहाँले २५ हजार महिलाबाट एकताबद्ध गराएर माइक्रो फाइनान्स हुँदै ऊर्जामा लगानी गर्न थालेको भिजन लुम्बिनीले सार्दीखोलाको पहिचानका लागि पनि परियोजना उपलब्धिमुलक हुने बताउनुभयो। यसैबीच परियोजनाको अध्ययनका लागि बुटवलबाट उद्योगी, व्यापारी र पत्रकारको टोलीले जलविद्युत् उत्पादन हुने क्षेत्रको अवलोकन समेत गरेका छन्।

# घटेको बजारमा कारोबार रकम भने सामान्य वृद्धि

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा यस साता १८१ कम्पनीको शेयर किनबेच र भएको छ। कुल १५ हजार ३१० कारोबारबाट १ अर्ब ७ करोड ६७ लाख ४८ हजार रुपियाँबराबरका ४० लाख ८४ हजार ५२० कित्ता शेयर खरिद बिक्री भएका छन्। कारोबार रकम गत साताको भन्दा १ दशमलव ९४ प्रतिशत बढी हो।

गत साता १७९ कम्पनीको कारोबार भएको थियो। जसअनुसार १६ हजार ८८६ कारोबारबाट १ अर्ब ५ करोड ६२ लाख ९१ हजार रुपियाँ बराबरका ३९ लाख ४५ हजार ७६० कित्ता शेयरहरू खरिद बिक्री भएका थिए। साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ३.५१ अंकले घटेर अन्तिम दिन ११९१.३१ अंकमा पुगेको छ।

त्यस्तै 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा शून्य दशमलव ४० अंकले घटेर २५१ दशमलव १५ अंकमा आइपुगेको छ।

यस साता कारोबार रकम (६ करोड ८७ लाख १० हजार रुपियाँ) को आधारमा तथा कारोबार भएको शेयर संख्या (३ लाख ३५ हजार कित्ता) को आधारमा माछापुच्छ्रे बैंक अग्रस्थानमा रहेको छ। त्यसैगरी कारोबार संख्या (७३१ वटा) को आधारमा जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड अग्रस्थानमा रहेको छ।



यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँच दिन खुला रह्यो। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरूको कुनै पनि कारोबार भएन। यसअघि साताको अन्तिम नेप्से मा सामान्य गिरावट आएको छ। यस दिन परिसूचक २ दशमलव ५६ अंकले घटेर १ हजार १ सय ९१ दशमलव ३१ को बिन्दूमा बन्द भएको छ। यस दिन सबैभन्दा बढी सानिमा माई हाइड्रोपावरको कारोबार भएको छ। यस कम्पनीको ३ करोड २८ लाख ३९ हजार ११८ रुपियाँको कारोबार भएको छ।

त्यस्तै सर्वाधिक कमाउनेमा वेस्ट फाइनान्सका लगानीकर्ता रहेका छ। यस कम्पनीको शेयर मूल्य ४ दशमलव शून्य ८ प्रतिशतले बढेको छ। उता सर्वाधिक गुमाउनेमा सिटी एक्सप्रेस फाइनान्सका लगानीकर्ता रहेका छन्। यस कम्पनीको शेयर मूल्यमा ९ दशमलव ६७ प्रतिशतले घटेको छ।

# अनुगमन गर्दा मात्र बन्द गरिन्छन् क्रसर

हेटौंडा, (नेस)

खोला उत्खनन् गर्न नपाएपछि स्थानीय क्रसर सडक विस्तारका क्रममा निस्किएका ढुंगामा कब्जा जमाउन थालेका छन्। सडक निर्माण गर्न छाडेर ठेकदार कम्पनी ढुंगा बिक्रीमा बढी केन्द्रित भएको देखिएको हो। क्रसरको यस्तो कार्यमा स्थानीय जनप्रतिनिधिले साथ दिएको दाबी गरिएको छ। ३ नम्बर प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले सडकको अनुगमन गर्दाको समयमात्र क्रसर बन्द गरिन्छन्। अन्य बेला क्रसर निर्वाध सञ्चालनमा आउने गरेका छन्।

मकवानपुरको सिस्नेरीमा सडक विस्तारका क्रममा निस्किएको ढुंगा जनप्रतिनिधिको मिलेमतोमा नजिकका क्रसर उद्योगमा लैजान थालिएपछि स्थानीयले विरोध गरेका छन्।

इन्द्रसरोवर गाउँपालिका-३, सिस्नेरी ज्यामिरे डाँडामा सडक विस्तारका क्रममा निस्किएको ढुंगा स्थानीय जनप्रतिनिधि, ठेकेदार र क्रसर उद्योगको मिलेमतोमा क्रसर उद्योगलाई बिक्री भएको भन्दै स्थानीयले विरोध गरेका हुन्।

स्थानीयका अनुसार हाल उक्त बाटो भएर सवारी सञ्चालन हुन सक्ने अवस्था छैन, बाटोमा पहिरो गएको छ। पहिरो पन्छाएर बाटो सञ्चालन गर्नुको सट्टा ढुंगा कहाँ छ भनेर खोज्दै हिँड्ने काम भएपछि आफूहरूले विरोध गरेको स्थानीयको भनाइ छ। यसबारे प्रहरीलाई जानकारी गराउँदा आफ्नो सीमा क्षेत्रमा नपर्ने भन्दै पन्छिने गरेका छन्।

इन्द्रसरोवर-३ का अध्यक्ष चिरञ्जीवी पौडेलले स्थानीयले क्रसरमा ढुंगा लगेको भन्ने आरोप गलत भएको दाबी गर्नुभयो। वडाअध्यक्ष पौडेलले ठेकेदार कम्पनीलाई बेसका लागि आवश्यक पर्ने ढुंगा लैजान डिभिजन सडक कार्यालयबाट पत्र ल्याउन आग्रह गरिएको र तत्काललाई ढुंगा लैजान रोकिएको बताउनुभयो।

# नेपालको एक रनको रोमाञ्चक जित



नेपाललाई वान डेमा ऐतिहासिक जीत दिलाउन कप्तान पारस खड्काले अलराउन्ड प्रदर्शन गरे। उनले खेलमा १ विकेट, १ क्याच, १ रनआउट गर्नुका साथै ५१ रनको पारी खेलेका थिए।

नेपाल समाचारपत्र

काठमाडौं

वानडे अन्तर्राष्ट्रियमा पहिलो जित हासिल गर्न अन्तिम ओभरमा एक विकेट हात पार्नु थियो नेपालले। उता नेदरल्यान्डस्ले जित्न ६ बलमा ६ रनमै आवश्यक थियो। बलिङ गर्न आए कप्तान पारस खड्का। उनले ५ बलमा ४ रन खर्चंदा नेदरल्यान्डसले जित्न अन्तिम बलमा २ रनको आवश्यक थियो। तर अन्तिम बलमा रन लिएर टाइ गर्न खोज्दा फ्रेड क्लासनलाई पारसले रनआउट गरिदिएर नेपाललाई १ रनको रोमाञ्चक जित दिलाए। योसँगै नेपालले ऐतिहासिक २ खेलको वानडे अन्तर्राष्ट्रिय सिरिज १-१ ले बराबरी गरेको छ। यसअघि बुधबार खेलिएको पहिलो वानडेमा नेपाल नेदरल्यान्डस्सँग ५५ रनले हारेको थियो।

सोमपाल कामीले शुरुआत सफलता दिलाएको खेलमा नेपाललाई सन्दीप लामिछानेले एकै ओभरमा दुई विकेट झारेर फर्काएका थिए। नेदरल्यान्डस्लाई २ सय १७ रनको लक्ष्य दिएको थियो। यो चुनौतीपूर्ण लक्ष्य थियो। सिरिज बराबरीमा टुंग्याउन यो खेल जित्नै पर्ने पनि थियो। सोमपालले बलिङमा दोस्रो बलमै स्टेफन माइबर्गलाई शून्यमा आउट गरेर सानदार शुरुआत गराएका थिए। ३० रनसम्म पुग्दा ललितसिंह भण्डारीले बेन कुपरलाई व्यक्तिगत १९ रनमा आउट गरेपछि नेपालले विपक्षी टोलीलाई दबाब राख्ने संकेत देखायो। तर तेस्रो विकेटका लागि डेनियल टेर ब्राक र वेस्ली बारेसीले ८४ रनको साझेदारी गरेर नेपाली बलरलाई निरास तुल्याए। २९औं ओभरमा सन्दीपले यो साझेदारी तोडेका थिए। उनले २९औं ओभरमा डेनियललाई ३९ रनमा र बास डी लीडे (०) लाई आउट गरेर नेपाललाई खेलमा फर्काएका हुन्। यसपछि वसन्त रेग्मीले माइकल रिपोन (३ रन) लाई पनि धेरै टिक्न दिएनन्।

दीपेन्द्र सिंह ऐरीले सबैभन्दा महत्त्वपूर्ण विकेट दिलाए नेपालका लागि। उनले जमिरहेका बारेसीलाई एलबीडब्ल्यूको सिकार बनाएका थिए। बारेसीले ८९ बलमा ८ चौकाको सहयोगमा ७१ रनको योगदान दिएका थिए। छैटौं विकेटका रूपमा उनी आउट हुँदा नेपालको जितको आशा बनिसकेको थियो। ललित, पारस र सन्दीपले एक-एक विकेट लिएर नेदरल्यान्डस्लाई १ सय ८५ रनको लागि ९ विकेट गुमाउन विवश बनाएका थिए। तर अन्तिम जोडी क्लासन र भान मिकेरीनले लगातार रन जोड्दै गएर झन्डै नेपालसँग नतिजा छिन्ने प्रयास गरेका थिए। तर अन्तिम बलमा उनीहरूले रन जोड्न नसक्दा नेपाललाई ऐतिहासिक सफलता प्राप्त भयो। सन्दीपले १० ओभरमा ४१ रन दिएर तीन विकेट लिँदै नेपालका सबैभन्दा सफल बलर बने।

यसअघि टस जितेको नेपालले पहिले ब्याटिङ गरेर ४८ दशमलव ५ ओभरमा सबै विकेट गुमाएर २ सय १६ रन बनाएको थियो। जसमा ८ विकेट १ सय ६३ रनका लागि गुमाएको नेपाललाई सोमपाल कामीले सहारा दिएका थिए। आठौं नम्बरमा ब्याटिङ गर्न आएका सोमपालले सर्वाधिक ६१ रन जोडेका थिए। यो वानडेमा नेपालको तर्फबाट सबैभन्दा व्यक्तिगत उच्चतम रनसमेत बनेको छ। उनले ४६ बलको सामना गर्दै ५ चौका र २ छक्का प्रहारसमेत गरे। उनलाई नवौं विकेटका लागि ४१ रनको सन्दीप लामिछानेले साथ दिएका थिए। यति साझेदारीमा सन्दीपले ८ रन मात्रै सहयोग गरेका थिए। यसअघि नेपालका शीर्ष तीन ब्याटसम्यान ज्ञानेन्द्र मल्ल १३ रन, तीन वर्षपछि राष्ट्रिय टोलीमा फर्केका सुवास खकुरेल १९ रन र अनिलकुमार साह ४ रनमै पवेलियन फर्केका थिए। एक इन्डमा पारस जम्दै गए तर अर्को इन्डमा रहेका ब्याटसम्यानहरू आउट हुँदै गएका थिए। जसमा दीपेन्द्र सिंह ऐरी पनि १९ रनमै आउट भएका थिए। रोहितकुमार पौडेलले पनि ६ रनमै पारसको साथ छाडे भने पारस ५१ रन बनाएर पाँचौं विकेट रूपमा आउट भएका थिए। पारसले ६ चौका र १ छक्का प्रहार गरेका थिए।

## धरहरा

### कांग्रेस र नेपाली जनता



सत्ताबाट च्यूत भएको कांग्रेसको अहिले निन्द्रा हराम भएको छ। सत्ताबाट बाहिरिएपछि छटपटाएको कांग्रेसले अहिले बिजनेस पाएको छैन। केही दिन गोविन्द केसीले बिजनेस दिएका थिए। बुढा पनि सरकारसँग तत्कालै वार्ता गरेर सरकारले अनसन तोडेपछि कांग्रेसलाई पर्नु पिर परेको छ। विरोध गर्ने केही उपाय नलागेपछि अहिले कांग्रेस बिजनेसको खोजिमा छ। त्यो बिजनेसले काम गर्छ गर्दैन थाहा छैन। तर उसले भने अहिले सभामुख र उपसभामुखको पदको विषयलाई लिएर देशव्यापीरुपमा आन्दोलन गर्न कार्यकर्तालाई निर्देशन दिएको छ। हैन कांग्रेस सत्ता नपाई एकछिन पनि बस्न सक्दैन कि क्या हो। धरहराले बुझ्न सकेको छैन। मुलुकमा भएका अन्य बेथितिको बारेमा सरकारसँग रस्साकस्सी गर्नुपर्ने कांग्रेस विगतमा आफूले गरेको कुकर्मको पोल खुल्ला भनेर जनताका पक्षमा वकालत गर्न छाडेको देखिन्छ। आफूले सभामुख वा उपसभामुख पाउँछु कि पाउँदिनँ भनेर आन्दोलन गर्न उद्यत कांग्रेसीहरूप्रति दया गर्ने कोही हुनुहुन्छ भने यसो सुझाव दिऊँ न जनताको पक्षमा आन्दोलन गर भनेर।

# नेपाली फुटबल टोलीको बिदाइ



काठमाडौं, (नेस)

नेपाली फुटबलका सिनियर र जुनियरको संयुक्त टोलीलाई शुक्रबार बिदाइ गरिएको छ। हिजै थाइल्यान्ड प्रस्थान गरेका नेपालका दुवै टोली बैंककमा १० दिन बन्द प्रशिक्षणमा रहनेछन्। नेपालको राष्ट्रिय फुटबल टोलीले साउन २२ गते थाइल्यान्डको पुलिस टेरोसँग खेल्नेछ। त्यस्तै साउन २५ गते यू-२३ टोलीले थाइल्यान्डकै यू-२३ टोलीसँग खेल्ने एन्फाले जनाएको छ। यहीबाट यू-२३ नेपाली टोली इन्डोनेसियामा हुने एसियाली खेलकुदमा सहभागिता हुनेछ।


यू-२३ नेपाली टोलीको कप्तानी किरण चेम्जोङले गर्ने पनि एन्फाले जानकारी दिएको छ। माल्दिभ्समा खेलिरहेका किरण बुधबार मात्र नेपाल फर्केकाले टोलीसँगै थाइल्यान्ड जान पाएनन्। उनको भिसा लागेपछि केही दिनमै बैंकक जानेछन्। एसियाली खेलकुदमा फुटबलतर्फ सिनियरका ३ खेलाडी राख्न प्रावधान रहेअनुसार नेपाली यू-२३ टोलीमा किरणसँगै विशाल राई र भरत खवासलाई समावेश गरिएको छ। एसियाली खेलुकदमा नेपालको समूह 'डी' मा जापान, भियतनाम र पाकिस्तान रहेका छन्।

# एनओसीको टामुरासँग सम्झौता

काठमाडौं, (नेस)



नेपाल ओलम्पिक कमिटी (एनओसी), टामुरा सिटीको एथ्लेट सोसाइटी र टामुरा सिटीका मेयरबीच शुक्रबार त्रिपक्षीय सम्झौता भएको छ। टोकियामा हुने २०२० ओलम्पिक खेलकुदको तयारीमा भएको उक्त सम्झौतापत्रमा एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठ र टामुरा सिटीका उपमेयर नाओयुकी कावागोइशी तथा एथ्लेट सोसाइटीको महासचिव डा. सोको आओकीले हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार नेपाली खेलाडीलाई ओलम्पिक तयारीका लागि ३ वर्षसम्म टामुरा सिटीले प्रशिक्षणमा सहयोग गर्नेछ। त्यस्तै सम्झौतापत्रमा वार्षिक १ करोड लागत खर्च हुने पनि उल्लेख गरिएको छ।



# भिडाल बार्सिलोना जाने

लन्डन, (एजेन्सी)

स्पेनिस ला लिगा च्याम्पियन बार्सिलोनाले जर्मन क्लब बार्यन म्युनिखका खेलाडी आर्टुरो भिडाललाई अनुबन्ध गर्ने सम्भावना रहेको बताइएको छ।


बार्यनले भिडाललाई बेच्न चाहेको र बार्सिलोनाले उनलाई अनुबन्ध गर्ने निश्चितझैं रहेको स्पेनिस मिडियाले दाबी गरेका छन्। भिडालका प्रतिनिधिले नयाँ क्लब खोजिरहेको र बार्सिलोनासँग अनुबन्ध नजिक रहेको बताइएको हो।

बार्सिलोना र बार्यनबीच भिडालको स्थान्तरण मूल्यका बारेमा भने सहमति जुट्न अझै बाँकी नै रहेको बताइएको छ। तर बार्यनले उनको रिलिज क्लज २७ मिलियन पाउन्ड राखेको बताइएको छ। चिलीका भिडाल अलराउन्डर खेलाडी भएको र उनले इभान राकिटिच र सर्जियो बुस्क्वेट्ससँगको तालमेलमा जमेर खेल्न सक्ने आशा गरिएको छ।





काठमाडौंको मुटु भीमसेनस्थानस्थित (परोपकार भवन) लायकु कम्प्लेक्समा आफ्नो सटरहरु सुरक्षित गर्नुहोस्। दैनिक हजारौं मानिस ओहोरदोहोर गर्ने (न्युरोडबाट २५० मिटर पश्चिम) अत्यधिक सम्भावना रहेको कम्प्लेक्समा शोरुम, फेन्सी, होलसेल, रेडिमेड पसल, मार्ट, रेस्टुराँ आदिका लागि अति उपयुक्त ठाउँमा बुकिङ खुल्ला।




9841223416
9803668830
9818692737

व्यवसायको अधिकतम प्रतिफल प्राप्त गर्न लायकु कम्प्लेक्समा आफ्नो स्थान आजै सुरक्षित गर्नुहोस्।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ